# विपस्सना दीपनी



मूल लेखक:

**अग्ग महापण्डित लेडी सयाडो डी. लिट्**

नेपालभाषामा अनुवाद:

**भिक्षु अनिरुद्ध महास्थविर**

नेपालीमा अनुवाद:

**अष्टमुनि गुभाजु**

Downloaded from http://dhamma.digital

# विपस्सना दीपनी

मूल लेखक

अग्ग महापण्डित लेडी सयाडो डी. लिट्

बर्मी भाषाबाट नेपालभाषामा अनुवादक

भिक्षु अनिरुद्ध महास्थविर

नेपालीमा रूपान्तरकारक

अष्टमुनि गुभाजु

प्रकाशक

श्रीमती रेवती (मसिनु) वज्राचार्य र

सपरिवार

Downloaded from http://dhamma.digital

प्रकाशक - श्रीमती रेवती (मसिनु) वज्राचार्य र
सपरिवार

नेपालीमा प्रथम संस्करण- ७५० प्रति.

प्रकाशन मिति :- बु. सं. २५४६
ने. सं. ११२३

कम्प्युटर टाइपसेटिङ्ग :- अमनमुनि वज्राचार्य

मूल्य :- ने. रू. २५।-

मुद्रण :- रेबती प्रिन्टर्स, लगनटोल, काठमाडौं ।

Downloaded from http://dhamma.digital

# विषय-सूची


| विषय | पृष्ठ |
|---|---|
| - अग्गमहापण्डित डा.लेडी मयोडाको संक्षिप्त जीवनी | ग. |
| - प्रस्तावना | च. |
| - भूमिका | ट |
| - दुई शब्द | ध |
| - अनुवादकको कुरा | प |
| - प्रकाशकीय | व. |
| १. विपल्लास कथा :- | १ |
| २. मञ्ञना कथा :- | ८ |
| ३. अभिनिवेश कथा :- | १० |
| ४. भूमि कथा :- | ११ |
| ५. गति कथा :- | १३ |
| ६. सच्च कथा :- | २१ |
| ७. पच्चय कथा :- | ५६ |
| ८. अभिञ्ञा कथा :- | ६२ |
| ९. परिञ्ञा कथा :- | ६४ |
| १०. विपस्सना कार्य :- | ७५ |


Downloaded from http://dhamma.digital

# अग्ग महापण्डित पुज्य महास्थविर 'डा. लेडी सयाडो'को संक्षिप्त-जीवनी

( **The Manuals of Buddhism**बाट महेन्द्ररत्न शाक्य, 'परियत्ति सद्धम्मपालक'ज्यूले नेपालभाषामा अनुदित)

पूज्य डा. लेडी सयाडो 'अग्ग महापण्डित' यस युगका एक विशिष्ट बौद्ध विद्वान् हुनुहुन्थ्यो भन्ने कुरा धेरै देशका विद्वान्वर्गहरूलाई थाहा थियो । पश्चिमी देशवासीहरूले वहाँको प्रवचन, लेख इत्यादि सुन्ने, हेर्ने इच्छा आकांक्षा वृद्धि गरिरहेका छन् । वहाँले लेख्नुभएका पुस्तकहरू अंग्रजीभाषाबाट अनुवाद गरी 'The Light of Dhamma' भन्ने पत्रिकामा प्रकाशित भइसकेको छ ।

वहाँको वास्तविक नाम भिक्षु ञाण हो । पछि वहाँ लेडी सयाडो भन्ने नामबाट प्रख्यात हुनुभयो । वहाँ १२०८ बर्मी सम्वत् (1846 C.E.) मा मंसीरशुक्ल त्रयोदशी मंगलवारका दिन स्वेभो जिल्लामा दीपेयें नगरका साइँप्यै भन्ने गाउँमा जन्मनुभएको थियो । वहाँका पिता ऊ थ्वंता अनि आमा दो च्यौं हुनुहुन्थ्यो । वहाँ



Downloaded from http://dhamma.digital

युवास्थामै सलैं सयाडो (ऊ. पण्डिच्च) को आश्रममा श्रामणेर हुनुभयो । फेरि २० वर्षमा पुग्दा भिक्षु हुनुभयो । वहाँलाई विभिन्न गुरुहरूबाट वैराग्यसम्बन्धी शिक्षा प्राप्त भयो । पछि मण्डले भन्ने स्थानमा रहनुभएका सां च्याउँ सयाड़ो 'सुदस्सन धज अतुलाधिपति सिरिपवर महाधम्मराजधिराज गुरु'ले वहाँलाई बुद्धधर्ममा शिक्षित गरिबक्सनुभयो ।

वहाँ तीक्ष्ण बुद्धि भएका विद्यार्थी हुनुहुन्थ्यो । वहाँको विषयमा यसँरी पनि भनिराखेको छ कि - करीबँ दुइहजार (२०००) विद्यार्थीहरूले प्रत्येक दिन सां च्याउँ सयाडोको प्रवचन सुन्दा रहेछन् । एकदिन पुज्य सयाडो गुरुले पारमिताको विषय लिएर पालिभाषाबाट बीस (२०) वटा प्रश्न बनाउनुभयो । अनि सबै विद्यार्थीहरूलाई 'यसको उत्तर देऊ' भनेर सोध्नुभयो । तर भिक्षु ञाण एकजना बाहेक कोही पनि विद्यार्थीहरूले त्यसको सही उत्तर दिन सकिएन । वहाँले आफूले दिएको उत्तर सबै संकलन गरी राख्नुभयो । पछि त्यहीं सां च्याउँ विहारमै बसी अठारौं वर्षावास सिद्धिनासाथै आफ्नो पहिलो पुस्तक 'पारमी दीपनी' प्रकाशन गर्नुभयो ।

राजा तीभोको पालामा वहाँ मण्डलेका महाजोतिकाराम विहारमा पालि अध्यापक (Pali Lecturer) हुनुभयो । सन् १८८७मा बर्माका राजा तीभोलाई गिरफ्तार गरेको वर्षदिनपछि वहाँ उत्तरतर्फ मौंय्वा भन्ने स्थानमा जानुभयो । त्यहाँ वहाँले एउटा विहार स्थापना गर्नुभयो । जसलाई लेडी टाइ भनेर नामाकरण गर्नुभयो । वहाँले बर्मा देशबाट आउने धेरैजसो भिक्षु-विद्यार्थीहरूलाई बौद्ध शिक्षा प्रदान गर्नुभयो । सन् १८९७ मा वहाँले 'परमत्थ दीपनी' भन्ने पुस्तक पालिभाषामा लेख्नुभयो ।

पछि वहाँ बौद्ध धर्म प्रचारको लागि बर्मा देशका विभिन्न स्थानमा घुम्नुभयो । शहर-गाउँमा घुम्न जानुभएको बेला वहाँबाट



Downloaded from http://dhamma.digital

त्यहाँ धर्मदेशना गर्नुहुन्थ्यो । वहाँले ठाउँठाउँमा अभिधम्मको कक्षा, भावनाकेन्द्र स्थापना गर्नुभयो । अभिधम्म सङ्गाइ भन्ने अभिधर्मको कविता बनाएर अभिधर्म कक्षामा सिकाउनुभयो । कुनै कुनै मुख्य शहरमा वहाँ वर्षावास बस्नुहुँदा अभिधर्म र विनयको शिक्षा साधारण भिक्षुहरूलाई दिनुहुन्थ्यो । कुनै कुनै लेडी भावना केन्द्र बर्मामा अहिलेसम्म पनि प्रख्यात भैरहेको छ । वहाँको भ्रमणकालभित्र वहाँले बर्मी भाषाबाट निवन्ध, चिठि कविता र पुस्तक लेख्नुभयो । वहाँले १०० वटाभन्दा बढी पुस्तकहरू लेख्नुभयो । त्यस मध्ये आठवटा पुस्तक अंग्रेजीभाषाबाट अनुवाद भएर The Light of Dhamma पत्रिकामा प्रकाशित भैसकेको छ ।

वहाँलाई भारत सरकारले सन् १९११मा अग्गमहापण्डित भन्ने उपाधि प्रदान गरेको छ । पछि रगूनको विश्वविद्यालयबाट वहाँलाई डी. लिट् (Doctor of Literature) उपाधि प्रदान गरे । पछि वहाँ प्यमना भन्ने स्थानमा जानुभयो जहाँ कि वहाँ सन् १९२३मा ७७ वर्षको वृद्धावस्थामा परलोक हुनुभयो ।



Downloaded from http://dhamma.digital

# प्रस्तावना

मनुष्य जन्म अत्यन्त दुर्लभ । त्यसैले मनुष्य जीवन सार्थकता सम्पादन गर्ने प्रत्येक मनुष्यको कर्तव्य हो । चित्त पवित्र र उन्नति वृद्धि गर्ने अनि निर्वाण उन्मुख त्याग-प्रवृत्ति मनमा नभएका, भोगविलाशमा मात्रै डुबिरहेका व्यक्तिहरूको भोग, ऐश्वर्य, यश कीर्ति आदि विविध लौकिक सुख प्राप्त गर्नु मात्रै मनुष्य जीवनको सार्थकता हो भनेर सम्झिरहन्छन् । तर मोक्षाभिलाषीहरूले भन्छन्- मनुष्य जीवनको सार्थकता भोगविलाशमा हैन । यदि त्यसो भएको भए राजपुत्र सिद्धार्थले किन महान सुख ऐश्वर्यलाई त्याग गर्नुभयो होला ?

मानवको परिचय दिने भए - ज्ञानान्वेषण गर्नुपर्दछ । लौकिक र लोकुत्तर सुखको अधिकारी हुन परमार्थज्ञान जान्नुपर्दछ । दान शील भावना पुण्यमय कुशलकर्ममा लाग्नुपर्दछ । तर भावनामय कुशल विना: परमार्थज्ञान उपलब्ध हुन्छ भन्ने सम्भव छैन ।

बुद्धधर्ममा दुई किसिमका भावना छन् । समथ भावना र विपस्सना भावना । विसुद्धिमार्गमा समथ र विपस्सना भावनाबारे विस्तृत व्याख्या गरिराखेको छ । तैपनि आधुनिक युगका व्यक्तिहरूको लागि उपयोग हुने किसिमले विपस्सनाबारे प्रस्तुत ग्रन्थमा ग्रन्थकारले बत्ति बालेर देखाइदिने जतिकै स्पष्ट रूपमा



Downloaded from http://dhamma.digital

देखाइदिनुभएको छ। त्यसैले यस पुस्तकको नाम "विपस्सना दीपनी" हुन गएको हो।

यस पुस्तकका मूल लेखक भदन्त ञाण महास्थविर हुनुहुन्थ्यो। वहाँ बौद्ध जगत्मा लेडी सयाडो नामबाट बढी परिचित हुनुहुन्छ। वहाँ आधुनिक युगका एक प्रकाण्ड विद्वान् हुनुहुन्छ। बर्मा देशमा ब्रिटिश राज्य भैरहेको बेला वहाँलाई नै सर्वप्रथम अग्गमहापण्डित उपाधि प्रदान गरियो। पछि फेरि वहाँलाई डी. लीट्. उपाधि प्रदान गरे। बुद्धधर्ममा विभिन्न विषयमा पालि र बर्मी ठूला र साना ५०० वटा ग्रन्थ लेख्नुभएको थियो। त्यस मध्ये दीपनी पुस्तक मात्र सयभन्दा बढी छन्। वहाँका दीपनी पुस्तकबाट भावना गर्नेहरूलाई ठूलो सहयोग भए जस्तै सबैले यी पुस्तकहरू रुचाएका पनि रहेछन्। वहाँले लेख्नुभएका ग्रन्थहरूमध्ये धेरै ग्रन्थहरू अंग्रेजी भाषामा अनुवाद भैसकेको छ। धेरै भाषामा पत्र-पत्रिकाहरूमा पनि वहाँका रचनाहरू प्रकाशित भैसकेको छ। बर्मा देशमा वहाँको विहारमा वहाँले लेख्नुभएका सबै ग्रन्थहरू शिलालेखबद्द गरी रक्षा गरिराखेको छ। वहाँ ग्रन्थकारक मात्र नभई धर्मदेशक पनि हुनुहुन्थ्यो। वहाँले बर्मामा धेरै ठाउँमा धर्मदेशना गर्नुभयो। वहाँ ध्यानभावना गर्ने एकजना साधक पनि हुनुहुन्थ्यो।

आजभोलीको बेलाबखतका लागि सुहाउँदो किसिमले पुज्य अनिरुद्ध महास्थविरले लेडी सयादोद्वारा लिखित् "विपस्सना दीपनी" पुस्तक धेरै वर्ष अगाडिदेखि अनुवाद गरिराख्नुभएको हो। प्रकाशित नभएर त्यसै परिराखेको थियो। बिरति अनगारिकाले दिवंगत भैसक्नुभएकी आफ्नी आमा अनगारिका विमोक्खाको नामबाट गम्भीर पुस्तक एउटा प्रकाशन गर्न पाए हुन्थ्यो भनी मनमा राखिरहेकै बेला नानीमैयाँ मानन्धरले पुज्य अनिरुद्ध भन्तेले अनुवाद गरिराख्नुभएको "विपस्सना दीपनी" प्रकाशित गर्नुभए हुन्थ्यो भनी सुझाव दिनुभयो। अनगारिका बिरतिले अनिरुद्ध भन्ते समक्ष प्रस्ताव राख्नुभयो। भन्तेले सहर्ष स्वीकार गर्नु हुँदै मलाई शुद्धाशुद्धिको लागि कापी जिम्मा दिनुभयो र मैले पनि अलि अलि गरी वर्षदिन जति नै समय लिई



Downloaded from http://dhamma.digital

शुद्धि गरिसकेपछि लगनखेलकी सुश्री कुसुम वैद्यलाई पाण्डुलिपी साफी गर्न दिएँ । बोधिवज्र वज्राचार्य एम्. ए. लाई पनि शुद्ध गर्न दिएँ । वहाँले अंग्रजी "विपस्सना दीपनी" हेरेर राम्ररी शुद्धि गरिदिनुभयो । वहाँले नै यो पुस्तक एकचोटी सुदर्शन भन्तेलाई शुद्ध गर्न दिनुभए बेश हुने सुझाव दिनुभयो र आयुष्मान् सुदर्शनबाट शुद्ध गरी दिनुभएको कारणले सुनमाथि सुगन्ध झैं हुन गयो । पाण्डुलिपी तयार भैसकेपछि अनिरुद्ध भन्तेलाई लुम्बिनीमा चिट्ठी पठाएँ- वहाँको 'संक्षिप्त परिचय एउटा पठाइदिनुहोस्' भनी । किन भने त्यतिखेर वहाँ लुम्बिनीमा बसिरहनुभएको थियो र वहाँले प्रस्तावनासहित पुस्तक प्रकाश गर्ने अभिभारा मलाई सुम्पिराख्नुभएको थियो । वहाँ अनिरुद्ध भन्तेले अमूल्य ग्रन्थ बर्मीभाषाबाट नेपालभाषामा अनुवाद गर्नुभयो । यसबाट वर्मीभाषा नजान्ने नेपालीहरूलाई धेरै नै उपकार हुने मनमा लाग्यो । त्यसैले वहाँको संक्षिप्त परिचय प्रस्तावनासँगै राख्ने मनमा राखें । वहाँको संक्षिप्त परिचय यस प्रकार छ :-

वहाँको जन्म इ.सं. डिसेम्बर १९१५मा काठमाडौंमा भएको थियो । वहाँको गृहस्थी नाम गजरत्न । बुबाको नाम दशरत्न (स्व. धम्मालोक भन्ते) बाजेको नाम केशसुन्दर । आमापट्टिको बज्यैको नाम बेतिलक्ष्मी, बाजे हखपति साहु, तुंछें रक्तकाली हुन् । वहाँ इ.सं. १९३०मा श्रीलंकामा श्रामणेर हुनुभएको थियो । इ.सं. १९३६मा बर्माको कल्याणी सीमामा वहाँ अनिरुद्ध भन्ते उपसम्पदा हुनुभयो । ११ वर्षसम्म बर्मामा बसेर वहाँले बुद्धधर्म अध्ययन गर्नुभयो । वहाँले अनुवाद गर्नुभएका पुस्तक सूची प्रस्तुत पुस्तकको अन्तिम पृष्ठमा प्रकाशित भएको छ ।

वि. सं. १९९७ सालमा म कुशिनगरमा चन्द्रमणि महास्थविरकहाँ प्रव्रजित भई बर्मा गएँ । त्यसबखत वहाँ अनिरुद्ध महास्थविर मोल्मेन नगरमा टाउँ पाउँ च्याउँ विहारमा अग्ग महापण्डित ऊ. चक्कपाल महास्थविरकहाँ बसी विद्याध्ययन गरिरहनुभएको थियो । अनिरुद्ध भन्ते त्यहाँ रहनुभएकाले मलाई धेरै भरोसा मिल्यो । मैले पहिलोपल्ट पालीभाषा वहाँसँगै सिकेको थिएँ ।



Downloaded from http://dhamma.digital

त्यसैले मलाई पहिलोपल्ट पालिभाषा सिकाउनुहुने गुरु हुनुहुन्थ्यो वहाँ।

द्वितीय विश्वयुद्धपछि बर्मामा विपस्सना ध्यानको प्रचार धेरै भयो। विश्वयुद्ध अघि बर्मामा विपश्यना ध्यान गर्नेहरू नभएका हैनन्। तर पनि त्यतिखेर अहिले जस्तो प्रचार भएको थिएन। विज्ञानले भौतिक सुख सुविधा अत्यधिक बढाइदिए तापनि सुखको साथसाथै दुःखको पनि बढी अनुभव गर्नुपर्ने कुरा महसूस भएकाहरू पनि पाइयो। यही नै निमित्त लिएर बर्मा देशमा ध्यानभावना गर्ने केन्द्र धेरै ठाउँमा खुल्यो। केवल बर्मामा मात्र हैन, बेलायत, अमेरिका, स्वीट्जरल्याण्ड आदि देशमा पनि विपस्सना भावनाको निकै चाहना भैरहेको छ। बर्मा देशका भावना सिकाउने गुरु समेतै आफ्नो देशमा निमन्त्रणा गरी ध्यानभावना सिक्ने गरिराखेको छ। भारतमा पनि सत्यनारायण गोयन्का तथा मुनिन्द्र बरुवाहरूबाट धेरै प्रचार भैराखेको सुनिन्छ।

नेपालमा पनि भन्तेहरूको तर्फबाट पहिले केही केही भावना सिक्ने सिकाउने गरेको नभएका हैनन्। अब आएर कोही कोही भारत गएर सत्यनारायण गोयन्काको भावना शिविरमा बसेर विपस्सना भावना सिकेर नेपाल आई आफूले पनि भावना गरी अरूलाई पनि सिकाउने गरिरहेकाहरू पनि पाइयो। हालसालैमा पनि बर्माका दो पञ्ञाचारी सासनधज सिरिपवर धम्माचरिय दो सुखकारी दुईजना अनगारिकाहरू नेपालमा आउनुभई त्यस मध्येका दो पञ्ञाचारीले धेरैलाई विपस्सना भावना सिकाउनुभयो। नेपाल देशमा पनि विपस्सना भावना बिजुली चम्के जस्तै चम्किँदै आइराखेको छ। त्यसैले पुज्य अनिरुद्ध महास्थविरबाट अनुवाद गर्नुभएको "विपस्सना दीपनी" पुस्तक समय सापेक्ष अत्यन्त उपयोगी भएको कुरा मेरो मानसपटलमा लागिरहेको छ।

अनगारिका बिरतिले अत्यन्त श्रद्धापूर्वक अनन्त गुणले युक्त आफ्नी श्रद्धेयी आमा दिवंगत अनगारिका विमोक्खाको निर्वाण कामना गर्दै यस पुस्तक नेपालभाषामा प्रकाशित गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital

आज आएर, बाइस वर्षपछि पुज्य संघनायक भिक्षु अनिरुद्ध भन्तेको सुवचनमा अष्टमुनि गुभाजुबाट नेपाली भाषामा रूपान्तरण गरी विपस्सना दीपनी प्रकाशित हुन लागेको कुरा सुन्दा हर्ष लागेको छ । पुस्तकको आर्थिक भार वहन गर्नुभई आफ्ना दिवंगत छोराहरू **नीलमुनि वज्राचार्य** र **दिव्यमुनि वज्राचार्य**को सुगति कामना गर्दै प्रकाशित गर्नुहुने दाता श्रीमती रेवती (मसिनु) वज्राचार्य र वहाँका सपरिवारलाई मंगल कामना गर्दछु । साथै दिवंगत **नीलमुनि वज्राचार्य** र **दिव्यमुनि वज्राचार्य**लाई सद्गति प्राप्त भई निर्वाण सम्पत्ति लाभ होस् भनी कामना गर्दछु तथा अनुवाद गर्ने व्यक्ति एवं पुस्तकसँग संबद्ध सबै धन्यवादको पात्र हुनुभएको छ । अस्तु !

**भिक्षु बुद्धघोष महास्थविर**
सुमंगलविहार, लुँखुसि,
ललितपुर ।

१ वैशाख २०३६ बाट
२०५९ गुरुपूर्णिमा ।



Downloaded from http://dhamma.digital

# भूमिका

"विपस्सना दीपनी" भूमिका लेख्छु भनी मनमा राख्नासाथै समस्याको रूपमा दुइवटा कुरा उभिन आयो । विषयवस्तुलाई विश्लेषण गरौं भने भूमिका नै पुस्तक जस्तै हुन्छ । पुस्तकको विषयवस्तुलाई संक्षिप्तमा प्रस्तुत गरौं भने भूमिका स्वयम् नै एउटा "रहस्य तत्त्व" जस्तो मात्र हुन्छ । किनभने यो पुस्तक नै यस्तो, दर्शनको सूत्र-सूची, बौद्ध मनोविज्ञानको सार-दर्पण, परमार्थ प्रज्ञाको सार संग्रह ।

यस पुस्तकमा विपल्लास कथा, मञ्जना कथा, अभिनिवेश कथा, भूमि कथा, गति कथा, सच्च कथा, पच्चय कथा, अभिञ्ञा कथा, परिञ्ञा कथा, भनेर राखिए तापनि यसमा कहिँ पात्र-सहितको कथा छैन । घटनाक्रमले मनमा अल्झाउने, हरर्र हरर्र हँसाउने, आरोह अवरोहमा लाने, हँसाउने र रुवाउने कथा यसमा छैन । वास्तवमा यसको "कथा" कहानी रच्ने तत्त्वको, हेतु-प्रत्ययको, लोक-परलोक र निर्वाणको कथा हो ।

त्यसैले यस पुस्तकको कुरा पढ्न साधारण ज्ञानले पुग्दैन । परमार्थको कुरा राम्रोसँग बुझ्ने जिज्ञासा राखेर नहडबडाइकन



Downloaded from http://dhamma.digital

वस्तारै पढेको खण्डमा मात्र यस पुस्तकलाई बुझिनेछ । अलिकति कुरा नबुझे जस्तो भयो भने यो कुरा कहाँबाट कुन क्रमबाट आएको हो भनी फेरि माथिदेखि दोहोऱ्याएर हेर्नुपर्दछ । हेरिसकेको कुराको मर्म मनमा राख्दै जानुपर्दछ । बुद्धधर्मको "विशेष शब्द"को भावबोध छुटियो भने यो पुस्तक पढ्ने बेलामा स्वर व्यञ्जन र संयुक्ताक्षर मात्र पढ्न जान्ने बच्चाले संस्कृत गाथा पढ्दाखेरि जस्तै कुरा नबुझिने हुन जान सकिन्छ ।

हो कि जस्तो लागेर पनि हैन जस्तो, साँच्चैको जस्तो लागे पनि झूठो सपना जस्तो भएर पनि साँच्चैको जस्तै अगाडि प्रस्तुत हुन आउने सञ्ञा विपल्लास, चित्त विपल्लास र दिट्ठि विपल्लास कथा कथा हैन, साँच्चै भित्रैदेखि विचार गर्नुपर्ने कुरा हो । यसलाई साँढे वा गाईले पुत्लालाई साँच्चैको भनेर पत्यार गर्ने, चटकीले चाँडीको, सुनको ढिक्का बनाउने, राक्षस राक्षसीले अप्सरा भएर आई मायाको राम्रो दरबार र बगैंचामा लगेर मासु काटेर रगत चुस्ने उपमाले असाध्यै राम्रोसँग स्पष्ट गरिराखेको छ । लेखकले मनै छुने गरी हाम्रो अज्ञानताको दशा दर्शाएर भन्नुभएको छ, "मिथ्यापूर्वक सोचिसकेपछि तथ्य सत्य कुरा बुझ्न अत्यन्तै गाह्रो हुनसक्छ । "

सत्य पनि असत्य देखिनु, अनि अनित्य नदेखेर ममत्वले पिल्सिरहनु वा ममत्वको वशमा परिरहने 'तण्हामञ्ञना', धनबल र जनबलमा मस्त हुने 'मानमञ्ञना' र चार महाभूत स्वभाव धर्म नदेखेर संज्ञान भ्रम भैरहने 'दिट्ठिमञ्ञना'को कुरा नै यस पुस्तकको दोस्रो कथा हो । अनि यस्ता मञ्ञनामा खम्बाजस्तै डेग नचलिकन समातिनु, जन्मजन्मान्तर समाइरहनु, पिल्सिरहनु, दृष्टिदोषमा आफू आंशिक अन्धो भइरहने कुरा 'अभिनिवेश कथा'मा बताइराखेको छ । अनि फेरि, यस्तो "विपल्लास" "मञ्ञना" र "अभिनिवेश" बुझ्ने र यस्ताबाट मुक्त हुने कुराको विवेचना "भूमि कथा"मा भएको छ ।

पाँचौं कथा "गति कथा" हो । भवसंसारमा पृथगजनहरू कति कसरी घुमिरहन्छन्, देवत्वबाट प्रेत निरयमा पतन हुनु, ब्रह्माहरू पनि मनुष्यत्वमा अल्झिएर के कति हुनसक्छ भन्ने वर्णन



Downloaded from http://dhamma.digital

साह्रै विचारणीय छ । अनि यस्तो संसारमा मनुष्य जीवन पाउनु कतिको कठीन छ भन्ने कुरा 'नखसिख' र "काणकच्छपसूत्र"मा

बताइराखेको राम्रो छ । महापृथ्वीको धूलोको सामु नङ्मा रहेको एक थोपा धूलो अति अल्प भए जस्तै अथाह संसारको असंख्य असंख्य प्राणीहरूको तुलनामा मान्छेहरू अल्पातिअल्प मात्र नै हुन् । अन्धो कछुवा महासागरमा पौडिरहन्छन् । सागरको अनन्त प्रवाहमा परेको प्वाल भएको हलो जोत्ने मुढा एउटा बगाएर ल्याइराखेको हुन्छ । उक्त मुढोको प्वालबाट त्यस महासागरमा रहेका अन्धो कछुवाको टाउको निस्किनु संयोग हो, त्योभन्दा पनि मनुष्य जीवन पाउनु हजार गुणा कठीन संयोग हो । यो उपमाभन्दा पछि, तल पृथग्जनको गतिको कुरा राम्रोसँग बुझाइराखेको छ । अनि यस्ता संसारमा अपायबाट मुक्त गति अभिनिपात गति अर्थात् आर्यगति पाउनु भनेको नै साँच्चैको महान् कुरो रहेछ भनी हाम्रो मनमा लाग्नेगरी 'आर्यगति'को कुरा पुस्तकमा लेखिराखेको छ ।

'सच्चकथा'मा संवृत्तिसत्यको कुरा माटोको भाँडाकुँडाको उपमा दिई बुझाइराखेको छ । माटो मुछेर, पानी राखी अनेक आकारप्रकार बनाइसकेपछि विभिन्न नामको भाँडाकुँडा बन्दछ । तर परमार्थले ती जम्मै धातुस्वभाव हुन् । यही प्रसंगमा आएको रूपधर्मको २८ वटा र नामधर्म ५४ वटा प्रकार भेदको वर्णन साह्रै नै संक्षिप्त भएर पनि स्पष्ट छ । 'आकाशधातु'को कुरा बुझाउनको लागि बालुवाको राशमा, बालुवाको बीचमा रिक्त स्थान देखाइराखेको राम्रो छ । तर वास्तवमा उक्त रिक्त स्थान भनेको ठाउँमा पनि आकाशधातु रहन्छ । अझ भनौं भने दुइवाको थिक्कामा बालुवाको कणको सम्मिकरण बुझेको खण्डमा पनि "धातुभेद"को कुरा स्पष्ट हुँदैनन् ।

५४ नामधर्ममा चित्त - १, चेतसिक-५२ र निर्वाण-१को वर्णन आइराखेको छ । बरु चित्तलाई 'आरम्मणमा चिन्तना गर्ने,



Downloaded from http://dhamma.digital

ग्रहण गरेर थाहापाउने (जान्नु) अवस्था' भन्दैमा बुझिने हुँदैनन् । 'त्यसरी नै चित्तबाट उत्पन्न भएको नाम-क्रियाकलापको' अर्थमा मात्र "चेतसिक धम्म" बुझ्न सजिलो छैन । यसको निम्ति पनि केही उदाहरण भयो भने अझ स्पष्ट हुने थियो । हुन त 'चित्त, चेतसिक र पकिण्णक'को व्याख्या भन्नासाथ अभिधर्म नै अगाडि राख्नुपर्ने अवस्था नभएको पनि हैन । तर पनि 'मिस्सक-१३, अपाय जाति-१४ र कल्याण जाति-२५ गरी जम्मा ५२ वटा चेतसिकको विवेचना नआत्तिइकन पढ्दै गएकी खण्डमा चेतसिकलाई पनि केही केही बुझ्न सकिन्छ । राम्रोसँग बुझ्नलाई त यति पृष्ठमा उल्लेख गर्न न सम्भवै छ, न व्याख्या र उपमा नै सम्भव छ । राम्रोसँग बुझ्नलाई कमसे कम "अभिधर्म नवनीत टीका" नै हेर्नुपर्छ ।

'निर्वाण'लाई तीनवटा स्तरबाट उल्लेख गरिराखेको सरल छ । प्रथमतः अपाय दुर्गतिबाट मुक्त, त्यसपछि कामभवबाट मुक्त, सबभन्दा पछि रूप अरूप भवबाट मुक्त भएको उल्लेख साह्रै सारपूर्ण छ ।

यसरी मुक्त हुनलाई 'पच्चय' प्रत्ययधर्म नबुझी हुन्न । त्यसैले लेखकले ठीक किसिमले "पच्चय कथा" उल्लेख गरी क्रम गाँसिराखेको छ । रूख बढ्नुमा जुन प्रत्यय छ त्यो कुरा उल्लेख गरी पूर्वकर्म हेतु, आधारभूत वस्तु रूप हेतु, आरम्मण हेतुको विवेचना गरिराखेको मार्मिक छ । चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मनको आरम्मण हुनलाई कुन कुन हेतु चाहिन्छ देखाइराखेको छ । त्यसैले नै बौद्धदर्शन हेतुवाद भएको र त्यसैले नै बुद्ध-धर्ममा अविनाशी अमर अदृश ईश तत्त्व नभएको कुरा पनि 'पच्चय कथा' बुझेपछि स्पष्ट हुन्छ ।

"प्रत्यय" ज्ञान हुनासाथै 'अभिञ्ञा' अर्थात् 'अभिज्ञा'को निम्ति बाटो खुल्नेछ । लेखकले 'अभिञ्ञा'लाई पनि "समथ अभिञ्ञा"



Downloaded from http://dhamma.digital

र "धर्म अभिञ्ञा"मा वर्गीकरण गरी वर्णन गरिराखेको छ । ह्मग्रो निम्ति एउटा गुप्त कुरो थाहा पाउनासाथ अथवा भविष्यवाणी एउटा ठिक मिल्नासाथै ठूलो हुन्छौं । यस्तो अभिनय केही मात्रामा सफल हुनासाथ आजभोली 'भगवान्' वा 'देउता' 'देवी' भएर दक्षिणा थाप्न, सुनको धारा, चाँडीको धारा बगाउन पुग्छ । बुद्धको उपदेशअनुसार यावत् ऋद्धिविध, धेरै टाढा घटित कुरा बुझ्न दिव्यश्रोत, पूर्वजन्मको कुरा जान्नु (थाहा पाउनु) पूर्वेनिवास, अरुको चित्तको कुरा थाहा पाउनु चेतोपरिय, कर्मअनुसार भवमा परेकाहरूलाई देख्नु यथाकर्मोपग ज्ञान पनि "समथ अभिञ्ञा" भित्र पर्दछ । धर्म अभिज्ञा हुनलाई यतिले पनि पुग्दैनन् । श्रुतमय ज्ञान, चिन्तामय ज्ञान र भावनामय ज्ञानलाई अनुबोध र प्रतिबोध किसिमले बुझ्नुपर्दछ । अनित्य, दुःख र अनात्म देख्नु विपस्सना अनुबोध हो भने, दृष्टि विचिकित्सा छोडी क्लेशलाई जरैदेखि उखेलिदिनु प्रतिबोध ज्ञान हो । विद्वान् लेखकले यस कुरालाई राम्रोसँग क्रमवद्ध रूपमा राखिएको छ ।

'परिञ्ञा कथा'मा ञात, तीरण र परिञ्ञा अनुरूप तीन किसिमको गरी देखाइराखेको छ । ञात परिञ्ञा २८ वटा रूप मध्ये चार महाभूतलाई स्पष्ट रूपमा जान्नुछ भने, अनित्य, दुःख र अनात्मलाई देख्नु तीरण परिञ्ञा हो । अझ मर्नु पनि एकदिन मर्नुपर्छ भनी सम्झनुलाई सम्मुति मरण भनिन्छ भने रूपधातु र नामधातु क्षणभरमै हजारौं हजारपटक विनाश हुने कुरा थाहा पाउनु नै यथार्थ मरणलाई जान्नु हो । पहाण परिञ्ञा कर्मजरूप सन्तति, चित्तजरूप सन्तति, ऋतुजरूप सन्तति (अर्थात् पंखा हम्काइरहने बेलामा एकचोटी हम्काएर फेरि हम्काउने बेलामा अर्को, अरू हुने प्रवाह देख्नु), आहारजरूप सन्ततिअनुसार विश्लेषण गरी संक्षिप्तमा देखाइराखेको छ । उत्पत्ति, स्थिति र भंगको प्रवाह एक एक पाइलामा छ अनि (पाइला) कदमसँगै शरीरमा पनि उत्पन्न, अवस्थिति र अन्तको निरन्तर प्रवाहशीलता अगाडी बढ्दै गैरहेको छ । त्यसैले 'म'



Downloaded from http://dhamma.digital

'मेरो' र 'स्थित' वा 'अक्षय' दर्शन छोडेर अनित्य, दुःख र अनात्म देख्नुपर्दछ । अनात्मको अर्थ विपरिणाम हो । विपरिणामलाई साधारण किसिमले पहिलेको जस्तो नभैकन विपरीत भएर जाने अनि अन्यथाभाव सिङ र पुच्छर आकारप्रकार नमिल्ने गरी फरक फरक भएर जाने हुन् । आगोको मुस्लोमा स्थिरता देख्नु-हुन्न । नयाँ नयाँ ज्वालाको निरन्तर उत्पत्ति अनि पूर्वाणु ज्वालाको निरन्तर लय नै यसको स्थिरता जस्तै देखिने हुन् । विद्वान् लेखकले उत्पत्ति क्रियालाई 'आचय' 'रूप' भनेर भ्रम हुने कुरा राम्रोसँग उल्लेख गर्नुभएको छ । वास्तवमा आगो रूप होइन । उत्पत्तिसँगै विनाश उपचय हो । एक पछि अर्को उत्पन्न भई जुन स्थिर जस्तो देखियो त्यो सन्तति उपचय मात्र हो । यो ह्रास हुँदै गएको देख्दा भने जरतारूप लय हुन्छ । चल्बलाइरहेको, सल्बलाइरहेको परमाणु संठान देख्नु सजिलो कुरा होइन ।

दुःख पनि दुःख दुक्खता, संखार दुक्खता र विपरिणाम दुक्खता बुझेपछि क्लेश जाति, कर्म जाति र विपाक जातिको बारेमा बुझिनेछ । अनिच्चानुपस्सना र अनत्तानुपस्सनाको आधारमा अनात्मज्ञान बलियो हुन्छ । अनि मात्रै "पहाण परिञ्ञा" अर्थात् तदंग पहानदेखि निस्सरण पहानतकको बोध, धारण र परिपालन हुन सकिन्छ ।

धर्मकथा वा वर्णन मात्र पढिरहेका पाठकहरूले यो पुस्तक पढ्नासाथ नबुझ्न सकिन्छ । तर फेरि फेरि माथिदेखि तलसम्मै पढ्दै लगेको खण्डमा कुराको हरफ मिलेजस्तो भई बुझ्दै बुझ्दै आउँछ । दर्शन, मनोविज्ञान र परमार्थको कुरा यसरी हरफ मिल्ने गरी विद्वान् लेखकले लेखिराख्नुभएको छ, मानौं त्यो एउटा फुलको बोट नै हो ।

यस्ता पुस्तक अनुवाद गर्ने कार्य पनि सजिलो छैन । विशिष्ठ अर्थ, भाव र रसको शब्द पालि नै भैराखेको पनि मलाई



Downloaded from http://dhamma.digital

ठीकै लाग्छ । किनभने बलात् संस्कृत-शब्दमा परिवर्तन गर्दा शब्दको व्युत्पत्ति, धातु र सांस्कृतिक सौरभयुक्त मान्यतामा ठीक महुन जान सक्छ ।

पुस्तकको लेखक बर्माको अग्ग महापण्डित लेडी सयाडो महास्थविर डी. लिट् हुनुहुन्थ्यो । वहाँ ध्यान भावना विषयमा बर्मामा मात्र हैन अन्तराष्ट्रिय जगतमा समेत ख्यातिप्राप्त विद्वान्, प्रवक्ता, लेखक र भावनाचार्य हुनुहुन्थ्यो । त्यसैले वहाँको पुस्तक यसरी नेपालभाषामा र नेपालीमा समेत पनि उपलब्ध हुनु सबैको निम्ति हर्षको कुरा हो ।

यस पुस्तकको नेपालभाषाको अनुवादक लुम्बिनीस्थित (तत्कालिन) विहारमा र हाल आनन्दकुटीविहार स्वयम्भूमा बस्नुहुने पुज्य संघनायक भिक्षु अनिरुद्ध महास्थविर हुनुहुन्छ । वहाँले 'धर्मचक्र सूत्र', 'लोकनीति' 'अम्बट्ट सूत्र'को पालिबाट नेपालभाषामा अनुवाद गर्नुभयो । "बुद्ध-भक्ति शतक" संस्कृतबाट नेपालभाषामा अनुवाद गर्नुभयो । 'महोषध महाजातक' बर्मीबाट नेपालभाषामा अनुवाद गर्नुभयो । यसरी वहाँले पाली, संस्कृत, हिन्दी र बर्मी भाषाबाट अनुवाद गर्नुभई नेपालभाषा साहित्यको र धर्मको भण्डार भरिपूर्ण गर्नुभई नेपालभाषा साहित्यको र धर्मको भण्डार भरिपूर्ण गर्नुभए जस्तै "विपस्सना दीपनी" पनि बर्मीभाषाबाट अनुवाद गर्नुभएको रहेछ । अनि अंग्रेजी अनुवादसँग एकपटक तुलना गरेर पनि हेरिराख्नुभएको रहेछ । यस कुराले अनुवादक पुज्य भन्तेको जुन विशेषता देखिएको छ, त्यति नै विषयवस्तु अनुसार परमार्थ बारेको भएर यो पुस्तकको महत्ता दर्शाइराखेको छ । त्यसैले विज्ञ पाठकहरूले विशेषतः परमार्थ प्रेमी पाठकहरूले यसलाई हार्दिक स्वागत गर्नेछन् भनी मलाई अन्तस्करणदेखिको आशा र विश्वास लागेको छ ।

विपस्सना दीपनी पुज्य संघनायक भन्तेको आज्ञानुसार नेपालीभाषामा अनुवाद भई प्रकाशित भैरहेको छ । यसबाट नेपाली



Downloaded from http://dhamma.digital

भाषाभाषी र अरु जनजातीय वौद्धहरूलाई यस अनुवादवाट विपस्सना जस्तो परमार्थ प्रज्ञा बुझ्नलाई ठूलो धर्मसहयोग हुनेछ भन्ने कुरा घाम जस्तै छर्लङ्ग छ । प्रकाशक कामनार्थ यस्ता गहन बौद्ध पुस्तक प्रकाशनार्थ चाहिने सम्पूर्ण आर्थिक भार बहन गर्नुभई पुण्य कार्य गर्नुभएको छ । यस कार्यबाट श्रीमती रेवती वज्राचार्य र वहाँका परिवारलाई ठूलो पुण्य लाभ भएको छ । साथै यो पुण्य कार्यवाट धर्मप्रेमी सबैलाई अनुकरणीय उदाहरण पनि भइदिएको छ ।

नगरमण्डप श्रीकीर्ति विहार,
कीर्तिपुर ।

**–प्रा. भिक्षु सुदर्शन महास्थविर**

Downloaded from http://dhamma.digital

# दुई शब्द

म बर्मादेशको मौलमिन नगरमा बसी अध्ययन गरिरहेको बेलामा पूज्यपाद महास्थविर अग्गमहापण्डित लेडी सयोडोद्वारा रचित धेरै दीपनी पुस्तकहरू हेरें । त्यस मध्ये मलाई घटलागेको पुस्तक "विपस्सना दीपनी" हो । त्यसैले यस पुस्तकलाई आफ्नो मातृभाषामा अनुवाद गरें । त्यसरी अनुवाद गरिराखेको पनि लगभग २० वर्ष जति भयो होला । तथापि प्रकाशक र संशोधकको अभावमा त्यसै परिरहको थियो । अग्गमहापण्डित लेडी सयोडा केवल विद्वताको कारणले मात्रै बर्मा देशमा प्रसिद्ध हुनुभएको थिएन । वहाँ एकजना अत्यन्त सुप्रसिद्ध योगी महापुरुष पनि हुनुहुन्थ्यो । वहाँले आफ्नो योग अभ्यास अनुसार पुस्तकहरू रचना गर्नुहुन्थ्यो । त्यसै कारणले मैले यो पुस्तक बर्मी भाषाबाट आफ्नो मातृभाषामा अनुवाद गर्ने प्रयास गरेको थिएँ ।

मैले नेपालभाषाबाट लेखिराखेको पाण्डुलिपिलाई पहिले आयुष्मान् ञाणपुण्णिक अनि आयुष्मान बुद्धघोष र आयुष्मान सुदर्शनले भाषा संशोधन गरी अनगारिका चिनी (उप्पलवण्णा) र सुश्री कुसुम वैद्यले साफि गरिदिनुभएको र बोधिवज्र वज्राचार्य एम्. ए. ज्यूले अंग्रेजी पुस्तक हेरी मिलाइदिनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यस पुस्तकका मूल लेखक अग्गमहापण्डित लेडी सयाडो महास्थविर डी. लिट्को संक्षिप्त जीवनी अंग्रेजी पुस्तक हेरी उपासक महेन्द्ररत्न (परियत्ति सद्धम्मपालक) ज्यूले अनुवाद गरी विषयसूची समेत बनाईदिनुभएको थियो ।

अनगारिका बिर्रातिबाट आफ्नी दिवंगता आमा विमोक्खा अनगारिकाको पुण्यस्मृतिमा प्रकाशित गरिदिनुभएको यस पुस्तक हाल बजारमा अप्राप्य भैसकेको र विपश्यी साधकहरूको लागि उपयोगी हुने यस पुस्तकलाई नेपालीमा रूपान्तर गरी प्रकाशित गर्नुपर्‍यो भन्ने माग भए बमोजिम बुद्धधर्मप्रति श्रद्धा राख्ने श्रद्धालु श्रीमती रेवती (मसिनु) वज्राचार्यले आफ्ना दिवंगत छोराहरू नीलमुनि र दिव्यमुनिको सुगति कामना गरी प्रकाशित गर्ने अभिभारा बोक्नुभएको कारणले अष्टमुनि वज्राचार्यलाई नेपालीमा अनुवाद गर्न लगाएको थिएँ । यसमा वहाँको सुपुत्र अमनमुनि वज्राचार्यले निःशुल्क कम्प्युटर टाइप गरी पुस्तक प्रकाशन कार्यमा सहयोग गर्नुभयो ।

यसप्रकार सबैको सहयोगबाट पहिले नेपालभाषामा र पछि नेपालीमा प्रकाशित भएको "विपस्सना दीपनी" पुस्तक आज यहाँहरूको सामु प्रस्तुत गर्न पाएको छु । यस पवित्र कार्यमा सघाउनुहुने सबैलाई म हृदयदेखि आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

अन्तमा धर्मप्रति श्रद्धा राख्नुहुने सम्पूर्णले अग्गमहापण्डित लेडी सयाडो महास्थविरको अमर कृति "विपस्सना दीपनी" पुस्तक पढेर धर्मावबोध भई लाभान्वित हुनुहुनेछ भन्ने विश्वास गर्दै मेरो दुई शब्द यहिं टुंग्याउँछु । अस्तु !

आनन्दकुटीविहार,<br>स्वयम्भू, काठमाडौं ।<br>बु. सं २५४६ गुरुपूर्णिमा

संघनायक<br>**भिक्षु अनिरुद्ध महास्थविर**



Downloaded from http://dhamma.digital

# अनुवादकको तर्फबाट

श्रद्धेय एवं अखिल नेपाल भिक्षु महासंघका जेष्ठ भिक्षु संघनायक अनिरुद्ध महास्थविरज्यू समक्ष वन्दना गर्न वहाँको कोठामा पुग्दा भन्तेबाट आज्ञा हुनुभए अनुसार (*विपस्सना दीपनी* नेपालीमा प्रकाशन गर्नुपर्ने नितान्त आवश्यक भइरहेको कारणले) नेपालीमा अनुवाद सिध्याएर भन्तेसमक्ष प्रस्तुत गरें। उक्त अनुवादित पुस्तकको पाण्डुलिपि छोरा अमनमुनिलाई टाइप गर्न लगाएर फाइनल समेत सिध्याई अनिरुद्ध भन्तेसमक्ष पुस्तक अर्पण गर्न पाउँदा अपार धर्मसंवेग उत्पन्न भई मन शान्तिले छाएको छ । शायद यही-भगवान् बुद्धको शीतल छाँया अर्थात् आनुभाव हो कि !

*"विपस्सना दिपनी"* बुद्धधर्मको मूलभूत कुराको संग्रह हो । पारमार्थिक धम्र्मको मूल अंश हो । अनित्य, दुःख, अनात्मको ज्ञान हासिल गर्ने मूल आधार हो । यस्ता गहन पुस्तकलाई अनुवाद (नेपालभाषाबाट नेपालीमा) गरी नेपाली जनसमुदाय समक्ष पेश गर्ने मौका श्रद्धेय भन्तेबाट मलाई प्राप्त हुनु भनेको "भन्तेको हृदयमा रहेको म प्रतिको अनुग्रह नैं हो" भनी ठानेको छु । वास्तवमा यो सत्य पनि हो । किनभने यसको अनुवाद गर्नको निमित्त भन्तेबाट अन्यलाई दिने चाहना नै गर्नुभएन र फलस्वरूप आज फितलो वा



Downloaded from http://dhamma.digital

कमजोर भाषाशैली लिएर भए पनि यो पुस्तक यहाँहरूको सामु प्रस्तुत छ।

पुस्तकको शुद्धिकरण, भूमिका र प्रस्तावनाको सन्दर्भमा म बुद्धघोष भन्ते, सुदर्शन भन्ते (वहाँ त आजकै दिनमा दिवंगत पनि हुनुभयो) अनि ञाणपुण्णिक भन्ते समक्ष पनि यस पुस्तकको अनुवाद देखाउने अवसर प्राप्त भयो । तीनैजना श्रद्धेय भन्तेज्यूहरूबाट आवश्यक थपघट एवं 'सच्याइ' बावजूद पुस्तकाकृतिको रूप दिन छोरा अमनमुनिलाई टाइप गर्न दिएको छु । जसको प्रतिफल-पुस्तकको स्वरूपमा तयार भएको छ।

यी सबैको पश्चात् पुस्तक प्रकाशनार्थ चाहिने कागजको लागि आर्थिक भार भतिजा रविन्द्रमुनि वज्राचार्यले व्यहोरिदिएकोमा धन्यवाद व्यक्त गर्दछु । पुस्तक अनुवाद गर्ने आज्ञा हुनुभएकोमा श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविरप्रति हार्दिक आभार प्रकट गर्दै वन्दना गर्दछु तथा बुद्धघोष भन्ते, एवं ञाणपुण्णिक भन्तेप्रति पनि श्रद्धापूर्वक वन्दना गर्दछु। त्यस्तै आवश्यक सुधार तथा संशोधन समेत गरिदिनुभएका श्रद्धेय दिवंगत भिक्षु सुदर्शन महास्थविर प्रति वहाँको निर्वाण कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। भतिजा रविन्द्रमुनि र छोरा अमनमुनिलाई यस कार्यको कर्मद्वारा सदैव सुखी रहुन् भन्ने आशीर्वाद दिंदै मेरा दिवंगत श्रद्धेय दाजु **नीलमुनि वज्राचार्य र भाई दिव्यमुनि वज्राचार्य**को सुगति कामना गर्दै आफ्नो केही शब्द यहीं टुंग्याउँदैछु। धन्यवाद ।

बुद्धानुभावले सर्वत्र मंगल होस् !

अनुवादक

*अष्टमुनि गुभाजु*

लगं दलाछि, काठमाडौं ।

बु. सं. २५४६ श्रावणशुक्ल द्वादशी

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# समर्पण !



**श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविर**
जसबाट अति गम्भीर पुस्तक "विपस्सना दीपनी" नेपालभाषामा
अनुवाद गरी जनसमक्ष प्रस्तुत गर्नुभयो, उही पुस्तक मलाई
नेपालीभाषामा अनुवाद गर्ने सुआज्ञा दिनुभई प्रकाशित भएको हेर्ने
प्रबल इच्छा गर्दा गर्दै दिवंगत हुनुभयो, वहाँको संस्मरणमा
निर्वाण कामना गर्दै समर्पण गर्दछु ।

साथै

श्रद्धेय दाजु दिवंगत **नीलमुनि** तथा दिवंगत भाई
**दिव्यमुनि वज्राचार्य** द्वयको वार्षिक पुण्यतिथिमा
वहाँहरूको स्मरण गर्दै सुगति कामना गर्दछु ।

- *अष्टमुनि गुभाजु*
(अनुवादक)

Downloaded from http://dhamma.digital

# विपस्सना - दीपनी

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

## १. विपल्लास कथा

विपल्लास भनेको भ्रम, मोह र मिथ्यादृष्टिबाट हेर्ने वा सत्यलाई असत्य र असत्यलाई सत्य भनी सम्झिनेलाई भन्दछन् ।

विपल्लास तीन प्रकारका छन् :-

१. सञ्ञा विपल्लास
२. चित्त विपल्लास
३. दिट्ठि विपल्लास



Downloaded from http://dhamma.digital

## १. सञ्ञा विपल्लास :-

सञ्ञा विपल्लास भनेको मिथ्यापूर्वक जान्नु र सम्झिरहनु हो । यी चार प्रकारका छन् :-

१. अनित्यलाई नित्य भनी मिथ्यापूर्वक जान्नु, सम्झिराख्नु ।
२. अशुभलाई शुभ भनी मिथ्यापूर्वक जान्नु, सम्झिराख्नु ।
३. दुःखलाई सुख भनी मिथ्यापूर्वक जान्नु, सम्झिराख्नु ।
४. अनात्मालाई आत्मा भनी मिथ्यापूर्वक जान्नु, सम्झिराख्नु ।

## २. चित्त विपल्लास :-

चित्त विपल्लास भनेको चित्तमा (विचार)मा भ्रम पर्नुमा गलती हुन जानु हो । यो पनि चार प्रकारका छन् :-

१. अनित्यलाई नित्य भनी चित्तमा भ्रम पर्नु, गलत विचार हुनु ।
२. अशुभलाई शुभ भनी चित्तमा भ्रम पर्नु, गलत विचार हुनु ।
३. दुःखलाई सुख भनी चित्तमा भ्रम पर्नु, गलत विचार हुनु ।
४. अनात्मालाई आत्मा भनी चित्तमा भ्रम पर्नु, गलत विचार हुनु ।

## ३. दिट्ठि विपल्लास :-

दिट्ठि विपल्लास भनेको दृष्टि (धारणा)मा भूल हुन जानु हो ।



Downloaded from http://dhamma.digital

यो पनि चार प्रकारका छन् :-

१. अनित्यलाई नित्य भनी दृष्टि भूल हुनु ।
२. अशुभलाई शुभ भनी दृष्टि भूल हुनु ।
३. दु:खलाई सुख भनी दृष्टि भूल हुनु ।
४. अनात्मालाई आत्मा भनी दृष्टि भूल हुनु ।

यहाँ अशुभलाई शुभ भनी दृष्टि भूल हुनु, अनित्यमा नित्य भनी दृष्टि भूल हुनु, दु:खमा सुख भनी दृष्टि भूल हुन जानु, अनात्मामा आत्मा भनेर दृष्टि भूल हुन जानु भनेको यी चार विपल्लासमा "म, मेरो, मेरो आत्मा, मेरो जीवं" भनेर समाहित भइरहने तीनैवटा उपादान भित्र परिराखेकोले हो । यो कुरा पछि राम्रोसँग स्पष्ट हुँदै आउनेछ ।

तीनवटा विपल्लासको उपमा :-

सञ्ञा विपल्लासमा - जङ्गली मृगको उपमा ।
चित्त विपल्लासमा - जादूगरको उपमा ।
दिट्ठि विपल्लासमा - बाटो बिराएको मान्छेको उपमा ।

## सञ्ञा विपल्लासमा जङ्गली मृगको उपमा :-

एउटा जङ्गलको बीचमा खेती गरी धान रोपिराखेको छ । जङ्गली मृगहरू जग्गाधनी नहुने बेलामा त्यहाँको खेतमा गई धानको बाला खान जाँदा रहेछन् । जग्गाधनीले जङ्गली मृगहरूलाई लखेट्न सुकेको घाँसपातवाट मान्छेको पुत्ला वनाई खेतको बीचमा उभ्याइराखेको हुन्छ । त्यस पुत्लालाई ठाउँ ठाउँमा डोरीले बाँधी जिउको आकार, टाउकाको आकार, हात, खुट्टाको आकार आउन गरी वनाएर घैंटा एउटामा चूनले अनुहार जस्तो गरी लेखेर टाउको जस्तो वनाई लट्ठी गाडेर



Downloaded from http://dhamma.digital

त्यस पुत्लालाई पुरानो झुत्रोझाम्रो लुगाफाटाहरू लगाएर हातमा धनुपवाण समाइराखेको हुन्छ । जङ्गली मृगहरू धानको वाला खान भनी आउने वेलामा त्यो पुत्ला देखेर साँच्चैको मान्छे सम्झिई डराएर भाग्दथ्यो ।

यस उपमामा जङ्गली मृगहरूले साँच्चैको मान्छेको रूपलाई पहिले नै देखेर, चिनेर सम्झिराखेकोले घाँसपातको पुत्लालाई साँच्चैको मान्छे भनी सम्झिएछ । यसरी सम्झनु 'भूल' भयो । यसरी सञ्ञा विपल्लास भनेको यस जङ्गली मृगहरूको उपमा जस्तै भयो । यो असाध्यै गम्भीरको कुरो छ । वाटो विराएको मान्छेले आँखा भए पनि सूर्योदय भएको र अस्ताएको राम्ररी देखिए तापनि दिग्भ्रमित भई भुल्नजाने उपमा पनि यसमा मिल्दो छ । मिथ्यापुर्वक सोचिसकेपछि सत्य तथ्य वुझ्न अत्यन्तै गाह्रो हुनसक्छ । आफ्नो संज्ञा दृढ भइरहन सक्छ । फेरि एकपटक परिवर्तन गर्न नहुने गरी भूल हुन जानसक्छ ।

शरीरमा अशुभ भाव, अनित्य, दुःख र अनात्मभाव आफैले राम्रोसँग देखिराखे तापनि सञ्ञा विपल्लासले गर्दा जंगली मृगहरूको जस्तै राम्रोसँग देख्दादेख्दै पनि भूल भैरहन सक्छन् ।

## चित्त विपल्लासमा जादूगरको उपमा :-

जादू गर्ने एउटा विद्या छ । उक्त विद्या देखाउँदाखेरि पछि हेरिराखेका धेरैजसो मान्छेहरूले माटो, ईंटाका टुका आदिलाई सुन चाँदी आदि जस्तो देखिरहन सक्छन् । जादू विद्याको शक्तिले मान्छेहरूको स्वाभाविक आँखालाई छलिराख्न सक्छन् । क्षणभरको निम्ति यसले चित्तलाई छलिदिन सक्छ ।



Downloaded from http://dhamma.digital

जादू गर्नुभन्दा अगाडि माटो, ईंटाका टुक्रालाई हामीले माटो, ईंटाका टुक्रा नै देखिरहन्छौं तर जादू देखाइरहने बेलामा हामीले त्यसलाई पहेंलो सुनको ढिक्का जस्तो, सेतो ज्वारज्वारति चम्किला चाँदिको ढिक्का जस्तो देखिरहन्छौं र सुन, चाँदि भनी विश्वास गरिरहन्छौं ।

यस उपमा जस्तै नै चित्तले झूठोलाई साँच्चिकै जस्तो छलिरहन सक्छ । बेलुकी काठको मुढा मात्रै देखेपनि मान्छे जस्तो देखिन सक्छ । झारपात मात्रै देखिए पनि जङ्गली हात्ती जस्तो सम्झिनपुग्छ । जङ्गली हात्तीलाई पनि झारपात जस्तो देखिन सक्छ । चित्त विपल्लासबाट अयथार्थलाई यथार्थ जस्तो गरी छल्न सक्ने भएकाले यो सञ्ञा विपल्लासभन्दा गम्भीर हुन् तापनि चित्त विपल्लासलाई कार्य कारण सम्झिई निर्मूल पार्न त्यति गाह्रो हुँदैन ।

## दिट्ठि विपल्लासमा बाटो बिराएको मान्छेको उपमा :-

एउटा घनघोर जङ्गल छ । त्यस जङ्गलमा यक्षहरूले शहर, गाउँ बनाएर बसिरहेका हुन्छन् । जङ्गलको बाटोबीचमा यात्रीहरू त्यहाँ आइपुग्ने बेलामा ती यक्षहरूले आफ्नो गाउँ शहरलाई देवताहरूको गाउँ र नगर जस्तो देखिने गरी आ-आफ्ना शरीरलाई पनि देवपुत्र, देवकन्या जस्तै गरी भेष बदलिइ, बाटोलाई पनि देवताहरूको बाटो जस्तो गरी सुरम्य हुने गरी निर्माण गरिराख्दा रहेछन् । यात्रीहरूले त्यो बाटोलाई शहर, ग्राम जाने बाटो सम्झेर विश्वास गरी साँच्चैको बाटोलाई छाडी काल्पनिक बाटोबाट लाग्छन् । ती यक्षहरूको शहर, ग्राममा पुग्ने बेलामा साँच्चैका असल मानिसहरूको शहर गाउँ भनी मनमा राखी विश्वासपूर्वक निश्चिन्त भई निदाइरहन्छन् । यक्षहरूले राती उनीहरूको शरीरमा रहेका मुटु, कलेजो, फोक्सो,



Downloaded from http://dhamma.digital

आन्द्राभुँडी आदि खाई शरीरमा भएका रगत पनि चुसिदिन्छन् अनि ती यात्रीहरू त्यहीं मृत्यु हुन्छन् ।

यस उपमामा कामभव, रूपभव र अरूपभव भन्ने तीनवटा भव घनाजङ्गल समान भयो । सत्त्वप्राणीहरू यात्रीहरू समान भयो । सम्यक्दृष्टि नविराएको वाटो समान भयो । मिथ्यादृष्टि खराव र विराएको वाटो समान हुन् । यहाँ सम्यक्दृष्टि भनेको लौकिक सम्यक्दृष्टि र वोधिपक्षिय सम्यक्दृष्टि भनेर दुई प्रकारका छन् ।

यी दुई मध्ये आफूले गरेको कुशलकर्म, अकुशलकर्म भवसंसारमा आफू सँगसँगै आउने धन हो भनी विचार गर्ने कर्म नै आफ्नो निजी सम्पत्ति हो भनी विश्वास गर्नु कम्मस्सकता सम्मादिट्ठिलाई लौकिक सम्मादिट्ठि भनिन्छ ।

प्रतीत्यसमुत्पादसहितको स्कन्ध आयतन र अनात्मलाई वुझ्नसक्ने ज्ञानलाई वोधिपक्षिय सम्यक्दृष्टि भन्दछन् ।

यी दुई मध्ये कम्मस्सकता सम्मादिट्ठि भनेको सच्चा र नविराइएको वाटोसमान भयो ।

मनुष्यलोक, देवलोक र ब्रह्मलोक यी तीनवटा सुगति भूमि सत्पुरुषहरूको शहर, गाउँसमान भयो ।

कुशलकर्म, अकुशलकर्म र कुशलाकुशलको विपाकलाई स्वीकार नगर्ने नत्थिक दिट्ठि, अहेतुक दिट्ठि, अकिरिय दिट्ठि भनेको नराम्रो र विराइएको वाटोसमान भयो ।

नर्कलोक, तिर्यकलोक, प्रेतलोक र असुरलोक भनेको दुर्गति भव यक्षहरूको गाउँ, शहर समान भयो ।



Downloaded from http://dhamma.digital

विवट्टपक्ष (सांसारिक दु:खबाट अलग भएको) दृष्टिवाट हेरियो भने बोधिपक्षिय सम्यक्दृष्टि नविराइएको वाटो समान भयो । निर्वाण सत्पुरुष पण्डितजनहरूको शहर, गाउँ समान भयो ।

आफ्नो कायस्कन्धलाई 'मेरो आत्मा' भनी उपादान रूपमा आसक्त भइरहने आत्मदृष्टि सत्कायदृष्टि नराम्रो, बिराइएको बाटो समान भयो ।

मनुष्यलोक, देवलोक र ब्रह्मलोकसहितको संसारलोक दुष्ट यक्षहरूको शहर-गाउँ समान भयो ।

विवट्टपक्ष (सांसारिक दु:खबाट पर भएको) दृष्टिवाट हेर्यौं भने आत्मदृष्टि सत्कायदृष्टिलाई नै दिट्ठि विपल्लास भनिएको हो । यो दिट्ठि विपल्लास चित्त विपल्लासभन्दा गम्भीर छ । अत्यन्त मजबूत पनि छ ।

विपल्लास कथा सिद्धियो ।



Downloaded from http://dhamma.digital

# २. मञ्‍ञना कथा

मञ्‍ञना भनेको गलत धारणालाई भनिएको हो । सही सत्यलाई गलत रूपले देखिनुलाई भनिएको हो । अविद्याको कारणले विपल्लासधर्म उत्पन्न हुन्छ । विपल्लासधर्मको कारणले गर्दा गलत धारणा (मञ्‍ञना धर्म ) उत्पन्न हुन्छ ।

मञ्‍ञना तीन प्रकारका छन् :-

१. तण्हा मञ्‍ञना
२. मान मञ्‍ञना
३. दिट्ठि मञ्‍ञना

१. मञ्‍ञना भनेको आफ्नो नभएको, आफ्नो हक नभएको बस्तुमा मेरो आफ्नो हक भएको बस्तु भनी आशक्त भई गलत धारणा लिइरहनुलाई भनिन्छ । साँच्चै भनुँ भने 'म' भन्ने नै नभएपछि मेरो बस्तु भनेको कहाँबाट हुन्छ ? त्यसरी नहुँदा नहुँदै पनि अज्झत्तिक (भित्रको) वस्तु र बाह्य वस्तु "यो मेरो हक भएको हो, यो मेरो हक नभएको वस्तु हो ।" भनी "यो चाहिँ मेरो सम्बन्धित वस्तु हो, यो चाहिँ मसँग सम्बन्ध भएको वस्तु होइन" भनी "मेरो आफ्नो हो, होइन" भनी मनभित्र ठूलो फरक देखिरहनुलाई तण्हा मञ्‍ञना भनिन्छ ।

अज्झत्त (भित्रको) वस्तु भनेको आफ्नो शरीर, टाउको, हात, खुट्टा, चक्षु, श्रोत आदिलाई भनिएको हो । बाह्य वस्तु भनेको आफ्ना आमा, बुबा, ज्ञाति मित्र; आफ्नो राँगो, साँढे, हात्ती, घोडा; आफ्नो घर, जग्गा, बगैंचा, रूख, झारपात, लहरा; आफूले लाउने गरगहना, लुगाफाल्लो, रत्न, सुन, चाँडी आदिलाई भनिएका हुन् ।



Downloaded from http://dhamma.digital

२. मान मञ्जना भनेको अज्भत्त वस्तुलाई 'म' भनी उल्टो सम्भिराख्नुलाई भनिन्छ । 'म' भनी उल्टो धारणा लिई रहनुलाई अज्भत्त वस्तु र बहिद्ध वस्तुबाट आधार दिई सहायता दिइरहचौं भने निक्कै अभिमानी भई अत्यन्तै माथि बस्न जाँदा रहेछन् ।

अज्भत्त वस्तु भनेको चक्षुबल, श्रोतबल, हस्तबल, पादबल, शीलबल, बहुश्रुतबल, प्रज्ञाबल र ऋद्धिबल इत्यादि हुन् ।

बहिद्ध वस्तु भनेको नाताकुटुम्बबल, ज्ञातिबल, टोलको बल, गाउँको बल, धनसम्पत्तिको बल, शस्त्रको बल, आदि हुन् । आँखा बलियो भए आँखामै 'म' भन्ने अभिमान बढ्छ । आँखा नभएका अन्धोको त्यो अभिमान परिहीन् हुन्छ ।

३. दिट्ठि मञ्जना भनेको अज्भत्त वस्तुलाई "मेरो, दृढ, बलियो, अस्तित्त्व भएको आत्मसारको हो" भनी गलत सोचिनु हो । माटोको गाग्रो, माटोको भाँडो भन्दाखेरि माटो र भाँडावर्तनको आधार सारभूत पदार्थ हो । त्यो माटोलाई नै भाँडावर्तन भनिन्छन् । फलामको भाँडावर्तनमा पनि फलाम त्यस भाँडावर्तनको आधार सारभूत पदार्थ हो । त्यो फलामलाई नै भाँडावर्तन भन्दछन् ।

त्यस्तै नै अज्भत्त पदार्थ स्वरूपको पृथ्वी धातुलाई सत्त्वप्राणीहरूको सार भएको आधारभूत भनी विचार गरी 'म' भनेर उल्टो धारणा लिइरहन्छन् । आपो (जल) धातु, तेजो (अग्नि) धातु इत्यादिमा पनि त्यस्तै धारणा लिइरहन्छन् ।



Downloaded from http://dhamma.digital

यस धारणाको कुरा पछि स्पष्ट हुनेछ । यस मञ्जनाधर्म तीनवटालाई बलियांसंग समाइराख्न सक्ने अर्थलाई "गाहधर्म" पनि भन्दछन् । धेरै कालसम्म शान्त नहुने गलत एवं उल्टो कार्यलाई पनि एक पछि अर्को गरी वृद्धि गरेर लान सकिने अर्थमा "प्रपञ्च धर्म" पनि भन्ने गर्दछन् ।

मञ्जनाकथा सिद्धियो ।

# ३. अभिनिवेश कथा

अभिनिवेश भनेको ढोकाको खम्बा, ढुङ्गाको खम्बा जस्तै कुनै कारणले गर्दा अलिकति पनि चल्न नसक्ने गरी बलियोसँग दृढ विश्वास गरी मनमा राखिरहेकोलाई भन्दछन् ।

अभिनिवेश दुई प्रकारका छन् :-

१. तण्हाभिनिवेश

२. दिट्ठाभिनिवेश

१. तण्हाभिनिवेश भनेको आफ्नो शरीरलाई र शरीरको अवयवहरू टाउको, हात, खुट्टा, आँखा, कान, नाक, इत्यादि अङ्गलाई मेरो शरीर, मेरो हात, मेरो खुट्टा, मेरो आँखा, मेरो कान इत्यादि प्रकारले जन्म-जन्मैपिच्छे डेग नचल्ने गरी दृढपूर्वक विश्वास गरी आशक्त भइरहनुलाई तण्हाभिनिवेश भन्दछन् ।



Downloaded from http://dhamma.digital

२. दिट्ठाभिनिवेश भनेको सत्त्वप्राणीहरूको शरीरमा आधारभूत सार वस्तु भएर सधैं स्थिर भैरहेको आत्मा भन्ने एकजना नायक छ । जीव नामका एकजना प्रधान संचालक पनि छ भनी जन्मजन्मान्तरमा दृढ विश्वास गरिरहनुलाई दिट्ठाभिनिवेश भन्दछन् ।

तण्हाभिनिवेशलाई तण्हानिस्सय, दिट्ठाभिनिवेशलाई दिट्ठिनिस्सय पनि भन्दछन् ।

यसको मतलव हो पञ्चस्कन्ध नामरूप धर्मको आधार दुइवटा र पृथग्जन सत्वप्राणीहरूको ठूलो आधारस्थान दुइवटा भनेर पनि उल्लेख गरिराखेको पाइन्छ ।

अभिनिवेश कथा सिद्धियो ।

# ४. भूमि कथा

सत्त्वप्राणीहरूको आधार भएर ओट् लिने ठाउँलाई भूमि भन्दछन् ।

भूमि दुई प्रकारका छन् :-

१. पृथग्जनभूमि

२. आर्यभूमि

### १. पृथग्जनभूमि :-

पृथग्जनभूमि भनेको पृथग्जन स्वभावलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

पृथग्जन स्वभाव भनेको तीनवटा विपल्लासमध्ये दिट्ठिविपल्लास हो । लौकिक भूमिका मानिसहरूले 'मेरो शरीर नित्य छ, सारपूर्ण छ र आत्मा छ' भनी दृष्टिभूल हुने, धारणा भूल हुने, दिट्ठिविपल्लासको आधार लिई ओट् लिइरहन्छन् । दिट्ठिमञ्जना धर्म, दिट्ठिगाह धर्म, दिट्ठिपपञ्च धर्म, दिट्ठभिनिवेशलाई पनि पृथग्जनहरूले आधार लिई रहन्छन् । त्यसैले त्यो दिट्ठिविपल्लासलाई पृथग्जनभूमि पनि भनिएको हो ।

२. आर्यभूमि :-

आर्यभूमि भनी आर्यभावलाई भनिएको हो । आर्यभाव भनेको दिट्ठिविपल्लासको जरैसमेत उखेलिई शरीरभित्र नित्य भनेको छैन, सुख भनेको छैन, आत्मा भन्ने छैन भनी यथार्थ दृष्टि यथार्थ धारणालाई सम्यक्दृष्टि भनेको हो । आर्य पुद्गलहरूले यस दृष्टिलाई आधार लिइरहन्छन्, त्यसैले सम्यक्दृष्टिलाई आर्यभूमि भन्दछन् ।

आदि अन्त नभएको यस संसारमा पृथग्जनभूमि धेरै कालसम्म घुम्दै फिर्दै रहेका अनन्त सत्त्वप्राणीहरू मध्ये जुन पुद्गलले एकदिन त्यो सम्यक्दृष्टि ज्ञानलाई स्पष्टसँग देखेर सम्झेर साक्षात्कार गरी लिन्छ, त्यसको दिट्ठिविपल्लासधर्म जरैदेखि उखेलिएर जान्छ । त्यो पुद्गल त्यस दिनदेखि आर्यभूमिमा पुगन गएको हुनेछन् । उनीहरू परमार्थ आर्यपुद्गलहरू हुन जान्छन् ।

कहीँ कोही आर्यपुद्गलहरूसँग सञ्ञाविपल्लास, चित्त विपल्लास बाँकी रहे तापनि दिट्ठिविपल्लास सकिँदै गैसकेको कारणले सम्यक्दृष्टिलाई साक्षात्कार गरेर लिइसकेकाले बाँकी



Downloaded from http://dhamma.digital

रहेको विपल्लासबाट अकुशल कार्यमा लाग्ने हुँदैन । धार्मिक रूपले प्राप्त भएको सुख ऐश्वर्य मात्र सेवन गरिरहन्छन् ।

भूमिकथा सिद्धियो ।

# ५. गति कथा

गति भनेको भव जस्तै हुन् । एउटा भव (जन्मबाट) अर्को भवमा गासिँदै परिवर्तन भएर घुम्दै फिर्दै रहनेलाई गति भन्दछन् ।

गति दुई प्रकारका छन् :-

१. पृथग्जन गति

२. आर्य गति

पृथग्जन गति :-

पृथग्जन गति भनेको विनिपात गति समान हुन् । विनिपात गति भनेको यता न उता नभएको अपाय दुर्गतिमा पतन हुन जानेलाई भनिएको हो । छताछुल्ल भई अपाय दुर्गतिमा पतन हुनु भनेको आफ्नो इच्छानुसार जन्म हुन नपाउनु हो । आफूले गरेको कर्मअंनुसार जहाँतहिँ जन्म हुन जानेलाई भनिएको हो । ताडको रूखबाट ताड फल पाकेर खस्दाखेरि नरिवलको बोटबाट नरिवल फल पाकेर खस्नेबेलामा जस्तै पृथगजनहरूको स्वभाव मृत्युपश्चात् जहाँ पायो त्यहिँ जन्म हुनजानेलाई नै पृथग्जन गति भनिएको हो ।



Downloaded from http://dhamma.digital

सम्पूर्ण प्राणीहरू जन्मनासाथै अवश्यै मर्नुपर्दछ। मरेर गएपनि पृथगजन सत्त्वप्राणीहरू मृत्यु भई जहाँतहिँ अपायलोकमा नखसीकन घुमिरहन्छन्। महान् मृत्युभयभन्दा पनि जहाँतहिँ अपायलोकमा खस्ने भय अत्यन्त भयकर छ।

मनुष्यलोकबाट च्यूत भएका पृथगजन सत्त्वप्राणीहरूको निम्ति महाअवीचिनर्कसहित दुर्गति चारैवटामा रोकटोक नभएको खुल्लमखुल्लाको बाटो जस्तै हुन्छ। मान्छेहरूको प्राण छुटिनासाथ जुनसुकै भएपनि नरकमा खस्न सक्छन्। टाढा वा नजिकको कुनै कुरा छैन। पशुयोनिमा भएपनि, आँखा झिमिक्क गर्ने वा बिजुली झलक्क चम्कने समय जत्तिकै क्षणभरमा उत्पन्न हुन जान सकिन्छ। ६ वटा देवलोकबाट च्यूत भएकाहरू पनि त्यस्तै हुन्। रूप, अरूप, ब्रह्मलोकबाट च्यूत भएकाहरू मात्र चारवटा अपायमा सीधा नगइकन देवलोक वा मनुष्यलोकमा एकपटक रोकेर मात्रै दुर्गतिमा पतन हुनसक्छन्।

सत्त्वप्राणीहरू सबैलाई मृत्यु भएको साथै यहाँ वहाँ घात लिन सक्ने नभएको अपायलोकमा जाने महाभय नछुट्टिइकनै भैरहेको मृत्यु देखेर विशेष रूपले अत्यन्तै भयभीत भैरहन्छन्।

अपायलोकमा जाने महाभय नभैकन, मृत्युपश्चात् आफूले लक्ष्य गरेको भवमा आफूले इच्छा गरे जस्तो जन्म लिन जान पाएको भए मृत्युभय देखेर डराइरहनुपर्दैन थियो। त्यसरी भय नभैदिएको भए एउटा भुवनबाट च्यूत हुनासाथै अर्को भुवनमा जाने इच्छा उत्पन्न भई मृत्यु हुने इच्छा उत्पन्न हुनसक्छ।



Downloaded from http://dhamma.digital

यो विनिपात गतिसमान भनिराखेको पृथग्जन गति अति नै भयानक छ। यसलाई पुष्टि गर्न यहाँनिर नखसिख सूत्र र काणकच्छप सूत्र दुइवटा उदाहरण दिन योग्य देखिन्छ।

## १. नखसिख सूत्र

एक समय तथागत सम्यक्सम्बुद्धबाट आफ्नो नङमाथि अलिकति धूलो राखेर भिक्षुसंघलाई बोलाई यस्तो आज्ञा हुनुभयो-"भिक्षुहरू हो ! मेरो नङमाथि राखिएको धूलो र विशाल महापृथ्वीमा रहेका धूलोसँग दाँजेर हेर्दा कुनचाहिँ धेरै र कुनचाहिँ थोरै हुन्छ ?" त्यसबेला भिक्षुहरूले "नङमाथि राखिएको धूलो अलिकति मात्र छ। महापृथ्वीमा रहेको धूलो धेरै हुन्छ। पृथ्वीमा रहेको धूलोसँग दाँजेर हेर्दा तथागतको नङमाथिको धूलोलाई छ भनेरै पनि भन्न मिल्दैन" भनी जवाफ दिए।

त्यस समयमा तथागतले-"भिक्षुहरू हो ! यो उपमा जस्तै नै मनुष्यलोकबाट च्यूत भएर गएका सत्त्वप्राणीहरू मध्ये मनुष्यलोकमा, देवलोकमा जन्म हुनजाने र देवलोकवाट च्यूत भएर गएका देवताहरूमध्ये देवलोकमा, मनुष्यलोकमा उत्पन्न हुन आउने व्यक्तिहरू यो मेरो नङमाथि राखिएको धूलो जस्तै केही मात्र छन्। चार अपाय दुर्गतिमा गएर जन्म हुन जाने प्राणीहरू महापृथ्वीमा रहेका धूलोसमान धेरै छन्। फेरि चार अपायबाट च्यूत भएर गएका प्राणीहरूमध्ये मनुष्यलोकमा, देवलोकमा जन्म हुनेहरू मेरो नङमाथि राखिएको धूलो समान थोरै मात्र छन्। चार अपाय घुम्दै फिर्दै फेरि फेरि जन्म भैरहेका सत्त्वप्राणीहरू मात्रै धेरै छन्।" भनी आज्ञा हुनुभयो। यो भयो "नखसिख" सूत्रको संक्षेपमा अर्थ।

महासमुद्रमा रहेका प्राणीहरूसहित चार अपाय भूमिमा रहेका प्राणीहरू असंख्य मात्रामा भएको कुरा राम्रोसँग देखेर, मज्झिमको खण्डमा यो "नखसिख" सूत्रअनुसार अपाय दुर्गतिमा



Downloaded from http://dhamma.digital

जन्म लिन गएका विनिपात समानका प्राणीहरू कत्ति धेरै छन् भन्ने कुरा राम्रोसँग बुझ्न सकिन्छ।

## २. काणकच्छप सूत्र :-

एक समय तथागत सम्यक्सम्बुद्धबाट भिक्षुहरूलाई बोलाई यसरी आज्ञा हुनुभयो, "भिक्षुहरू हो ! महासमुद्रमा दुइटै आँखा नभएका एउटा कछुवा छ । त्यो अन्धो कछुवा विशाल समुद्रमा निरन्तर घुम्दै रहन्छन् । एकसय वर्ष , दुईसय वर्ष पुग्यो भने जहाँ पुग्यो त्यहीँ पानीबाट माथी आई टाउको निकाल्छन् । फेरि महासमुद्रमा नै डुब्छन् । त्यतिखेर गोरुको घाँटीमा अड्याउने गाडाको नोल समुद्रमा बगाउँदै ल्याइराखेको छ र त्यस नोलमा एउटा मात्रै प्वाल हुन्छन् । हावाको तरङ्ग अनुसार पानीको धार गएको तर्फ नरोकिकन एकै ठाउँमा नरही यताउति टुप्लुक्क टुप्लुक्क माथि माथि आइरहेको छ । त्यसरी घुमिरहेको नोलको प्वालमा अन्धो कछुवाले पानीबाट टाउको माथि उठाएको बेलामा, कछुवाको टाउको नोलको प्वालभित्र पर्ने संयोग सम्भव छ ?"

त्यसबेला भिक्षुहरूले उत्तर दिए- "संयोग पर्ने सम्भावना छैन । तैपनि भगवान् शास्ता ! संसार अति लामो छ, त्यसकारण कछुवा पनि मरेर अलप भएर नगएको खण्डमा र गाडाको नोल पनि मक्किएर जीर्ण नभएको खण्डमा एक न एकपटक संयोगले टाउको प्वालभित्र पर्ने सम्भावना हुन सक्छ ।" त्यसबेला तथागतले आज्ञा हुनुभयो, "भिक्षुहरू ! यो संयोग पर्न आउने दुष्कर भन्दा पनि सय, हजार दुगुना गाह्रो संयोग पनि छ । त्यो के भने यस मनुष्यभवबाट च्यूत भई चारवटा अपाय दुर्गतिमा एकचोटी मात्र परेको मान्छे फेरि मनुष्यभवमा जन्म लिन आउने भनेको गाडाको नोलको



Downloaded from http://dhamma.digital

प्वालभित्र कछुवाको टाउको पर्न जाने भन्दापनि सय, हजार गुणा कठीन छ ।

किनभने मनुष्यभव र देवभवमा अकुशलकार्यलाई छोडी कुशलकर्ममा लागिरहेकाहरू मात्रै त्यसरी जन्म हुन सक्छन् ।

अपाय दुर्गति (भव) भूमिमा जन्मिएका प्राणीहरूले यो अकुशल, यो कुशल, यो पुण्य यो पाप, यो सुचरित्र यो दुश्चरित्र भनी थाहा पाउँदैनन् । बलियाहरूले निर्धाहरूलाई मारेर खाने इत्यादि अकुशलकार्यबाट मात्रै जीविकोपार्जन गरिरहेका हुन्छन् । नरकभूमि, प्रेतभूमिमा पनि दुःख कष्ट सहेर चित्तमा सन्ताप, क्रोध, जलन र खिन्न भएर मात्र काल गुजारा गरिरहनुपर्छ । त्यसैले मनुष्यभूमिमा फेरि फर्केर आउनु भनेको अन्धो कछुवाको टाउको गाडाको नोलमा रहेको प्वालमा पर्नुभन्दा पनि सय, हजार दोब्बरगुना दुष्कर छ" भनी उपदेश दिनुभई "काणकच्छप" (अन्धो कछुवा) सूत्रको अर्थ देशना गर्नु भएको थियो ।

यस सूत्रअनुसार चार अपाय भूमिमा जन्म लिन गएका जति सत्त्वप्राणीहरू फेरि पनि मनुष्यलोकमा फर्केर आउने सम्भावना अत्यन्तै परको कुरा भयो । किनभने अपायलोकमा रहेका प्राणीहरू माथितिर नहेरीकन तलतिरमात्र हेरेर जाँदा रहेछन् ।

तलतिरमात्र हेरेर जाने भनेको एक जन्मबाट अर्को जन्ममा अकुशलकर्म मात्रै झन् झन् वृद्धि भएर गैरहनु हो । नदीको पानी भिरालो लागेको ठाउँमा मात्रै बगेर गैरहने जस्तै एक जन्मबाट अर्को जन्ममा झन् झन् नीच योनितर्फमात्र



Downloaded from http://dhamma.digital

गैरहने भएकाले उँभो लाग्नेबाट रोकिएर झन् झन् तल तल मात्र झरिरहनु हो ।

यस काणकच्छप (अन्धो कछुवा) सूत्रलाई विचार गरेर पनि थाहा पाउन सकिन्छ कि पृथग्जन सत्त्वप्राणीहरूको विनिपातमा पर्न जाने विनिपात महाभय, अत्यन्तै डरलाग्दो छ भनेर जान्नुपर्दछ, बुझ्नुपर्दछ ।

२. आर्यगति

आर्यगति भनेको अविनिपातगतिलाई भनिएको हो । अविनिपातगति भनेको मृत्युपश्चात् अनिश्चित किसिमले पतन हुने अपायगतिबाट छुट्नुलाई भनिएको हो । आर्यजनहरू जन्म हुनासाथै एकपटक गर्नुपर्ने स्वभावधर्मसँग नछुट्ने गरी गाँसिइरहेको र जहाँतहीं खस्ने जुन महाभय छ त्यस महाभयबाट सम्पूर्ण रूपमा मुक्त भई मृत्युपश्चात् अर्थात् जन्मिनासाथै एकपटक गर्नुपर्ने स्वभावधर्मबाट पछि आ-आफ्ना इच्छानुसार जुन भूमिमा जन्म हुन जाने इच्छा हुन्छ त्यही भूमिमा जन्म हुन जान सक्दा रहेछन् ।

ताडको रूख र नरिवलको बोटबाट ताडफल, नरिवल खसे जस्तै जहाँ त्यहीं खस्ने भयबाट मुक्त भई ताडको रूख, नरिवलको बोटबाट काग, चराहरू आफूलाई मनपर्ने रूखमा आकाशमार्गबाट उडेर गई बस्न जाने जस्तै परमत्थ आर्य भैरहेका मनुष्य, देव, ब्रह्माहरू आफू जन्म भएको भवबाट च्यूत हुन जाने बेलामा असल, उत्तम मनुष्यलोक, देवलोक, ब्रह्मलोक मध्ये आ-आफूलाई मन परेको भूमिमा उत्पन्न हुन जान सकिँदा रहेछन् ।



Downloaded from http://dhamma.digital

यस लोकमा जन्म हुन जान मनपर्छ भनी रोजिरहन नपाउँदै एक्कासि मरेरै गएपनि असल, उत्तम लोकमै जन्म हुन जान्छन् । चार अपाय दुर्गतिमा खस्नुबाट बिल्कुल मुक्त हुन्छन् । त्यति मात्रै नभई मनुष्यलोकमा जन्म नै हुन गए पनि जाति कुल हीन भैरहेका, भवभोग सम्पत्ति केही नभएका दुःखी, असत्पुरुषहरू, मिथ्यादृष्टि भएका मान्छेहरूको कुलमा जन्म नभइकन उच्च श्रेष्ठ सत्पुरुषहरू सम्यक्दृष्टि भएका मान्छेहरूको कुल वंशमा मात्र जन्म हुन जाँदा रहेछन् ।

देवभुवनमा, देवभवमा जन्म हुन गएपनि, ब्रह्मभुवनमा ब्रह्मभवमा जन्म हुन गएपनि ऋद्धि आनुभावहीन देव, ब्रह्माहरू मिथ्यादृष्टि भएका देव, ब्रह्माहरूको योनिमा जन्म हुन जानुबाट सम्पूर्ण रूपले मुक्त हुन जाने भयो । महान् ऋद्धि आनुभाव भएका, सम्यक्दृष्टि भएका देव, ब्रह्माहरूको योनिमा मात्रै जन्म हुन जान्छन् ।

नखसिखसूत्रमा उल्लेख गरिएअनुसारको पृथग्जनगति-बाट, काणकच्छपसूत्रमा उल्लेखित पृथग्जनगतिबाट, विनिपात महाभयबाट सम्पूर्ण रूपेण मुक्त हुन जान्छ । यो भयो आर्यगतिलाई देखाइएको कुरा । यसमा मान्छेहरू रूखबाट खस्यो भने ताडफल र नरिवल खसे जस्तै जहाँ पायो त्यहीं अपाय दुर्गतिमा खस्न जान्छन् । किनभने - उनीहरूसँग आकाशमा उडेर जानसक्ने पखेटा नभएको कारणले यसो हुन गएको हो ।

त्यस्तै, पृथग्जन भैरहेका देव, मनुष्य, ब्रह्मा, सत्त्वप्राणीहरू एउटा भवस्कन्ध विनाश भई अर्को भवस्कन्ध उत्पन्न हुने बेलामा दिट्ठिविपल्लास भइरहने भएको कारणले आर्यअष्टांगिकमार्ग रूपी पखेटा नभएकोले विनिपात महाभयबाट



Downloaded from http://dhamma.digital

मुक्त हुनु भनेको खुल्लमखुल्ला आकाशलाई आधार भरोसा लिन नसकेका, आ-आफ्ना कायस्कन्ध विनाश भई अर्को जन्ममा जाने बेला विनिपात महाभयबाट अपायलोकमा जाँदा रहेछन् ।

मान्छेहरू ठूलो रूखमा चढ्ने बेला रूखको हाँगा भाँच्यो भने रूखको हाँगासमेतै भुईंमा खस्न गई मृत्यु समेत हुन्छन् । मृत्यु नै नभएपनि धेरै दुःख कष्ट हुन्छ । किनभने त्यो मान्छेको आधार भनेकै त्यही रूखको हाँगा एउटा मात्र हो र त्यो बाहेक अर्को कुनै आधार छैन । त्यसैले आकाशमा उडेर जानलाई पखेटा पनि छैन ।

त्यस्तै नै दिट्ठिविपल्लास भएका सत्त्वप्राणीहरू पनि आत्मदृष्टिद्वारा आ-आफ्ना कायस्कन्धलाई मात्रै आधार लिइराखेको कारणले आधार भैरहेको कायस्कन्ध विनाश भएर जाने बेलामा जहाँ पायो त्यहीं अपायलोकमा खस्न जाने नै भयो ।

किनभने ती मानिसहरूको आफ्नो कायस्कन्ध नै आधार भैरह्यो, कायस्कन्धबाट अलग्ग विनिपात गतिबाट मुक्त हुने भनेको निर्वाणरूपी आधार भरोसा पनि त छैन । अपाय दुर्गतिमा नखस्ने गरी आधार दिन सकिने आर्यअष्टांगिकमार्ग रूपी अत्यन्त बलियो पखेटा पनि उनीहरूसँग छैन ।

पखेटा भएका चराचुरुङ्गीहरू ठूलो रूखमा बस्न आउँदा बस्न आएको रूखको हाँगा भाँचेरै गए पनि ती चराहरू तल भुईंमा खस्दैनन् । अर्को रूखमा उडेर बस्न जान्छन् । किन भने ती चराहरूले रूखको हाँगालाई आफ्नो शरीरको अंग जस्तो सम्झेर आधार लिइरहेको छैन । रूखको हाँगा क्षणभर विश्राम



Downloaded from http://dhamma.digital

गर्ने स्थान मात्र भैरह्यो । आकाश र पखेता मात्रै उनीहरूको ठूलो आधार भइरहचो ।

त्यस्तै दिट्ठिविपल्लास प्रहाण भैसकेका आर्य जाति भैरहेका मनुष्य, देव, ब्रह्मा, सत्त्वप्राणीहरू आ-आफ्नो कायस्कन्धलाई मेरो आत्मा भनी सम्फिइ टाँसिरहँदैनन् । कायस्कन्धलाई छोडी विनिपात गतिबाट मुक्त हुने भनेकै निर्वाणरूपी नित्य, ध्रुव, स्थिर भएको आधार पनि सँधै समाइरहेको हुन्छ । असल, उत्तम लोकमा मात्र जन्म हुनजान सक्षम हुनलाई कुशलकर्मको साथै सँधै गाँसिइरहने अत्यन्त शक्तिवान् आर्यअष्टांगिकमार्ग रूपी पखेताको (चिप्काइरहने) बलले पनि परिपूर्ण भइरहेको भयो ।

गतिकथा सिद्धियो ।

# ६. सच्च कथा

सच्चकथालाई सत्यकथा भन्दछन् । सत्य भनेको आफ्नै नामसंज्ञा र आफ्नो स्वभावसँग मिल्दै आइरहनेलाई भनिएको हो । सत्य दुई प्रकारका छन् :-

१. सम्मुति (संवृत्ति) सत्य

२. परमत्थ (परमार्थ) सत्य

## १. सम्मुति सत्य :-

सम्मुति सत्य लौकिक भूमिमा बसिरहेका धेरै मानिसहरूले व्यावहारिक रूपले प्रयोग गर्दै आइरहेको यथार्थ



Downloaded from http://dhamma.digital

भावलाई सम्मुति सत्य (प्रज्ञप्ति सत्य) भन्दछन् । जस्तो कि - आत्मा छ, जीव छ, पुद्गल छ, सत्त्व छ, मान्छे छ, देव छ, इन्द्र छ, ब्रह्मा छ, हात्ती, घोडा, राँगो, साँढे, गाई छ । टाउको, हात, खुट्टा इत्यादि ठूलो सानो अङ्गप्रत्यङ्ग छ । रौं (कपाल), रोमकूपहरू, हातको नङ, खुट्टाको नङ इत्यादि छन् ।

यी सम्मुति सत्य मृषावादको विपरीत छन् । मृषावादलाई हटाउन सकिन्छ । एउटा जन्ममा बारम्बार उत्पत्ति भई निरोध हुने भनेको छैन । नित्य आत्मा भनेको निश्चय नै छ, जीव भनेको निश्चय नै छ भनी व्यवहारमा प्रचलित कुराहरू लौकिक भूमिमा रहेका मानिसहरूले गरिआएका कुरा भएर यी कुरा गरिरहेका व्यक्तिहरू मृषावादभित्र पर्दैनन् । कुनै एकजनालाई मात्र पनि ढाँट्ने कुरोमा परेन ।

परमत्थ सत्य अनुसार हेर्दा अनित्यलाई नित्य भनी अनात्मलाई आत्मा भनी विपरीत धारणा हुनु भनेको विपल्लास हो । यस विपल्लासलाई हटाउन नसकेसम्म संसारचक्रको दुःखबाट मुक्त हुन सकिंदैन । पुद्गल छ, सत्त्व छ, शिरको रौं, शरीरको रौं, रोमकूप, हातको नङ, खुट्टाको नङ छ भनिएको पनि त्यसरी नै बुझ्नुपर्दछ ।

## २. परमत्थ सत्य :-

धातु स्वभाव, धर्म स्वभावअनुसार साँच्चैको छ भन्ने कुरा वास्तविक सत्य भएको कुरालाई परमत्थ सत्य भन्दछ ।

छ, छैन भन्ने दुइवटा मध्ये छ भनेको पृथ्वी धातु छ, आपो धातु, तेजो धातु, वायु धातु छ । चित्त विज्ञान छ । स्पर्श वेदना छ । संज्ञा चेतना छ । रूपस्कन्ध छ । नामस्कन्ध छ इत्यादि भनिएको हो ।



Downloaded from http://dhamma.digital

छैन भन्नाले आत्मा छैन, जीव छैन, पुद्गल छैन, सत्त्वप्राणी भन्नेहरू छैनन्, मान्छे छैन, देवता छैन, इन्द्र छैन, ब्रह्मा छैन, हात्ती, घोडा, राँगो, साँढे, गाई छैन । टाउको, हातखुट्टा इत्यादि ठूलो सानो अङ्ग प्रत्यङ्ग छैन । शिरको रौं (कपाल), शरीरका भुत्लाहरू, हातको नङ, खुट्टाको नङ आदि केही पनि छैनन् भनिएका हुन् ।

आत्मा छैन, जीव छैन भनेको कसरी भने बारम्बार उत्पत्ति हुने, निरोध हुने भनेको नै अन्त्य भई नित्य आत्मा, जीव भनेको केही छैन भनिएको हो ।

पुद्गल छैन, सत्त्वप्राणी भन्नेहरू छैनन् भनेकोमा पनि रूपधातु, नामधातु मात्र छ तर त्यो धातु पुद्गल हैन । सत्त्वप्राणी देव, ब्रह्मा आदि पनि हैन । रूपधातु, नामधातुबाट अलग्ग पुद्गल सत्त्वप्राणी भनेर छुट्टै केही भएको पनि होइन । मानव, देव, ब्रह्मा इत्यादि पनि छैन भनिएको हो ।

यस परमत्थ सत्य भनेको विपल्लास बिरोधी हुन् । यस परमत्थ सत्य धर्मबाट नै विपल्लासलाई हटाउन सकिन्छ । विपल्लासलाई हटाउन सके मात्रै संसारचक्रबाट मुक्त भएर जान सकिन्छ ।

सम्मुति सत्यको भनाई अनुसार पुद्गल छ । सत्त्वप्राणीहरू छन् भन्यो भने सम्मुति सत्यको भनाई अनुसार भनिएको भएर परमत्थ सत्यको आचार्यले बिरोध गर्नुहुन्न । पुद्गल सत्त्व भनेको सम्मुति प्रज्ञप्तिबाट साँच्चैको हुन गयो ।

परमत्थ सत्यको भनाई अनुसार पुद्गल सत्त्वप्राणीहरू छैनन् भनेर भन्यो भने परमत्थ सत्यको भनाइअनुसार भनिएको भएर सम्मुति सत्यको आचार्यले बिरोध गर्नुहुन्न । परमत्थ सत्य भनेको रूपधर्म, नामधर्म भएको सत्य हो । परमत्थ सत्यको भनाइअनुसार पुद्गल सत्त्वप्राणी भन्ने छँदै छैन । उदाहरणको



Downloaded from http://dhamma.digital

लागि - एक माटो भएको ठाउँबाट डल्लो माटो लिएर आई मिहीनसँग पिटेर पानी हाली मैलेर अनेक किसिमको माटाका भाँडाहरू बनाएर लगेकाले लोकमा अनेक माटाका भाँडाहरू पाइयो । धर्म चर्चा गर्दै जाने बेलामा यस लोकमा माटाका भाँडाकुँडाहरू छन् कि ? भनेर सोध्ने वेलामा सम्मुति सत्यको भनाइअनुसार माटाका भाँडाकुँडा साँच्चै छ भनी जवाफ दिनुपर्दछ । परमत्थ सत्यको भनाइअनुसार माटो मात्रै छ भाँडाकुँडा भनेको छैन भनेर जवाफ दिनुपर्छ । यी दुई मध्ये सम्मुति सत्यको भनाईअनुसार लोकमा बसिरहेका धेरै मानिसहरूको व्यवहार अनुरूप भनिने, गरिने, अगाडि प्रकट रूपमा रहे अनुसार जवाफ दिएकाले स्पष्ट गरिरहनुपर्दैन । परमत्थ सत्यको भनाइअनुसार भने स्पष्ट गरेर देखाउनुपर्ने बाटो त छँदैछ ।

परमत्थ सत्यको भनाइअनुसार माटोको भाँडो भनेर भनिरहेको त माटो मात्रै हुन् । भाँडावर्तन हैनन् । किनभने माटो भनेको भाँडावर्तनको नाम हैन । माटो माटोकै मात्र नाम हो । किनभने फलामको भाँडावर्तन पनि त छ, ढलोटको भाँडावर्तन, सुन, चाँदीका भाँडावर्तन पनि छन् । ती भाँडावर्तनलाई माटोको भाँडावर्तन भन्न मिल्दैनन् । किनभने ती माटो हैनन् ।

भाँडावर्तन भनेको पनि माटाको नाम होइन । भाँडावर्तनको आकार गोलो, तीनकुने, चारकुने आदि सण्ठान प्रज्ञाप्तिको नाम मात्र भयो ।

भाँडावर्तनको सण्ठान आकार नभएको माटोको डल्लो आदिलाई भाँडावर्तन भनी जानिँदैनन् । त्यसकारण त्यो माटोको नाम भएन । माटो भनेको जातिको नाम मात्र हो । भाँडावर्तन भनेको माटोको नाम होइन । सण्ठान प्रज्ञप्ति नाम मात्र हो । सण्ठान प्रज्ञप्ति भनेको माटोको धूलोबाट अलग अर्को धातु छैन



Downloaded from http://dhamma.digital

भनिएको हो । थुप्रै माटोको धूलो एकत्रित भैराखकोलाई लिएर चित्तमा उब्जिएर आउने (अवभासित हुने) सण्ठान प्रज्ञप्तिअनुसार माटोको आकारप्रकार मात्र हो । परमत्थ सत्यको भनाई अनुसार माटो भन्ने वस्तु मात्र छ । भाण्डावर्तन भनेको केही छैन भनी जवाफ (स्पष्टिकरण) दिनुपर्ने भयो ।

सम्मुति सत्य सिद्धियो ।

**परमत्थ ( परमार्थ ) सत्य दुइवटा छन् :-**

१. रूप धर्म
२. नाम धर्म

**रूप धर्म २८ प्रकारका छन् :-**

**महाभूत ४ वटा**

पथवी धातु
आपो धातु
तेजो धातु
वायो धातु

**वत्थु रूप ६ प्रकारको :-**

चक्खु वत्थु
सोत वत्थु
घान वत्थु
जिह्वा वत्थु
काय वत्थु
हृदय वत्थु



Downloaded from http://dhamma.digital

भावरूप २ प्रकारको :-

इत्थि भाव रूप र

पुम्भाव रूप

जीवित रूप १ वटा :-

जीवित रूप

आहाररूप १ वटा :-

आहार रूप

गोचर रूप ४ वटा :-

रूपारम्मण

सद्दारम्मण

गन्धारम्मण

रसारम्मण

यी १८ वटाबाट उत्पन्न हुने जाति धर्म प्रकट भइराखेकोले जातरूप भनी भन्दछन् ।

परिच्छेद रूप १ वटा

आकाशं धातु

विञ्ञत्ति रूप २ वटा

काय विञ्ञत्ति

वची विञ्ञत्ति

विकार रूप ३ वटा

लुहुता

मुदुता

कम्मञ्ञता



Downloaded from http://dhamma.digital

लक्खण रूप ४ वटा

उपचय
सन्तति
जरता
अनिच्चता

यी दशवटा रूप उत्पन्न हुने जाति धर्म प्रकट नहुनाले अजातरूप भनेर भन्दछन् ।

## जातरूप १८ वटा

### महाभूत ४ वटा

महाभूत भनेको अत्यन्त वृद्धि भइरहनेलाई भनिएको हो ।

१. पथवी (पृथ्वी) धातु भनी माटो तत्त्वलाई भनिएको हो । माटो तत्त्व भनेको रूपको आधार (ओट्लिने) भइरहेको साह्रो, नरम, धेरै नरम भनेर धेरै प्रकारका छन् ।

२. आपो धातु भनेर पानी तत्त्वलाई भनिएको हो । पानी तत्त्व भनेको रूपधर्मलाई एक धिक्का, डल्लो पार्न एकै ठाउँमा जम्मा पार्नु हो । त्यो पानी धातु धिक्को बनाउने, कस्सिलो र खुकुलो पार्ने अनेक किसिमबाट हुन्छ ।

३. तेजो धातु भनेको आगो तत्त्वलाई भनिएको हो । आगो तत्त्व भनेको रूपधर्मलाई जलाउन, बाल्न, पकाउन र छिपाउन अर्थात् परिपक्व बनाउनलाई भनिएको हो । त्यस तेजो धातुमा शीत तेजो, उष्ण तेजो भनेर दुई प्रकारका छन् ।

४. वायु धातु भनेको वायु तत्त्वलाई भनिएको हो । वायु तत्त्व भनेको उछिट्टिएर जानेलाई भनिएको हो । त्यस वायु तत्त्व भनेको उछिट्ट्याउने हावा, बगाएर लाने हावा, घचेटेर लाने



Downloaded from http://dhamma.digital

हावा इत्यादि भिन्न भिन्न रूपमा छन् । यी चार महाधातुबाट समस्त रूपधर्म उत्पन्न भइरहेको हुन्छ ।

## वत्थुरूप ६ वटा

वत्थुरूप भनेको चित्त उत्पन्न हुनु, चित्तको आधार, भरोसा, वृद्धि हुनेलाई भनिएको हो ।

५. चक्खु वत्थुरूप भनेको आँखाभित्रको सफा निर्मल पसाद धातुलाई भनिएको हो । उक्त चक्खु वत्थुरूपद्वारा चक्खुविज्ञान चित्त उत्पन्न हुन्छ । चक्खुविज्ञान चित्त भनेको रूप आकारलाई देखिनु हो ।

६. सोत वत्थुरूप भनेको कानभित्रको सफा पसाद धातुलाई भनिएको हो । उक्त सोत वत्थुरूपद्वारा सोतविञ्ञानचित्त उत्पन्न हुन्छ । सोतविञ्ञानचित्त भनेको अनेक किसिमको शब्द सुन्नु हो ।

७. घान वत्थुरूप भनेको नाकभित्रको सफा पसादधातुलाई भनिएको हो । उक्त घान वत्थुरूपद्वारा घानविञ्ञानचित्त उत्पन्न हुन्छ । घान विञ्ञान चित्त भनेको अनेक प्रकारको गन्ध (वासना) आउनु हो ।

८. जिह्वा वत्थुरूप भनेको जिब्रो माथिको सफा पसादधातुलाई भनिएको हो । उक्त जिह्वा वत्थुरूपद्वारा जिह्वाविञ्ञान चित्त उत्पन्न हुन्छ । जिह्वाविञ्ञान चित्त भनेको अनेक प्रकारको गुलियो, अमिलो आदि स्वादलाई थाहा पाउनु हो ।

९. काय वत्थुरूप भनेको पाइतालादेखिको भित्री, बाहिरी सम्पूर्ण शरीरमा फिँजिरहेको सफा पसाद धातुलाई भनिएको हो । उक्त



Downloaded from http://dhamma.digital

काय वत्थुरूपद्वारा कायविञ्ञानचित्त उत्पन्न हुन्छ । कायविञ्ञानचित्त भनेको स्पर्श हुने थाहा पाउनु हो ।

१०. हृदय वत्थुरूप भनेको हृदयभित्रको अत्यन्त कोमल, चम्किलो रूपविशेषलाई भनिएको हो । उक्त हृदय वत्थुरूपद्वारा पचहत्तरवटा (७५ वटा) मनोविञ्ञानचित्त उत्पन्न हुन्छ ।

यी ६ वटा वत्थुरूपको आधारमा सम्पूर्ण चित्तविञ्ञान उत्पन्न हुन्छ ।

## दुइवटा भावरूप

भावरूप भनेर उत्पन्न हुने हेतुधर्मलाई भन्दछन् ।

११. इत्थिभावरूप भनेको स्त्री हावभाव, अनेक किसिमको स्त्री आकार उत्पन्न हुने हेतु बीज भइराखेको रूपविशेषलाई भनिएको हो ।

१२. पुम्भावरूप भनेको पुरुष आकार, पुरुष हावभाव उत्पन्न हुने हेतु बीज भइराखेको रूपविशेषलाई भनिएको हो । यी भावरूप स्त्री आकारमा र पुरुष आकारमा कायवत्थुरूप जस्तै पाइतालादेखिन् भित्रबाहिरको सम्पूर्ण शरीरमा व्याप्त भइराखेको छ र यस भावरूपको आधिपत्य भएर स्त्री र पुरुष भन्ने भेद भइरहेको हो ।

१३. जीवितरूप

जीवितरूप भनेको जीवित भइरहनेलाई भनिएको हो । जीवित भइरहने भनेको कमलको पोखरीभित्रको पानीबाट कमलफूलको बोटले कमलको डाँठलाई नमर्ने, नसुक्ने गरी रक्षा गरिराखे जस्तै कर्मज रूपधर्मलाई क्रमशः प्रफुल्लित हुने गरी पालनपोषण र रक्षा गरिराख्ने सजीव सार रूपविशेषलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

लोकमा सत्त्वप्राणीहरू मर्नु, बाँच्नु भनेको यही जीवित रूपको कारणले भइरहेको हो । जीवितरूप पूर्णरूपले निरुद्ध भएर जानेलाई सत्त्वप्राणीहरूको मरण हुने भनेर भन्दछन् । जीवितरूप भइरहनुलाई सत्त्वप्राणीहरू बाँचिरहेको भनी भन्दछन् ।

यो रूप पनि जिउभरि व्याप्त भइरहेको छ ।

१४. आहाररूप :-

आहाररूप भनेको बलशक्तिलाई ल्याउन सक्ने रूपको सारतत्त्वलाई भनिएको हो ।

पृथ्वीको गर्भमा रहेको आपोधातुबाट, फेरि आकाशबाट बेला बेलामा भइरहने वर्षात्को पानीबाट रूख, झारपात, घाँस सपार्न, स्थीर गरिराख्न बलशक्ति ल्याउन सक्ने जस्तै कर्मजकाय, चित्तजकाय, ऋतुजकाय, आहारजकाय भनेर नामाकरण गरिराखेको काय चारवटा रूपधर्मलाई उत्पन्न गराउने, वृद्धि गराउने र तागतिलो बनाइराख्नको लागि धेरै नै आधार र सहायता गरी रक्षा गरिराख्ने पृथ्वी तत्त्व पृथ्वी ओजा भइरहेको छ ।

यस आहाररूप जीवितरूपलाई आधार दिने तत्त्व हो । त्यसैले लोकमा आहार खोज्न जाने मूल कारणलाई जीविका गर्ने भनेर भनिएको हो ।

## चारवटा गोचररूप

गोचररूप भनेको चक्षुविज्ञान आदि पाँचवटा विज्ञानको गोचर गर्ने आरम्मणलाई भनिएको हो ।

१५. रूपारम्मण भनेको भिन्न भिन्न वर्णलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

१६. सद्दारम्मण (शब्दारम्मण) भनेको भिन्न भिन्न शब्दलाई भनिएको हो ।

१७. गन्धारम्मण भनेको भिन्न भिन्न गन्धलाई भनिएको हो ।

१८. रसारम्मण भनेको गुलियो, अमिलो आदि भिन्न भिन्न रसलाई भनिएको हो ।

यहाँ फोट्टब्बारम्मण (स्प्रष्टव्यारम्मण) नराखेको कारण चारैवटा महाभूतभित्र परिसकेको भएर नराखिएको हो । पथवी फोट्टब्ब, तेजो फोट्टब्ब, वायो फोट्टब्ब भनी तीनवटा एउटै गरी फोट्टब्बारम्मण समेत पाँचवटा गोचररूप हुन गएको छ । ती पाँचवटा मध्ये -

रूपारम्मण भनेको आँखाको आरम्मण,
सद्दारम्मण भनेको कानको आरम्मण,
गन्धारम्मण भनेको नाकको आरम्मण,
रसारम्मण भनेको जिब्रोको आरम्मण,
फोट्टब्बारम्मण भनेको शरीरको आरम्मण हो ।

१८ वटा जातरूप सिद्धियो ।

## अजातरूप १० वटा

### आकाशधातु

१९. आकाशधातु भनेको आकाश स्वभाव (शून्य) हो । बालुवाको रास थुपारिराखेकोमा एक एक बालुवाको बीचमा रहेको खाली



Downloaded from http://dhamma.digital

ठाउँमा आकाश विद्यमान भइरहेको छ । जति पनि बालुवा छन्, खाली आकाश पनि त्यति नै हुन्छ । आकाशधातुबाट भरिएको कारणले गर्दा बालुवाको कण भनी अलग अलग गरेर छुट्याउन सकिएको हो । जुनबेला बालुवाको रास भाँसिन्छ तब उक्त आकासधातुबाटै बालुवा परस्पर छुट्टिएर बालुवाको रास भन्ने हराएर जान्छ ।

त्यस्तै नै अत्यन्त कडा (साह्रो) भइराखेको ढुङ्गाको डल्लोमा, फलामको डल्लोमा पनि बालुवासमानको एउटा एउटा सूक्ष्म सूक्ष्म रूप असंख्य, अनगिन्ती रहेको हुन्छ । एक एकवटा रूप समूह रूप धिक्को भइराखेकोलाई एक एकवटा रूपकलाप भन्दछन् ।

यस रूपकलाप एक एकवटाको बीचमा खाली स्थान (आकाश) रहेको हुन्छ । ढुङ्गाको डल्लो, फलामको डल्लोलाई सुहाउँदो किसिमले आकाश परिच्छेद रूप पनि त्यति नै हुँदा रहेछन् । यस परिच्छेद आकाश भएको कारणले गर्दा ढुङ्गाको डल्लो, फलामे डल्लो; ढुङ्गा र फलामको डण्डीलाई टुक्रा टुक्रा गर्न सकिएको हो । धूलोपीठो पार्न सकिएको हो । तरल बनाउन सकिएको हो ।

## दुइवटा विञ्ञतिरूप

विञ्ञत्ति भनेको एकले अरूको पारस्परिक चित्तको कुरा थाहापाउन दिन एक प्रकारको हावभावलाई भनिएको हो ।

२०. काय विञ्ञतिरूप भनेको आफ्नो चित्तको कुरा अरूलाई थाहापाउन दिन अङ्गप्रत्यङ्ग सञ्चालन गरेर देखाउने हावभाव विशेषलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

२१. वची विञ्ञतिरूप भनेको आफ्नो चित्तको कुरा अरूलाई थाहा पाउन दिन शब्दको उच्चारणमा भएका अक्षरलाई सञ्चालन गर्ने एउटा विशेष हावभावलाई भनिएको हो ।

अरुको चित्तलाई थाहापाउन र देख्न नसक्नेहरूले सोही सोही चित्तको कुरालाई पनि सोही सोही अर्थ अभिप्रायलाई बुझिन्छन् र उक्त बिञ्ञति पनि त्यस विञ्ञति रूप द्वयद्वारा बुझाउने प्रयास गरेर परस्पर चित्तको कुरालाई बोध गराइरहन्छन् । सम्झाइदिन चाहेको अर्थ अभिप्रायलाई सम्झाइन्छन् । अरुलाई आफ्नो इच्छा थाहापाउन दिने इच्छा नभए तापनि चित्तको इच्छाअनुसार शरीरको अङ्ग सञ्चालन गरेको कारणले चित्तको इच्छानुसार ग्रन्थ पढ्नमा पनि दुइवटा विञ्ञतिरूपको काम भइरहेको हुन्छ ।

## तीनवटा विकाररूप

विकाररूप भनेको जातरूपको हावभाव, आकारप्रकारविशेषलाई भनिएको हो ।

२२. लहुता भनेको हलुका हुनेलाई भनिएको हो ।

२३. मुदुता भनेको कोमल/नरमपनालाई भनिएको हो ।

२४. कम्मञ्ञता भनेको कायिक क्रिया, वाचिक क्रिया प्रयोग गर्ने बेलामा बाधारहित भइरहनेलाई भन्दछन् ।

शरीरको अङ्गप्रत्यङ्गमा चारवटा महाभूत मध्ये एउटा गडबड हुने बेलामा, समान नहुने अवस्थामा उक्त अङ्गप्रत्यङ्गलाई



Downloaded from http://dhamma.digital

आफूलाई चाहिँदो किसिमले चलाउने बेलामा पहिले जस्तै हलुङ्गो नभई गह्रौं हुन्छ, दुःख हुन्छ ।

पहिले जस्तो नरमपना हुँदैन र भारी भइरहन्छ, दुःख भइरहन्छ । पहिले जस्तै इच्छा मुताविक हुँदैन । जति चल्यो त्यति वेदना भइरहन्छ । कुरा गर्ने बेलामा, मुख, जिब्रो भारी भइरहन्छ । रनक्क रन्की थिडरिङ्ग परिरहन्छ । आफूले भनेजस्तो भइरहँदैन । चारवटा धातु समान भएर शरीरको अङ्गप्रत्यङ्ग स्वस्थ भइरहने अवस्थामा यी लहुता, मुदुता, कम्मञ्ञता भन्ने तीनवटा गुणले युक्त भइरहन्छन् । यी तीन गुणलाई तीनवटा विकाररूप भन्दछन् ।

## चारवटा लक्खनरूप

लक्खन भनेको - यी धर्महरू जम्मै अनित्य हुन् भनेर निश्चयरूपले (जान्न) सक्ने लक्षणलाई भनिएको हो ।

२५. उपचयरूप भनेको पहिले उत्पन्न हुने/उत्पन्न भएर क्रमशः बढ्दै जानेलाई भनिएको हो । त्यस मध्ये पहिलोपटक उत्पन्न हुनेलाई आचय भन्दछन् । आचय उपचयको पर्यायवाची शब्द हो ।

२६. सन्ततिरूप भनेको क्रमशः वृद्धि भएर आउने, सिद्धिनासाथ घटबढ नभइकन स्थिर भइरहनेलाई भन्दछन् । उक्त सन्ततिलाई पवत्ति भन्दछन् । रूप कलाप उत्पन्न भएर आउने भनेको जाति धर्म एउटैलाई आचय, उपचय, सन्तति भनेर अवस्थानुसार तीनवटा नाम रहेको हो ।

२७. जडता भनेको बुढो हुनु, बिल्नु, जीर्ण हुनु, छिप्नु, पुरानो हुनु, झुत्रो हुनु, कुहिएर जाने, बल हीन हुँदै जानेलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

२८. अनिच्चता भनेको मरेर सिद्धिएर जाने, समाप्त भएर, हराएर, लोप भई नष्ट भएर जानेलाई भनिएको हो ।

एउटा सानो रूखमा आचय अवस्था, उपचय अवस्था, सन्तति अवस्था, जडता अवस्था र अनिच्चता अवस्था भनेर पाँचवटा अवस्था रहेको हुन्छ ।

उक्त सानो रूख पहिले उम्रेर आउँछ, त्यसपछि दिनका दिन सप्रेर आउँछ । सप्रँदै बढेर दीर्घकालसम्म एउटै रूपमा रहिरहन्छन् । एउटै स्वरूपमा रहँदारहँदै झन् झन् सुकेर खुम्चेर हीन भएर घट्दै घट्दै अन्तमा मरेरै जान्छन् र मरेर गई नष्ट भएर हराएरै जान्छन् ।

उम्रेर आइराखेको समयको रूपको उत्पत्तिलाई आचय भन्दछन् । बृद्धि भएर आइराखेको समयको रूपको उत्पत्तिलाई उपचय भन्दछन् । स्थिर अवस्थामा भइरहने समयको रूपको उत्पत्तिलाई सन्तति भन्दछन् ।

यी तीन अवस्थाभित्रको क्षणिक जडता, क्षणिक अनिच्चता भइरहे तापनि प्रकट नभएको भयो । त्यो सानो रूख हीन भएर घट्दै गइरहने वेला रूपको स्थिति क्षणमा छिप्नुलाई जडता भन्दछ । यो हीन भएर घट्दै गइरहने अवस्थामा पनि रूपको क्षणिक जाति, क्षणिक मरण त भइनै रहन्छन् ।

त्यो सानो रूख हीन भएर घट्दै गई अन्तमा मरेरै जान्छन् । मरेर गएदेखिन् त्यसको नामोनिशान समेत बाँकी नरहने गरी मेटिएरै गए पनि उक्त अवस्थाभित्र पनि रूपको क्षणिक मरणलाई अनिच्चता भन्दछन् । अनिच्चताको अवस्थामा



Downloaded from http://dhamma.digital

रूपको क्षणिक जाति, क्षणिक जडता भइनै रहन्छन् । तर प्रकट रूपमा आएकोलाई लिएर मात्र पाँचवटा अवस्थाको भेद भएकोलाई देखाइएको भयो ।

उक्त सानो रूख जस्तै रूखको हाँगा, पात, अंकुर, फुल, फलको पनि भिन्न भिन्न पाँच पाँचवटा अवस्थाहरू छन् ।

एउटा फलमा- सर्वप्रथम उम्रनु, त्यसपछि वृद्धि हुँदै जानु, त्यसपछि स्थिर भएर रहिरहनु, पाक्नु अनि हाँगाबाट झरेर जानु, त्यसपछि नामोनिशानै नहुने गरी नष्ट, विनष्ट भएर जान्छन् ।

रूख जस्तै सत्त्वप्राणीहरूको ठूलो सानो अङ्गप्रत्यङ्ग पनि माथिदेखि उत्पन्न भएर आउने इत्यादि योग्यताअनुसार भइरहन्छन् ।

जाने, आउने, उभिरहने, बसिरहने, कुरा गरिरहने इत्यादि शरीरको क्रियाकलाप, मुखको क्रियाकलाप, चित्तको क्रियाकलाप आदि मध्य अन्त रहिरहेकाले ती क्रियाकलापमा पनि पाँचवटा अवस्था योग्यताअनुसार भइरहने भयो ।

घर, भवन, विमान, पाटी, शाला, खात, पिर्का, कपडा, लुगा, भाँडाकुँडा इत्यादिको पनि आदि मध्य अन्त हुँदा रहेछन् ।

१० वटा अजातरूप सिद्धियो ।



Downloaded from http://dhamma.digital

# रूप समुट्ठान

## रूप बन्ने चारवटा कारणहरू :-

रूप बन्ने कारण - कर्म, चित्त, ऋतु र आहार भनी चार प्रकारका छन् ।

१. कर्म :- पूर्वजन्ममा आफूले गरेर आएका कुशलकर्म, अकुशलकर्मलाई भनेका हुन् ।

२. चित्त :- वर्तमानमा, अहिले, यो जुनीमा रहेका चित्त चेतसिकलाई भनेका हुन् ।

३. ऋतु :- शीततेज, उष्णतेज भनेको अग्निधातु दुइवटालाई भनेका हुन् ।

४. आहार :- गर्भवास् हुँदादेखिन् रही आएको भित्री शक्तिवर्धक ओजा एक, घाँटीबाट खानपान गरेर उत्पन्न भएको बाह्य ओजा एक गरी यी दुई ओजाधातुलाई भनेका हुन् ।

२८ वटा रूप मध्ये

वत्थुरूप ६ वटा
भावरूप २ वटा
जीवितरूप १ वटा गरी

यी नौवटा कर्मबाट बन्दछन् :-

विञ्ञति रूप दुइवटा

यी सबै चित्तबाट बन्दछन् ।

सद्दारम्मण चित्तको कारणले बन्ने र ऋतुको कारणले बन्ने भनी दुई प्रकारका रहेछन् ।

विकाररूप तीनवटा

चित्तको कारणले पनि बन्दछन् ।
ऋतुको कारणले पनि बन्दछन् ।
आहारको कारणले पनि बन्दछन् ।



Downloaded from http://dhamma.digital

बाँकी भएका रूप समूह तेह्रवटामध्ये जडता रूप, अनिच्चता रूप दुइवटालाई बाँकी राखी :-

महाभूत - ४,
आहार रूप,
रूपारम्मण,
गन्धारम्मण,
रसारम्मण,
आकाश धातु,
उपचय रूप,
सन्तति रूप,

यी ११ वटा रूप चारवटा कारणले उत्पन्न भएर आउँदछन् ।

कर्मले गर्दा उत्पन्न भएर आउने भएकाले ती अन्तर्गत भइरहेको हो ।

चित्तको कारणले उत्पन्न भएर आउने, ऋतुले गर्दा उत्पन्न हुने, आहारले गर्दा उत्पन्न भएर आउने भएकोले पनि ती अन्तर्गत् भइरहेको हो । ती रहित भइराखेको रूप भनेको केही पनि छैनन् । ती जम्मै सँगै आठ नौवटा आदि समूह समूह भई एक धिक्का भएर आउँछन् । एउटा रूप समूहलाई एकवटा रूप कलाप भन्दछन् ।

जडता रूप, अनिच्चता रूप भने उत्पन्न भएर आउने चाहिँ होइन । उत्पन्न भएर आइसकेपछि स्वभाव अनुसार साह्रो भएर आउँछ र नष्ट भएर जान्छन् । त्यसैले जडता रूप, अनिच्चता रूप चारवटा कारणले उत्पन्न हुने धर्मबाट अलग भइराखेको हो ।

(२८ वटा रूप सिद्धियो )



Downloaded from http://dhamma.digital

# ५४ वटा नाम धर्म

१. चित्त - १
२. चेतसिक - ५२
३. निर्वाण - १

**चित्त** :- आरम्मणलाई खोजेर चिन्तना गर्ने, ग्रहण गरी लिने एवं जान्नु (थाहापाउनु) लाई भनिएको हो ।

**चेतसिक** :- चित्तबाट उत्पन्न भएको नाम क्रियाकलापलाई भनिएको हो ।

**निर्वाण** :- अनेक प्रकारको दुःखबाट मुक्त भइरहेको स्थितिलाई भनिएको हो ।

**चित्त ६ वटा छन् :-**

चक्षुविज्ञान चित्त
स्रोतविज्ञान चित्त
घ्राणविज्ञान चित्त
जिह्वाविज्ञान चित्त
कायविज्ञान चित्त
मनोविज्ञान चित्त

चक्षु वस्तु रूपमा उत्पन्न भएर आउने चित्तलाई चक्षुविज्ञान चित्त भन्दछन् । रूपलाई देख्नु ।
स्रोत वस्तु रूपमा उत्पन्न भएर आउने चित्तलाई श्रोतविज्ञान चित्त भन्दछन् । शब्दलाई सुन्नु ।
घ्राण वस्तु रूपमा उत्पन्न भएर आउने चित्तलाई घ्राणविज्ञान चित्त भन्दछन् । सुगन्ध, दुर्गन्ध, बास्ना आउनु ।



Downloaded from http://dhamma.digital

जिह्वा वस्तु रूपमा उत्पन्न भएर आउने चित्तलाई जिह्वाविज्ञान चित्त भन्दछन् । स्वाद थाहा पाउनु ।

काय वस्तु रूपमा उत्पन्न भएर आउने चित्तलाई कायविज्ञान चित्त भन्दछन् । स्पर्श थाहा पाउनु ।

हृदय वस्तु रूपमा उत्पन्न भएर आउने चित्तलाई मनोविज्ञान चित्त भन्दछन् । रूपलाई देख्नु ।

अरूप भूमिमा उत्पन्न हुने बेलामा - हृदय वस्तुसँग अलग भइरहन्छन् र मनोविज्ञान चित्त चार प्रकारका हुन्छन्:-

काम,
रूप,
अरूप,
लोकुत्तर ।

यी चारवटा मध्ये काम भनेको कामतृष्णाको अधीनमा परिरहेको कोरा चित्तलाई भनिएको हो । त्यो काम चित्त -

अकुशल चित्त,
कुशल चित्त,
विपाक चित्त,
क्रिया चित्त भनेर चार प्रकारका छन् ।

रूप चित्त भनेको कामतृष्णाबाट मुक्त भएर रूपतृष्णाको अधीनमा परिरहेको ध्यानचित्तलाई भनिएको हो । त्यो रूपचित्त :-

कुशल ध्यान चित्त
विपाक ध्यान चित्त



Downloaded from http://dhamma.digital

क्रिया ध्यान चित्त भनेर तीन प्रकारका छन् । अरूप चित्त भनेको रूपतृष्णाबाट मुक्त भई अरूपतृष्णाको अधीनमा परिरहेको ध्यान चित्तलाई भनिएको हो । त्यो अरूप चित्त पनि -

कुशल ध्यान चित्त
विपाक ध्यान चित्त
क्रिया ध्यान चित्त भनेर तीन प्रकारका छन् ।

लोकुत्तर भनेको तीन प्रकारको तृष्णाबाट मुक्त भई कामलोक, रूपलोक, अरूपलोक भन्ने तीन लोकबाट नाघेर गइसकेको आर्यहरूको चित्तलाई भनिएको हो ।

लोकुत्तर चित्त - आर्यमार्ग चित्त
आर्यफल चित्त भनेर दुई प्रकारका छन् ।

## चेतसिक - बाउन्नवटा छन् ।

१. फस्स
२. वेदना
३. सञ्ञा
४. चेतना
५. एकग्गता
६. जीवित
७. मनसिकार

यी सातवटालाई सब्बचित्तक भन्दछन् । जुनसुकै चित्तसँग पनि मिल्दछन् ।

१. वितक्क
२. विचार
३. वीरिय
४. पीति
५. छन्द



Downloaded from http://dhamma.digital

६. अधिमोक्ख

यी ६ वटालाइं पकिण्णक (प्रकीर्णक) भन्दछन् । (मिश्रण) घुलमिल भएर मात्र मिल्दछन् । सब्बचित्तक ७ वटा र पकिण्णक ६ वटा गरी जम्मा १३ वटालाई विमिस्सक (विमिश्रका) भन्दछन् । किनभने यी असल खराब दुबैमा मिल्न जान्छन् ।

| | |
|---|---|
| १. लोभ | ८. कुक्कुच्च |
| २. दोस | ९. अहिरिक |
| ३. मोह | १०. अनोत्तप्प |
| ४. दिट्ठि | ११. उद्धच्च |
| ५. मान | १२. थिन |
| ६. इस्सा | १३. मिद्ध |
| ७. मच्छरिय | १४. विचिकिच्छा |

यी माथिका १४ वटालाई पाप जाति भन्दछन् । किनभने यी जम्मै नराम्रा जाति हुन् ।

१. अलोभ
२. अदोस
३. अमोह
४. सद्धा
५. सति
६. हिरी
७. ओत्तप्प
८. तत्रमज्झत्तता
९. कायपस्सद्धि
१०. चित्तपस्सद्धि
११. कायलहुता
१२. चित्तलहुता



Downloaded from http://dhamma.digital

१३. कायमुदुता

१४. चित्तमुदुता

१५. कायकम्मञ्ञता

१६. चित्तकम्मञ्ञता

१७. कायपागुञ्ञता

१८. चित्तपागुञ्ञता

१९. कायुजुकता

२०. चित्तुजुकता

यी उल्लिखित २० वटालाई सोमन भन्दछन् ।

२१. सम्मावाचा

२२. सम्माकम्मन्त

२३. सम्माआजीव भनी यी ३ वटालाई विरति भन्दछन् ।

२४. करुणा

२५. मुदिता भनी यी दुइवटालाई अप्पमञ्ञा भन्दछन् ।

यी २५ वटालाई कल्याण जाति भन्दछन् । किनभने यी जम्मै असल चेतसिक हुन् ।

| | |
|---|---|
| मिस्सक - | १३ वटा |
| पाप जाति - | १४ वटा |
| कल्याण जाति - | २५ वटा |
| जम्मा | ५२ वटा भयो । |

## सब्बचित्तक ७ वटा

### १. फस्स

फस्स भनेको स्पर्श हुनु हो ।

स्पर्श - (छुनु), इष्ट रस, अनिष्ट रस, उत्पन्न गराउन आरम्मणलाई पेल्नु वा निचोड्नु हो र स्पर्श आरम्मणको रस उत्पन्न गर्ने धर्म भएकोले सबै चेतसिक धर्म उत्पन्न गराउने



Downloaded from http://dhamma.digital

मूल कारण रहेको छ । रस उत्पन्न भएन भने आरम्मण जति सम्पूर्ण कुनै काम लाग्दैनन् ।

## २. वेदना

वेदना भनेको, उक्त रसलाई अनुभव गर्ने (स्वाद लिनु) हो ।

सर्वसत्त्वप्राणीहरू यस रसानुभव गर्नमा तत्पर भइरहेछ, डुबिरहेछ ।

## ३. सञ्ञा

सञ्ञा भनेको चिन्नु हो । सर्वसत्त्वप्राणीहरू वंशानुगत रूपमा चिन्ने कार्य पूरा गर्न सकेमा यसै संज्ञाबाटै जानेसुनेकाहरूको भावले पूर्ण भइरहन्छन् ।

## ४. चेतना

चेतना भनेको प्रेरणा दिनु हो । नामधर्मलाई कार्यमा समभाव रूपले उत्थान गराउन जागृत गरिदिनमा प्रधान प्रबन्धक भइरहेको छ । त्यसको लागि लोकमा ठूलठूला काममा राम्रो प्रबन्ध गर्नेलाई ठूल-ठूला कामकार्यको नायक बनाई त्यही अनुसार नाम लिँदा रहेछन् । 'यस महान् कार्य फलानोले गरेको, फलानोको काम हो' भन्ने चलन रहेछ ।

त्यस्तै त्यही त्यही धर्ममा पनि कायकर्म, वचीकर्म, मनोकर्ममा उक्साउने प्रमुख प्रबन्धकर्ता भइरहने यस चेतनालाई नै नायक बनाई चेतनालाई मात्र कर्ताको रूपमा राखेको भएर चेतनालाई नै कर्म भन्ने गरिन्छ ।

लोकमा धन अभिवृद्धि, प्रज्ञा अभिवृद्धि जति पनि छन् ती जम्मै यस वर्तमान जीवनमा कोशिश, उद्योग, वीर्य भएको



Downloaded from http://dhamma.digital

कायकर्म, वचीकर्म, मनोकर्मबाट उत्पन्न भइरहेको जस्तै नै मृत्यु पश्चात् नयाँ नयाँ जन्ममा अभिवृद्धि हुने पनि पहिले पहिलेको जन्ममा उद्योग, कोशिश, वीर्यपूर्वक सिद्ध गरेर आएको यस चेतनाबाट प्रेरित कायकर्म, वचीकर्म, मनोकर्मबाट उत्पन्न भएर आउने रहेछ ।

पृथ्वी, जल, जंगल, पर्वत्, रूख, लहरा, घाँस परम्परागत् रूपमा उत्पन्न भएर आइराखेको ऋतु भनेको अग्निधातुबाट उब्जिएर आइराखेको भएर अग्निधातुको नाति पनाति जस्तो सकल सत्त्वप्राणीहरूको परम्परा पनि 'चेतना' नामक कर्मधातुबाट उत्पन्न भएर आइराखेको कारणले कर्मधातुको नाति पनाति जस्ता मात्रै हुन् ।

५. एकग्गता

एकग्गता भनेको स्थिर चित्तलाई भनिएको हो । त्यसलाई समाधि पनि भन्दछन् । ध्यान अभिज्ञा, समापत्तिमा अधिपति भैरहेको छ ।

६. जीवित

जीवित भनेको नामधर्मको प्राण हुन् । नाम सन्तति (प्रवाहित धारा) लाई दीर्घकालसम्म स्थिर गरिराख्नमा अधिपति हुन् ।

७. मनसिकार

मनसिकार भनेको मनन गर्नेलाई भनिएको हो । आफूलाई मनपर्ने आरम्मणलाई चित्तमा बारम्बार ल्याइरहनुलाई भनिएको हो ।

यी सातवटा चेतसिकलाई सम्पूर्ण चित्तमा सँधै नै संयुक्त भइरहने भएकोले सब्बचित्तक चेतसिक भन्ने गर्दछन् ।



Downloaded from http://dhamma.digital

## ८. वितक्क

वितक्क भनेको चित्तको अनेक तरहको कल्पना चिन्तना गर्नेलाई भनिएको हो । यसलाई संकल्प पनि भन्ने गर्दछन् । सम्यक् संकल्प, मिथ्या संकल्प भनेर दुइवटा संकल्प छन् ।

## ९. विचार

विचार भनेको आरम्मणमा चित्तको विचरण गरिरहनुलाई भनिएको हो ।

## १०. वीरिय

वीरिय भनेको गर्नुपर्ने कार्यमा चित्तको उत्साह हलुका पारिदिनेलाई भनिएको हो । यसमा सम्यक् व्यायाम र मिथ्या व्यायाम भनेर दुइवटा छन् ।

## ११. पीति

पीति भनेको चित्तको प्रसन्नता अर्थात् चित्त प्रफुल्लित हुनु हो ।

चित्तको प्रमुदित, प्रफुल्लित, प्रसन्नता एवं स्फूर्तिभावको वेगले युक्त बनाइदिनेलाई भनिएको हो ।

## १२. छन्द

छन्द भनेको इच्छा हो । जाने इच्छा, आउने इच्छा, कुरा गर्ने इच्छा, भन्ने इच्छा आदि ।

## १३. अधिमोक्ख

आरम्मणमा नअट्किनुलाई अधिमोक्ख भन्दछन् । सच्चा भएपनि, झूठो भएपनि यस्तो हो कि, उस्तो हो कि भन्ने दोधार



Downloaded from http://dhamma.digital

हुँदैन । अल्मलिनु (अर्ट्किनु) शंका-संशयबाट चित्त मुक्त भइरहनु नै अधिमोक्ख हो ।

यी ६ वटा चेतसिक सबै चित्तसँग मिल्दैनन् । कुनै चित्तसँग मात्रै मिल्ने भएकाले थिनीहरूलाई पकिण्णक (प्रकीर्णक) चेतसिक भन्दछन् ।

सब्बचित्तक ७ वटासँग मिलाउँदा १३ वटा हुन जान्छन् । यी तेह्रवटा चेतसिकहरू राम्रो, नराम्रो दुइटै मिसिन जाने भएंकाले थिनीहरूलाई विमिस्सक चेतसिक भन्ने गर्दछन् । चित्त पनि असल, खराब दुवैमा मिसिराखेकै हुन्छन् ।

## अकुशल चेतसिक १४ वटा

### १४. लोभ

आरम्मणमा चित्त आसक्त हुन जानेलाई लोभ भन्दछन् । यो लोभलाई तृष्णा, अभिज्जा, काम र राग पनि भन्दछन् ।

### १५. दोस

दोस भनेको आरम्मणमा चित्त जोडतोडले ठक्कर खानजानेलाई भन्दछन् । दोस (द्वेष)लाई पटिघ (प्रतिघ) व्यापाद पनि भन्दछन् ।

### १६. मोह

सत्यधर्मलाई थाहा नपाउनुलाई मोह भनेको हो । यस मोहलाई अविद्या, अज्ञान र अदर्शन पनि भन्दछन् ।

यी तीनवटा चेतसिक जम्मै अकुशल पापधर्मको मूल जरा भइराखेकोले तीनवटा अकुशलमूल धर्म भन्ने गर्दछन् ।



Downloaded from http://dhamma.digital

### १७. दिट्ठि

दिट्ठि भनेको सत्यधर्मलाई उल्टो देख्नु (बुझ्नु), दृष्टिभ्रमलाई भनिएको हो । अनित्यलाई नित्य भनी ग्रहण गर्नु, दु:खलाई सुख भनी ग्रहण गर्नु, अनात्मलाई आत्म भनी ग्रहण गरी लिने । कुशल कर्म, अकुशल कर्मलाई नमान्नु, कार्य र कर्मफललाई नमान्नु इत्यादि ।

### १८. मान

धारणा उल्टो हुनुलाई मान भन्दछन् । 'म' भन्ने मात्र नामरूपलाई 'म' भनेर सम्झिरहन्छन् । त्यो 'म' भन्नेलाई नै कुललाई लिएर नीच, उच्च सम्झिरहन्छन् । वंशलाई लिएर नीच, उच्च सम्झिरहन्छन् ।

### १९. इस्सा

इस्सा भनेको इर्ष्या, डाह हुने भावलाई भनेको हो । अरूको भलो भएको सहन नसक्नु, हर्षित हुन नसक्नु, प्रशंसा गर्न नसक्नु, राम्रो कुरा गर्न नसक्नु, नराम्रो (खराब) कुरा गर्ने चिन्तन गरिरहनुलाई भनिएको हो ।

### २०. मच्छरिय

सानो चित्त हुनु, कञ्जुसी हुने चित्तलाई मच्छरिय भन्दछन् । आफू मात्र भलो भए हुने, अरूहरूको भलाई भएको देख्न नसक्ने, चित्त दुखाउने, कप्ति हुनेलाई भनिएका हुन् ।

### २१. कुक्कुच्च

पश्चात्ताप भइरहनेलाई कुक्कुच्च भनिएको हो । भूल गरिसकेपछि 'मैले भूल गरेछु, म अन्धो भएछु, मैले गल्ति गरेर आएछु भनी सम्झेर पश्चात्ताप भइरहनुलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

लोकमा भूल हुने दुई प्रकारका छन् । दुश्चरित्र कर्म गर्ने भूल एउटा / सुचरित्र कर्म नगर्ने भूल एउटा/पश्चात्ताप हुने पनि दुइवटा छन् । 'मैले दुश्चरित्र कर्म गर्न पुगेछु' भनी पश्चात्ताप हुने एउटा । 'मैले दान शीलादि सुचरित्र कर्म गर्न पाइएनछु' भनी हुने पश्चात्ताप एउटा । लोकमा 'मूर्ख मान्छेलाई पछि मात्रै होश आउँछ' भन्ने उक्ति अनुसार भूल दुई प्रकारको भएकाले कुक्कुच्च अर्थात् पश्चात्ताप हुने प्रकार दुइवटा भएका हुन् ।

## २२. आहिरिक

आहिरिक भनेको लाज शरम नहुनुलाई भनेको हो । नराम्रो, दुश्चरित्र गर्ने अवस्था आइपर्ने बेलामा 'म मूर्ख काममा पर्न लागें, मूर्ख काममा फँस्न लाग्यो' भनेर संकोच मान्दैनन् । 'मान्छेहरूले थाहा पाइएला, देवताहरूले थाहा पाउलान्' भनेर लाज शरम मान्दैनन् ।

## २३. अनोत्तप्प

अनोत्तप्प भनेको भय, त्रास नलिनुलाई भनिएको हो । 'पहिले म मूर्ख हुन पुगेछु, मैले भूल गरेछु', भनी आफूले आफैलाई दोष दिइरहनु, धिक्कार गरिरहनु भनेको अत्तानुवाद भय पछि भएर आउने देखेर पनि नडराउनु । असल मान्छेहरूले, असल देवताहरूले खिसि गर्लान्, निन्दा-उपहास गर्लान् भन्ने परानुवाद भय उत्पन्न हुने देखेर पनि डराउँदैनन्, त्रास मान्दैनन् ।

## २४. उद्धच्च

उद्धच्च भनेको एउटा मात्रै आरम्मणमा चित्त स्थिर नहुनुलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

२५. थिन

चित्तको अल्छि भावलाई थिन भनिएको हो । आरम्मणलाई बुझ्नमा राम्ररी स्पष्ट नभइकन विपना हो कि सपना जस्तो हुनुलाई भनिएको हो ।

२६. मिद्ध

चेतसिक सुस्तिलाई ( अल्छिभाव) मिद्ध भनिएको हो । आरम्मणलाई अनुभव गर्नुमा राम्रोसँग स्पष्ट नहुनु, सपना हो कि विपना जस्तो भइरहने अवस्था ।

२७. विचिकिच्छा

विश्वास गर्न योग्य भएकोमा विश्वास नगरीकन, शका गरिरहनुलाई विचिकिच्छा भनिएको हो ।

यी (१४) चौधवटा चेतसिक जम्मै नै खराब जातको भएकाले पाप जाति र अकुशल धर्म भन्दछन् ।

## कुशल चेतसिक पच्चीसवटा सिद्धियो ।

२८. अलोभ

अलोभ भनेको आरम्मणमा चित्त नचिप्किनुलाई भनिएको हो । यस अलोभलाई नेक्खम्म धातु पनि भन्दछन् । अनभिज्झा पनि भन्दछन् ।

२९. अदोस

अदोस भनेको आरम्मणमा चित्त विनम्र भई झुक्नुलाई भनिएको हो । यस अदोसलाई अव्यापाद पनि भन्दछन् । मैत्री पनि भन्दछन् ।



Downloaded from http://dhamma.digital

## ३०. अमोह

अमोह भनेको सत्यलाई सत्य भनी जान्नु बुझ्नलाई भनिएको हो । यो अमोहलाई ञाण (ज्ञान) पनि भन्दछन् । पञ्ञा (प्रज्ञा) पनि भन्दछन् । विज्जा पनि भन्दछन् । सम्मादिट्ठि पनि भन्दछन् । यी तीनवटा धर्म (अलोभ, अदोस, अमोह) सबै कल्याण धर्मको मूल जरा भइरहेकाले तीनवटा कल्याणमूल धर्म पनि भन्दछन् ।

## ३१. सद्धा

सद्धा भनेको विश्वास गर्न योग्य यथार्थ धर्ममा विश्वास गर्दै लानुलाई भनिएको हो । यो श्रद्धालाई पसाद पनि भन्दछन् । अधिमोक्ख पनि भन्दछन् ।

## ३२. सति

सति भनेको राम्रो (असल) उत्तम विषयमा विस्मृति हुन नदिन, नहराउन, बारम्बार सम्झना गरिरहनुलाई भनिएको हो । यसलाई शरण पनि भन्दछन् । उपट्ठान पनि भन्दछन् ।

## ३३. हिरी

हिरी भनेको लजाउनु हो । लाजमान्नु भनेको लाज, शरम मानी नराम्रो काममा अधि नबढ्नुलाई भनिएको हो ।

## ३४. ओत्तप्प

ओत्तप्प भनेको डराउनु, त्रास मान्नुलाई भनिएको हो । अत्तानुवाद भय, अपाय (नरक) भयले डराइ त्रास मानिइ दुश्चरित्र कार्यमा अग्रसर हुन जान लाज मान्नुलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

३५. तत्रमज्झत्तता

तत्रमज्झत्तता भनेको आरम्मणमा अट्किरहनेको बिपरीत स्वभाव हुन् । (अन्तबाट) टुप्पोबाट मुक्त भई मध्यस्थ स्थानमा स्थिर भइरहनुलाई भनिएको हो । यो तत्रमज्झत्ततालाई ब्रह्मविहारमा आएको उपेक्खा बोज्झङ्ग पनि भन्दछन् ।

३६. कायपस्सद्धि

कायपस्सद्धि भनेको, चेतसिक समूह भनेको नामकाय शान्त हुनुलाई भनिएको हो ।

३७. चित्तपस्सद्धि

चित्तपस्सद्धि भनेको चित्त शान्त हुनुलाई भनिएको हो । शान्त भनेको कुशलकर्मलाई अशान्त गर्ने पापधर्मसँग सम्प्रयुक्त नभइकन सम्प्रयुक्त धर्मलाई सफा र निर्मल पारिदिनेलाई भनिएको हो ।

३८. कायलहुता

कायलहुता भनेको नामकायको हलुँगो हुने स्वभावलाई भनिएको हो ।

३९. चित्तलहुता

चित्तलहुता भनेको चित्तको हलुको हुने स्वभावलाई भनिएको हो । हलुको हुने स्वभाव भनेको कुशलकर्ममा गह्रौंगो पारिदिने पाप अकुशलकर्मसँग संयुक्त नभई संप्रयुक्त धर्मको हलुको हुने स्वभावलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

## ४०. कायमुदुता

कायमुदुता भनेको नामकायको मृदु (नरमपना) स्वभावलाई भनिएको हो ।

## ४१. चित्तमुदुता

चित्तमुदुता भनेको चित्तको मृदु (नरमपना) स्वभावलाई भनिएको हो । मृदु (नरमपना) भनेको कुशलकर्ममा चित्तको साह्रो (कडा), कर्कश स्वभावले उत्पन्न गरिदिने पापकर्मसँग संयुक्त नभइकन संप्रयुक्त धर्मको कोमल मृदु (नरम) स्वभावलाई भनिएको हो ।

## ४२. कायकम्मञ्ञता

कायकम्मञ्ञता भनेको नामकायको कार्यमा अनुकुल हुनेलाई भनिएको हो ।

## ४३. चित्तकम्मञ्ञता

चित्तकम्मञ्ञता भनेको चित्तको कार्यमा अनुकुल हुनुलाई भनिएको हो । कार्यमा अनुकुल हुने भनेको कुशलकर्ममा चित्तलाई अनुकुल नगराउने पापकर्मसँग संयुक्त नभइकन संप्रयुक्त धर्ममा योग्य अनुकुल हुनुलाई भनिएको हो । कुशलकर्ममा बाधक नहुनुलाई पनि भनिएको हो ।

## ४४. कायपागुञ्ञता

कायपागुञ्ञता भनेको नामकायको प्रगुणभावलाई भनिएको हो ।

## ४५. चित्तपागुञ्ञता

चित्तपागुञ्ञता भनेको चित्तको प्रगुणभावलाई भनिएको हो । प्रगुणभाव भनेको कुशलकर्ममा चित्तको आतुरता (रोगीपन)



Downloaded from http://dhamma.digital

उत्पादक पापकर्मसँग संयुक्त नभइकन त्यसलाई उपशम गरी सम्प्रयुक्त धर्ममा दक्षता बनाइरहनुलाई भनिएको हो ।

४६. कायुजुकता

कायुजुकता भनेको नामकायको सरल भावलाई भनिएको हो ।

४७. चित्तुजुकता

चित्तुजुकता भनेको चित्तको सरल सिधाभावलाई भनिएको हो ।

सिधा (सोझो) भाव भनेको कुशलकर्ममा चित्तको कुटिलपना, उत्पादक पापकर्मसँग संयुक्त नभइकन सम्प्रयुक्त धर्ममा कुटिलपना नभएकोलाई भनिएको हो ।

सोभन भनेर राम्रो, शोभा भएकोलाई भन्दछन् ।

४८. सम्मावाचा

सम्मावाचा भनेको मुसावाद, पिसुनवाचा, फरुसवाचा, सम्फप्पलाप भनेको वचीदुश्चरित्र चारैवटाबाट अलग भई पछाडि हटिरहनुलाइ भनिएको हो ।

४९. सम्माकम्मन्त

सम्माकम्मन्त भनेको पाणातिपात, अदिन्नादान, कामेसुमिच्छाचार यी तीनवटा कायदुश्चरित्रबाट अलग भई बस्नुलाई भनिएको हो ।

५०. सम्माआजीव

सम्माआजीव भनेको खराबकर्मद्वारा जीविका गरिरहनुबाट अलग भई बस्नुलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

विरति भनेको दुश्चरित्रबाट अलग भइरहनुलाई भनिएको हो ।

## ५१. करुणा

करुणा भनेको दुःख, कष्ट भोगिरहेका सत्त्वप्राणीहरू उपर दया राख्नु, अनुकम्पा राख्नु, सहानुभूति राख्नु, आफूसमान देख्नु, उक्त दुःखबाट मुक्त गरिदिने इच्छा हुनुलाई भनिएको हो ।

## ५२. मुदिता

मुदिता भनेको सुख पाइरहेका सत्त्वप्राणीहरू देखेर खुशी, प्रसन्न हुनुलाई भनिएको हो । यी दुइवटा धर्मलाई अलग अलग गरी करुणा ब्रह्मविहार, मुदिता ब्रह्मविहार पनि भनिन्छ ।

अप्पमञ्ञा भनेको मनुष्य, तीर्यक प्राणीदेखि लिएर समस्त प्राणीहरूलाई आरम्मण गरी दुःखीहरूलाई दया, करुणा राख्नु, सुखी सत्त्वप्राणीहरू देखेर खुशी, प्रशन्न हुने रूपबाट भाविता गर्न योग्य धर्मविशेष भएकोले 'अप्पमानेसु सत्तेसु भवाति अप्पमञ्ञा' भनिए अनुसार अप्पमञ्ञा भनेर भन्दछन् ।

(चेतसिक ५२ वटा सिद्धियो )

## निर्वाण तीनवटा

निर्वाण तीनप्रकारका छन् :-

१. प्रथम निर्वाण
२. द्वितीय निर्वाण
३. तृतीय निर्वाण



Downloaded from http://dhamma.digital

यी तीनवटा निर्वाण मध्ये अपाय दुर्गतिबाट मुक्त हुनुलाई प्रथम निर्वाण भन्दछन् । कामभवबाट मुक्त हुनुलाई द्वितीय निर्वाण भन्दछन् । रूप अरूप ब्रह्माभवबाट मुक्त हुनुलाई तृतीय निर्वाण भन्दछन् ।

चित्त एउटा, चेतसिक ५२ वटा र निर्वाण एउटा, यसरी नाम धर्म ५४ वटा छन् ।

रूपधर्म २८ वटा, नामधर्म ५४ वटा भनेर परमार्थधर्म जम्मा ८२ वटा छन् । यी परमार्थधर्म ८२ वटालाई नै परमार्थसत्यधर्म भन्दछन् । परमार्थसत्य नभएकोलाई सम्मुतिसच्च (सत्य) भन्दछन् ।

(सत्यकथा सिद्धियो)

# ७. पच्चय कथा (प्रत्यय कथा)

८२ वटा परमार्थधर्म मध्ये निर्वाण भनेको उत्पन्न हुने जातिधर्मबाट अलग भइरहेकोले उत्पन्न गराउने कारण पनि चाहिएन । जरामरणको धर्मबाट अलग भइरहेकोले रक्षा गर्ने कुनै कारण पनि चाहिने भएन । त्यसैले निर्वाणलाई अपच्चयधर्म, असङ्खतधर्म भनेर भन्दछन् ।

निर्वाण एउटालाई छोडी बाँकी ८१ वटा रूपधर्म र नामधर्म जाति, जरामरणसँग उत्पत्ति विनाश हुने भएकाले पच्चयधर्म, सङ्खतधर्म हुन गयो ।



Downloaded from http://dhamma.digital

रूपधर्म, नामधर्म दुइवटामध्ये रूप २८ वटा, कर्म, चित्त, ऋतु, आहार आदि चारवटा हेतुधर्मबाट बन्दछन् भनी माथि उल्लेख गरिसकेको छ।

यी चारवटा हेतु मध्ये कर्म हेतु मूल हेतु हुन्। चित्त हेतु पनि संचालक हेतु मात्र हो। रूपकाय (शरीर) ऋतु भनेको अग्निधातु र आहार भनेको अग्निधातुको प्रभावले बढेर आउँछन्। धेरै कालसम्म स्थिर भइरहन्छन्। यी दुइ धातु नष्ट भएर जानासाथै कर्मशक्ति र चित्तशक्ति पनि बिग्रिएर विनाश भएर जान्छन्।

उपमाको लागि - रूखको लागि बीउ मूल कारण मात्र हो। रूख पृथ्वीधातु र जलधातुको प्रभावले हुर्किएर आउँछन्। धेरै कालसम्म स्थिर भइरहन्छन्। पृथ्वी ऋतु, जल ऋतु अवस्था बिग्रिएर जानासाथै बीउको शक्ति पनि बिग्रिएर जान्छन्।

रूपकाय रूख समान भयो। कर्म बीउ समान भयो। ऋतु भनेको अग्निधातु पृथ्वी समान भयो। आहार भनेको ओजा धातु (पोषकतत्त्व) अविरल बगिरहने पानी सरह भयो। चित्त भनेको बाहिरबाट रूखलाई मद्दत दिइरहने सूर्य ऋतु, वायु ऋतु समान भयो।

चित्त-चेतसिकको उत्पत्ति कारण विपाकधर्ममा -

क. पूर्व - कर्महेतु एउटा
ख. आधार भइरहेको वस्तु रूपहेतु एउटा
ग. आरम्मणहेतु एउटा हुन्छन्।



Downloaded from http://dhamma.digital

यी तीनवटा मध्ये पूर्वकर्म हेतु रूख, बीउ समान भयो । वत्थु (वस्तु) रूप पृथ्वी समान भयो । आरम्मण बगिरहने पानी समान भयो । कुशल अकुशल क्रिया, चित्त र चेतसिक पनि आधार भइरहेको वत्थु रूप र आरम्मण हेतु दुइ-दुइवटा छन् ।

**विशेष कारण**

कुशलचित्त र चेतसिक भनेको योनिसोमनसिकारको हेतुबाट उत्पन्न हुने अकुशलचित्त र चेतसिक भनेको अयोनिसोमनसिकारको हेतुबाट उत्पन्न हुन्छन् । जवनकृत्य भएको क्रियाचित्त र चेतसिक कुशलमा जस्तै नै योनिसोमनसिकार नैं हेतु भयो । आवज्जन दुइवटा कुशलको पूर्वगामी हुने बखतमा कुशलसमान हुन्छन् । अकुशलको पूर्वगामी हुने बेलामा अकुशल समान हुन जान्छन् ।

योनिसोमनसिकार भनेको योग्य, असल किसिमले मन खेलाउनु (कल्पना गर्नु) हो । अयोनिसोमनसिकार भनेको अयोग्य, खराब किसिमले चिन्तना गर्नु हो । आवज्जनको काम दुइवटा मात्रै भयो ।

एकजना मान्छेलाई देख्ने बेलामा राम्रो किसिमले मनमा चिन्तना गर्न जान्ने भयो भने त्यो व्यक्ति देखिनाले कुशल उत्पन्न हुन जान्छ । राम्रो किसिमले मनमा राख्न नसक्ने भयो भने त्यो मान्छे देखिनाले अकुशल उत्पन्न हुन जान्छन् । कस्तो आरम्मण स्थिर कुशल हुन जान्छ, कस्तो आरम्मण स्थिर अकुशल हुन जान्छ भन्ने कुनै निश्चित छैन ।



Downloaded from http://dhamma.digital

चित्तको सन्तति नाउ समान हुन् । आवज्जन नौकादण्ड (डुंगा खियाउने वस्तु) समात्ने माझी समान भयो । नौकादण्ड समाउनेले मोडेको, घुमाएको ठाउँ ठाउँमा नाउ (डुङ्गा) बग्दै गए जस्तै आवज्जन पनि जहाँ जहाँ मोड्यो त्यही त्यही ठाउँमा कुशलमार्ग, अकुशलमार्ग खुलेर जान्छन् ।

रूख उम्रिनको लागि बीउ चाहिए जस्तै नै मनसिकार भनेको कुशल र अकुशल उत्पन्न हुने मूल कारण हुन् । वत्थुरूप भनेको रूखमा भए पृथ्वी समान भयो ।

आरम्मण रूखलाई चाहिने बृष्टि समान भयो अथवा विज्ञान ६ वटामध्ये एक-एकवटामा चार-चारवटा हेतु रहेका छन् ।

१. चक्खु वत्थु रूप,
रूपारम्मण
आलोक (उज्यालोपना)
मनसिकार (मनमा खेलाउनु) चिन्तन गर्नु

चक्षुविज्ञान उत्पन्न गराउन चाहिने कारण धर्म ४ वटा छन् । यी चारवटा मध्ये मनसिकार भनेको त्यस रूपारम्मणतिर उन्मुख भइरहेको आवज्जन भयो ।

आलोक भनेको उज्यालोपना (चकमन्नता), प्रकाश हो । उज्यालो भयो भने मात्रै देख्न सकिने क्रिया उत्पन्न हुनसक्छ । चक्षुविज्ञान उत्पन्न भए मात्रै चक्षुद्वारा वीथि चल्न सक्छन् ।

२. सोत वत्थुरूप
सद्दारम्मण
आकास
मनसिकार



Downloaded from http://dhamma.digital

स्रोतविज्ञान उत्पन्न गराउन चाहिने कारण धर्म चारवटा छन्। यी चारवटा मध्ये -

आकाश भनेर खुल्ला स्थानलाई भनेको हो। कान र शब्दको सम्पर्क (सम्वन्ध) वनाउन आकाश भए मात्रै श्रोतविज्ञान अर्थात् शब्द सुनिने कार्य सिद्ध हुन सक्छ। श्रोतविज्ञान उत्पन्न हुन सके मात्रै श्रोतद्वारा वीथिचित्त चल्न सक्छन्।

३. घानवत्थुरूप

गन्धारम्मण

वात (वायु)

मनसिकार

घ्राणविज्ञान उत्पन्न हुनलाई चाहिने कारण चारवटा छन्।

यी चारवटामध्ये वात भनेको नाकबाट भित्र बाहिर हुने वायु आस्वास प्रस्वासलाई भनेको हो। त्यो वायु नभए गन्धारम्मण घ्राणवस्तु रूपमा स्पर्श हुन सकिँदैन; त्यसरी स्पर्श भएन भने सुँघ्न सकिँदैन। घानद्वारा वीथिचित्त पनि चल्न सकिँदैन।

४. जिह्वावत्थु रूप

रसारम्मण

आप् (पानी) जलतत्त्व

मनसिकार

जिह्वाविज्ञान उत्पन्न गराउन चाहिने कारण धर्म चारवटा छन्।



Downloaded from http://dhamma.digital

यी चारवटा मध्ये आप् भनेको जिब्रो रसाइरहनेलाई भनिएको हो । जिब्रो सुकेको खण्डमा रसारम्मण जिह्वावस्तु रूपमा स्पर्श हुन जान सकिँदैनन् । स्पर्श नहुनासाथै स्वाद लिन सकिँदैन । जिह्वाद्वारा वीथि पनि उत्पन्न हुन सकिँदैन ।

५. कायवत्थु रूप

फस्स

थद्ध (साह्रोपन, कडा स्वभाव)

मनसिकार

कायविज्ञान उत्पन्न हुन चाहिने कारण धर्म चारवटा छन् ।

यी चारवटा मध्ये थद्ध भनेको साह्रो (कडा) स्पर्श स्वभाव हो । त्यस स्वभावले घेरिराखेको फोट्ठब्बारम्मणबाट मात्रै कायवस्तु रूपमा स्पर्श हुन सकिन्छ । अत्यन्त सूक्ष्म फोट्ठब्बारम्मण कायवस्तु रूपमा स्पर्श हुन जान सकिँदैन । स्पर्श नहुनासाथै स्पर्श भयो भनी थाहा पाउने कायविज्ञान उत्पन्न हुन सकिँदैन । कायद्वार वीथिचित्त पनि उत्पन्न हुन सकिँदैन ।

६. हृदयवत्थु रूप

धम्मारम्मण

मनोद्वार

मनसिकार

मनोविज्ञान उत्पन्न हुनलाई चाहिने कारण धर्म चारवटा छन् ।

यी चारवटा मध्ये धम्मारम्मण भनेको पञ्चारम्मणबाट अलग बाँकी रूपधर्म, नामधर्म प्रज्ञप्तिधर्म र निर्वाणधर्म हुन् ।



Downloaded from http://dhamma.digital

रूपारम्मण, सद्धारम्मण, गन्धारम्मण, रसारम्मण, फोट्टव्वारम्मण भन्ने पञ्चारम्मण पनि मनोविज्ञान या आरम्मण हुन् तर पञ्चद्वारसँग सम्बन्ध नभएकोलाई प्रकाश गर्नुपरेकोले धम्मारम्मणलाइं मात्र देखाइएको हो ।

मनोद्वार भनेको भवङ्गचित्त सन्ततिलाई भनिएको हो । हृदयवस्तु रूप भनेको मनोविज्ञानको आधार र उत्पादक भइरहेको भए तापनि निर्मल परिशुद्ध प्रसादरूप नभएको भएर आरम्मणको प्रतिविम्ब (छाँया) हृदयवस्तु रूपमा अवभासित हुँदैनन् अथवा उत्पन्न भएर आउन सकिँदैनन् । केवल मनोद्वारमा मात्रै उत्पन्न भएर आउन सकिँदो रहेछ ।

(प्रत्ययकथा सिद्धियो)

# ८ अभिञ्ञा कथा

## अभिज्ञा दुइवटा

अभिज्ञा भनेको साधारण व्यक्तिहरूको ज्ञानलाइ अतिक्रमण गरी अति तीक्ष्ण ज्ञानको कृत्यलाई भनिएको हो ।

अभिज्ञा दुइवटा छन् :-

१. समथ अभिज्ञा
२. धम्म (धर्म) अभिज्ञा

१. समथ अभिज्ञा भनेको समथ कर्मस्थान मार्गमा गई प्राप्त भएको इद्धिविधज्ञान, दिब्बसोतज्ञान, चेतोपरियज्ञान,



Downloaded from http://dhamma.digital

पुब्बेनिवासज्ञान, यथाकम्मूपगज्ञानलाई भनिएको हो । यी अभिज्ञा मध्ये :-

इद्धिविध अभिज्ञा भनेको आकाशमा उडेर जाने, जमीनमा डुब्ने, अनेक प्रकारको ऋद्धि चमत्कार देखाउनेलाई भनिएको हो ।

दिब्बसोत अभिज्ञा भनेको देवताहरूको कानले जस्तै सुनिनुलाई भनिएको हो ।

चेतोपरिय अभिज्ञा भनेको अरुहरूको अनेक प्रकारको मनको कुरालाई बुझिलिनसक्नु (थाहा पाउनसक्नु)लाई भनिएको हो ।

पुब्बेनिवास अभिज्ञा भनेको पूर्वजन्मको कुरा थाहा पाउन सक्ने ज्ञानलाई भनिएको हो ।

यथाकम्मूपग अभिज्ञा भनेको - देवताहरूको आँखाले जस्तै आफ्नो कर्मअनुसार त्यही त्यही भवमा जन्म लिन गएका प्राणीहरूलाई दृष्टान्त देख्न सक्नु, फेरि तिनीहरूले गरेर आएका अततीकर्मलाई जान्नसक्नुलाई भनिएको हो ।

२. धम्मअभिज्ञा भनेको सत्यकथामा बताइए अनुसार सम्मुतिसत्यबाट नाघेर परमार्थसत्यधर्मलाई भिन्न भिन्न छुटाएर जान्न सक्ने ज्ञानलाई भनिएको हो ।

त्यस धम्म अभिज्ञा पनि तीनवटा छन् :-

१. सुतमय ज्ञान
२. चिन्तामय ज्ञान
३. भावनामय ज्ञान



Downloaded from http://dhamma.digital

यी तीनवटा मध्ये भावनामय ज्ञान पनि दुइवटा छन् :-

१. अनुबोध ज्ञान

२. प्रतिबोध ज्ञान

यी दुइवटामध्ये अनिच्चानुपस्सना ज्ञान, दुक्खानुपस्सना ज्ञान, अनत्तानुपस्सना ज्ञान भनेको विपस्सना ज्ञान तीनवटा अनुबोध ज्ञान भयो । सत्य यथार्थ धर्म स्वभाव अनुसार स्पष्ट रूपमा देख्ने, जान्ने र बुझ्ने ज्ञानलाई भनिएको हो ।

लोकोत्तरमार्ग ज्ञान चारवटा परिवेध ज्ञान भयो, दिट्ठि, विचिकिच्छा इत्यादि क्लेश अकुशल धर्मलाई जरैदेखि निर्मूल पार्न सक्ने भएकोले उक्त पुद्गल ज्योतिर्मय हुन गयो ।

अभिज्ञा कथा सिद्धियो ।

# ९. परिञ्ञा कथा

## परिज्ञा तीनवटा

परिज्ञा भनेको ज्ञानबाट छुट्याएर जान्नु, बुझ्नुलाई भनिएको हो ।

परिज्ञा तीन प्रकारका छन् :-

१. ञात परिज्ञा

२. तीरण परिज्ञा

३. पहान परिज्ञा

१. ञात परिज्ञा भनेको परमार्थ सत्यकथा, प्रत्यय कथामा उल्लेख गरिसकेका हेतुसहित रूपधर्म, नामधर्म,



Downloaded from http://dhamma.digital

निर्वाणधर्मको स्वभावलाई राम्ररी हेरेर जान्नु बुझ्नु, दक्ष हुनुलाई भनिएको हो ।

अभिज्ञामा रौं (कपाल), भुत्ला इत्यादि सण्ठान प्रज्ञप्ति, लोप भएर गई धर्म अभिज्ञाबाट परमार्थधर्म मात्र छ भनेर राम्रोसँग अलग अलग छुट्याएर जानीलिनुलाई भनिएको हो । सबै जानकारी हासिल गर्न नसकिए पनि २८ वटा रूप मध्ये· महाधातु चारवटालाई अलग अलग छुट्याएर स्पष्ट रूपले जानकारी लिन सके पनि रूपमा ञात परिज्ञा कृत्यपूर्ण हुन जान्छ ।

नामधर्ममा पनि विज्ञान, वेदना, संज्ञा, चेतना, यी चारवटालाई अलग अलग छुट्याएर स्पष्ट रूपले बुझ्न सकियो भने नामधर्ममा ञात परिज्ञा कृत्यपूर्ण हुन्छ । निर्वाणमा पनि माथि देखाइए जस्तै राम्रोसँग जानकारी हासिल गर्न सकियो भने ञात परिज्ञा कृत्यपूर्ण हुन्छ ।

हेतुधर्ममा पनि प्रत्यय कथामा देखाइए जस्तै राम्रोसँग जान्न बुझ्न सक्यौं भने प्रत्ययमा ञात परिज्ञा पूर्ण हुन्छ ।

२. तीरण परिज्ञा भनेको रूपधर्म, नामधर्म, क्षणिकधर्म भैरहे जस्तै क्षणक्षणमा उत्पत्ति विनाश भइरहेकोलाई देखेर ज्ञानद्वारा टुक्रा टुक्रा गर्दै लानेलाई तीरण भन्दछन् । त्यसरी टुक्रा टुक्रा पार्नमा दखल भइरहनुलाई तीरण परिज्ञा भन्दछन् ।

उक्त तीरण परिज्ञा तीनवटा छन् :-

१. अनित्य परिज्ञा,

२. दुःख परिज्ञा,

३. अनात्म परिज्ञा ।



Downloaded from http://dhamma.digital

यी तीनवटा मध्ये अनित्य परिज्ञा भनेको मरण धर्ममा ज्ञानद्वारा देख्नलाई दखल भैरहनुलाई भनिएको हो । यस सन्दर्भमा मरणधर्म भनेको सम्मुतिमरण, परमार्थमरण भनेर दुइवटा छन् । यी दुइवटा मध्ये :-

सम्मुति मरण भनेको सम्मुति सत्यतर्फ गई पुद्गल सत्त्वप्राणीहरू एक जन्ममा एकपटक अवश्यै मर्नुपर्छ भनेर बुझ्नुलाई भनिन्छ । रूपधातु नामधातु एकै दिनमा पनि सयौंपटक, हजारौंपटक निरोध भई विनाश भई बिलाएर जानेलाई परमार्थ मरण भन्दछन् ।

यी दुइवटा मध्ये सम्मुतिमरण साँच्चैको अनित्य लक्षण हैनन् । अनित्य परिज्ञाको विषय हैन । दशवटा अनुस्मृतिमध्ये मरणानुस्मृतिको विषयसम्मन् हुन् । रूपधर्म, नामधर्मको विनाश भई नष्ट भएर जाने भनेको परमार्थ मरण मात्रै साँच्चैको यथार्थ अनित्य लक्षण हो । अनित्य परिज्ञाको विषय हो ।

दुःख परिज्ञा भनेको दुःख स्वभावमा ज्ञानद्धारा हेरेर भविता गरिरहनेमा दखल भैरहनुलाई भनिएको हो ।

यस कुरामा दुःख भनेको :-

१. वेदयित दुःख

२. भयट्ठ दुःख भनी दुइवटा छन् ।

यी दुइवटा दुःख मध्ये वेदयित दुःख भनेको कायिक दुःख, चेतसिक दुःखलाई भनिएको हो । कायिक दुःख भनेको शरीरमा उत्पन्न भएर आउने दुःख वेदनालाई भनिएको हो । चेतसिक दुःख भनेको चित्तमा उत्पन्न भएर आउने सोक, परिदेव, दोमनस्स, उपायास दुःखलाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

भयट्ठदु:ख भनेको भयज्ञान, आदिनवज्ञानको विषय भैराखेको दु:खलाई भनिएको हो । भयज्ञान आदिनवज्ञानको विषय भनेको जाति दु:ख, जरा दु:ख, मरण दु:ख, संस्कार दु:ख, विपरिणाम दु:खलाई भनिएको हो । यी दु:खहरू पछि प्रकाशित हुनेछन् ।

वेदयित दु:ख र भयट्ठ दु:खको उदाहरण यसप्रकार छन्-

एकजना व्यक्तिमा निको पार्न कठीन एउटा रोग छ । साधारण आहार अथवा फलाहार गरिरहेमात्रै निरोगी मानिसहरू सरह भइरहन्छन् । विभिन्न प्रकारको मांस खाइसकेपछि खाइरहुन्जेल असाध्यै आनन्द र स्वाद पाउँछन् । खाइसकेपछि दिनभर मरणान्त दु:ख कष्ट अनुभव गर्नुपर्ने समय पनि आउँछन् । दुई तीन चारदिन गरी धेरै समयसम्म दु:ख कष्ट भोगिरहनुपर्ने समय पनि आउँछन् । जति जति भोजन स्वादिष्ट भयो त्यति त्यति नै दु:ख कष्ट भोग्नुपर्ने दिन पनि लामो भइरहने हुन्छ ।

एक व्यक्तिले कुशलकर्म गर्ने इच्छा गरी विभिन्न मासु सहित पुलाउ बनाई त्यस रोगीलाई श्रद्धापूर्वक ख्वाउन ल्याउँ-छन् ।

उक्त रोगीलाई धेरै खाने इच्छा भए पनि खाइसकेपछि आफूले भोग्नुपर्ने दु:ख कष्ट देखेर डराई 'यस्तो प्रणीत भोजन गर्ने साहस मसँग छैन' भनी खाँदैनन् । खायो भने पछि छट्पटिएर अवश्यै दु:ख कष्ट सहिरहनुपर्थ्यो ।

यस कुरामा खाइरहुन्जेल अत्यन्त स्वादिष्ट भएकोले सोही आहार उक्त व्यक्तिलाई वेदयित सुखवस्तु भयो । जिह्वा



Downloaded from http://dhamma.digital

स्पर्श भइरहुन्जेल अत्यन्त सुख पाउनुलाई वेदयित सुख भन्दछन् ।

भयट्ठको अनुसार उक्त आहार त्यस व्यक्तिलाई भयानक दु:खदायक वस्तु भयो । जिह्वा स्पर्श भैरहुन्जेल अत्यन्त सुख भैरहनुलाई अत्यन्त भयानक भयट्ठ दु:ख भन्दछन् । किनभने जिह्वा स्पर्श भई जति धेरै सुख उत्पन्न हुन्छ पछि त्यति नै छट्पटिएर मरणान्त दु:ख कष्ट भोगिरहनुपर्दो रहेछ ।

यस संसारमा सक्काय दिट्ठि (सत्काय दृष्टि) र विनिपात भयले युक्त भैरहेको व्यक्ति त्यो रोगी मान्छे जस्तो भयो । मनुष्य जन्म मनुष्य सुख, देवता जन्म देवता सुख, ब्रह्म जन्म ब्रह्मसुख, सम्पूर्ण उक्त बिरामीको अत्यन्त स्वादिष्ट विभिन्न प्रकारको मांससहितको खाद्यपदार्थ, पुलाउ समान भयो । फेरि त्यो बिरामी व्यक्तिको जिह्वा स्पर्श भइरहुन्जेल अत्यन्त सुखद् सुख वेदना समान भयो । मृत्युपश्चात् विनिपात भयमा पर्न जानु त्यो बिरामीले खाइसकेपछि छट्पट् भई मरणान्त दु:खभोग गरिरहनुपर्ने समान भयो ।

यहाँ वेदयित दु:ख भनेको सुख वेदना, दु:ख वेदना, अदु:ख असुख वेदना भनेर वेदना त्रयमा (तीनवटामा) आएको दु:ख शब्दको अर्थ हो । भयट्ठ दु:ख भनेको दु:ख सत्य अन्तर्गतको अनित्य, दु:ख, अनात्मा भन्ने विपस्सना विषयमा आएको दु:ख शब्दको अर्थ हो ।

मनुष्यभव, मनुष्यसुख, देवभव, देवसुख, ब्रह्माभव, ब्रह्मासुखमा भयट्ठ दु:खज्ञान दर्शनबाट निपुण हुनुलाई दु:ख परिज्ञा भन्दछन् ।



Downloaded from http://dhamma.digital

अनात्म परिज्ञा भनेको नामरूपधर्ममा अनात्मज्ञान देख्नुमा निपुण हुनुलाई भनिएको हो ।

अनात्मज्ञान देखिनु भनेको परमार्थ सत्य स्वरूपी जुन रूपधर्म नामधर्म हो उक्त रूपधर्म, नामधर्म सम्मुति सत्य स्वरूपी पुद्‌गलको आत्मा हैन, जीव हैन, सत्त्वको आत्मा हैन, जीव हैन । पुद्‌गल सत्त्वहरू पनि रूपधर्म, नामधर्मको आत्मा हैन, जीव हैन । रूपधर्म, नामधर्मबाट पनि पुद्‌गल सत्त्वबाट पनि बिलकुल मुक्त भएर निरोध भई बिलाएर, सिद्धिएर एउटा जन्मबाट अर्को जन्ममा कर्म अनुसार अर्कै ठाउँमा सरेर जाने आत्मा छैन, जीव पनि छैन भनी देख्न सक्ने ज्ञानलाई अनात्म ज्ञान भन्दछन् । त्यस अनात्मज्ञानमा निपुण भइरहनुलाई अनात्म परिज्ञा भन्दछन् । यी अनित्य परिज्ञा, दुःख परिज्ञा, अनात्म परिज्ञा तीनवटालाई तीरण परिज्ञा भन्दछन् ।

३. पहान परिज्ञा भनेको विपल्लासधर्मलाई हटाउनमा निपुणता भएकोलाई भनिएको हो । अनिच्चानुपस्सना ज्ञानबाट निच्चविपल्लासधर्म तीनवटामा राम्रोसँग देखेर हटाउँछन् । दुःखानुपस्सना ज्ञानबाट सुखविपल्लासधर्म तीनवटा, शुभ विपल्लासधर्म तीनवटालाई राम्रोसँग देखेर हटाइदिन्छन् । अनुत्तानुपस्सना ज्ञानबाट अत्तविपल्लासधर्म तीनवटालाई राम्रोसँग देखेर हटाइदिन्छन् ।

जीव भनेको सन्तति प्रज्ञप्तिको आधारभूत सारभूत हुन् । अत्त भनेको सण्ठान प्रज्ञप्तिको आधारभूत सारभूत हुन् । आधारभूत सारभूत समान रूपले मिलेको कारणले जीव पनि अत्त समान भयो । ती दुइवटा मध्ये - सण्ठान प्रज्ञाप्तिको आधारभूत सारभूत भैराखेको अत्तलाई दुइवटा सत्य छुट्‌याएर



Downloaded from http://dhamma.digital

देखाइसकेको सत्यकथामा परमार्थ दृष्टिले अत्त भनेको छैन भनी स्पष्ट गरिसकेको छ । अनिच्च परिञ्ञालाई पूर्ण रूपले देख्न सकियो भने सन्तति प्रज्ञप्तिको आधारभूत भैराखेको जीवलाई प्रहाण (निर्मूल) गर्न सकिन्छ ।

यस कुरामा सन्तति भनेको एउटै किसिमको स्वभावधर्मको क्रम अगाडि बढिरहेकोलाई भनिएको हो । स्वभावधर्म भिन्न भिन्न रूपले परिवर्तन हुँदै गैरहेकोलाई नाना सन्तति भन्दछन् ।

सन्तति दुइवटा छन् :- १. रूप सन्तति
२. नाम सन्तति

रूप सन्तति पनि चारवटा छन् :-

१. कर्मजरूप सन्तति
२. चित्तजरूप सन्तति
३. ऋतुजरूप सन्तति
४. आहारजरूप सन्तति

यी चारवटा सन्तति मध्ये कर्मजरूप सन्तति कर्म भिन्न भिन्न रूपले परिवर्तन हुनाले फरक भएर जान्छन् । चित्तजरूप, आहारजरूप, ऋतुजरूप सन्तति पनि चित्त भिन्न भिन्न, आहार भिन्न भिन्न, ऋतु भिन्न भिन्न रूपबाट परिवर्तन भएर गयो भने आ-आफै परिवर्तन भएर जान्छन् । यी चारवटा मध्ये कर्मजरूप सन्तति परिवर्तन भएर जाने, फरक भएर जाने स्पष्ट हुँदैन । चित्तजरूप सन्तति परिवर्तन हुने र फरक भएर जाने राम्रोसँग स्पष्ट हुन्छ । एउटै आसनमा शरीरको भिन्न भिन्न अंग सञ्चालन भइरहन्छन् । सन्तति भिन्न भिन्न रूपले परिवर्तन भएर जानेलाई भनिएको हो । क्रियाकलाप विभिन्न तालले भइरहन्छन् । रूप समूह फरक भएर जाने, परिवर्तन



Downloaded from http://dhamma.digital

भएर जानेलाई भनिएको हो । प्रत्येक एकवटा रूप समूहमा पनि उत्पत्ति, स्थिति र भंग भनेर तीन तीनवटा हुन्छन् । उत्पत्ति हुनु जाति हो । स्थिति भइरहनु जरा हो । अन्त्य भई बिलाउनु मरण हो ।

जाने इरियापथमा एक एक पाइला टेक्ने बेला आदि, मध्य, अन्त तीनवटा हुन्छन् । पाइलाको उत्पत्ति, पाइलाको स्थिति, पाइलाको मरण यसरी तीन तीनवटा अवस्था हुन्छन् । एक पाइला भन्ने बेलामा सम्पूर्ण जिउ नै जान्छन् । अर्के नयाँ रूपबाट उत्पत्ति हुन्छन् । सम्पूर्ण जिउमा स्थिर भई बसिरहन्छन् । सम्पूर्ण जिउमा भएको धातुको मरण हुन्छ । पाइला सयपटक चालेमा सम्पूर्ण शरीर सयचोटि अन्त हुन्छ । हजार पाइला चालेमा पूर्ण शरीर हजारपटक नै अन्त हुन्छन् । एक एक पाइलामा पनि पाइला उचाल्ने रूप समूह एउटा, पाइला टेक्ने रूपसमूह एउटा भनी दुइवटा भेद गर्नुपर्दछ । फेरि पाइला उचाल्नुमा पनि उचाल्ने रूपसमूहको उत्पत्तिक्रिया, स्थिति क्रिया, भंगक्रिया भनेर तीनवटा छन् । पाइला टेक्ने रूपसमूहमा पनि त्यस्तै उत्पत्ति, स्थिति, भंग भनी तीन तीनवटा रूप छन् । त्यस्तै नै उभिरहने, बसिरहने, लम्पसार परिरहनेमा पनि अलग अलग आदि, मध्य, अन्त तीन तीनवटा छन् । दुःखवेदनासहित उभिरहनेको स्थिति काल, दुःखवेदनासहित उत्तानो परिरहनेको स्थिति काल भनी राम्रोसँग स्पष्ट देखिन्छन् । समस्त वेदनाको स्थिति काल सन्तति जरा हो । हात खुट्टा आदि खुम्च्याउनु, तन्काउनु इत्यादि पनि त्यस्तै नै हुन् । विशेष स्मरणीय कुरो -थाकेको रूप, दुःखेको रूप, टोकेको रूप चिलाएको रूप, इत्यादि जम्मै ऋतुजरूपका विकार हुन् ।

श्वास बाहिर गएको विचार गर्नेमा पनि श्वास बाहिर गएको उत्पत्ति भयो, श्वास बाहिर गएकोमा स्थिति भयो, श्वास



Downloaded from http://dhamma.digital

बाहिर गएकोमा अन्त भयो भन्ने स्पष्ट देखिन्छ । लामो भई स्थिर भैरहेको प्रक्रियालाई थाकेको सन्तति जरा भयो । लामो भएर थकाई लाग्नु, स्थिर भएर थकाई लाग्नु भनेर पनि भन्दछन् । उक्त थकाई लागेर आउने कारण उष्ण रूप उत्पत्ति भएर आउनाले हुन् । उक्त रूप उत्पत्ति भएर आउनुको कारणले सहनै नसक्ने गरी दुःखवेदना उत्पन्न हुन्छन् । त्यस दुःख वेदनालाई लक्ष गरेर थकाई लागेर आउने भनी सम्झिरहन्छन् । त्यसरी थकाई लागेर आउनुमा दुःखवेदना एउटालाई मात्र थाहापाइरहन्छन् । सन्तति जरालाई थाहा पाउँदैनन् । थाक्नु भनेको प्रारम्भमा शक्ति बलियो भई स्वस्थ भएर प्रसन्न भइरहेको उक्त रूप समूह शिथिल तथा हीन भएर जानु भनेको सन्तति जराको मूल नाम हुन् । सोही सोही रूपसमूह छिपेर जाने, पुरानो भएर जाने, जीर्ण भएर जाने भनेको सन्तति जराको नाम हुन् । त्यही त्यही रूपसमूह मरेर जाने, नष्ट भएर जाने जम्मै सन्तति मरण हुन् । त्यही त्यही रूप समूह मरण हुनुलाई भनिएको हो । श्वास तान्नु (लिनु) पनि यस प्रकार नै भयो ।

हाँस्नु रूपसमूह, प्रसन्न हुनु रूपसमूह, खुशी हुनु रूपसमूह, रुनु रूपसमूह, चित्त दुखाउनु रूपसमूह इत्यादिमा पनि लोभबाट हुने रूपसमूह, द्वेषबाट उत्पन्न हुने रूपसमूह श्रद्धाबाट उत्पन्न हुने रूपसमूह इत्यादिमा पनि हाँस्नुबाट उत्पन्न हुने रूपको मरण, प्रसन्न हुनुबाट उत्पन्न हुने मरण आदि पृथक् पृथक् छन् । वचीकर्ममा पनि एउटा एउटा वचनको अन्त हुने देखिन्छन् । वचन रूपसमूह मरण नै हुन् ।

त्यस ऋतुज रूपमा गर्मी हुने बखतमा पंखा हम्काउने बेलामा प्रत्येक एकचोटि पंखा हम्काउँदा अर्थात् चलाउँदा अङ्ग प्रत्यङ्गमा रूप समूहहरू उत्पन्न भई नष्ट भएर जान्छन् ।



Downloaded from http://dhamma.digital

नुहाउँदाखेरि पनि पानी खन्याउँदापिच्छे शरीरमा सीत रूपसमूहहरू उत्पन्न भई विनाश भएर जान्छन् । थकाई लाग्नु, दुख्नु इत्यादि पनि ऋतुज रूपसमूहको विकार मात्रै बढी हुन्छ । आहारज रूपमा पनि तातो आहार निल्नाले, चीसो आहार निल्नाले शरीरमा अनेक प्रकारले प्रतिक्रिया भएर आउने आहारमा भैरहेको ऋतुको शक्तिबाट हुन्छन् । अपौष्टिक खाना खाने, औषधी र पथ्य सेवन गर्नुबाट रोग उत्पन्न भएर आउने, वृद्धि भएर आउने, निको हुनेमा पनि त्यस्तै नै ऋतुको शक्तिको कारणबाटै हुन्छन् ।

माथि उल्लेख गरिसकेको चित्तजरूपभित्र पनि ऋतुको शक्ति धेरै नै समाविष्ट छन् । आहार धातुको कारणले गर्दा रोग उत्पन्न हुने, रोग निको भएर जानेमा शरीरमा रहेको ऋतुरूपी धातु वृद्धि भएकाले हुन् । केवल आहार धातुको शक्तिले गर्दा बोसो, मासु कस्सिन्छन् । बोसो, मासु कस्सिनु भनेको खाएको आहार पेटमा पुगेपछि पूरा शरीरलाई नै आधार दिन सकिन्छ । सम्पूर्ण शरीरमा भएको बोसो, मासुले तागत बृद्धि गर्दछन् । पुष्ट गरिदिन्छन् । यसै कारणले गर्दा सर्वसत्त्वप्राणीहरूको निम्ति आहारा अत्यन्त महत्त्वपूर्ण हुन गयो । यसरी महत्त्वपूर्णको आहार विषयलाई संसारमा जीवनयापन गर्ने भनेर भन्दछन् । जीवनयापन गर्नु संसारमा कति आवश्यक छन् भनेर विचार गरी हेरेको खण्डमा यस आहारले गर्ने कार्य मामूली हैन भनेर देखिन्छन् । रगत-मासु वृद्धि गर्नुभन्दा पनि यस आहारबाट दिने आधार झनै महत्त्वपूर्ण छन् । पेटभित्र आहार दिने आहार पर्याप्त भएन भने सम्पूर्ण शरीरमा व्याप्त रगत मासु जम्मै घटेर जान्छन् । अत्यन्त सूक्ष्म चक्षु, श्रोत आदि कर्मजरूपको आयु जीवित रूप हुन् । जीवित रूपको आधार आहार हुन् । आहारको



Downloaded from http://dhamma.digital

आधार भएन भने जीवित रूपसहित सम्पूर्ण शरीर धलमल भएर शिथील भएर जान्छन् ।

छ-सातदिनसम्म पनि आहारको आधार नदिइकन बेवास्ता गरिराखेको खण्डमा जीवित रूपको साथै कर्मजरूप समूह जम्मै सिढ्िएर नष्ट भएर जान्छन् । यसरी कर्मजरूप सिढ्िएर नष्ट भएर जानेलाई नै सत्त्वप्राणीहरू मृत्यु हुने भनेर भन्दछन् । आहारधातुको कारणबाट उत्पन्न भएर आइराखेको जुन आहारज रूपसन्तति विविध रूपमा विद्यमान रहेका हुन्छन् ।

विविध सन्तति उत्पत्ति हुनु, सिथिल हुनु, विनाश हुनु भनेको सन्तति जाति, सन्तति जरा, सन्तति मरण कृत्य प्रस्तुत गर्ने र देखाउनुपर्ने आवश्यक छैन, दृष्टान्तमा देखिराखेकै हुन् । यो रूपधर्मको सन्तति जरा, सन्तति मरणलाई देखाइएको हो ।

नामधर्मको सन्तति धेरै छन् । आ-आफ्नो चित्तलाई आ-आफैले जानिराखेका छन् । मोहसन्तति अनेक किसिमका छन् । लोभसन्तति अनेक प्रकारका छन् । द्वेषसन्तति अनेक प्रकारका छन् । श्रद्धासन्तति अनेक प्रकारका छन् । मैत्रीसन्तति अनेक प्रकारका छन् । एउटै आसनमा आ-आफ्नो चित्तमा अनेक प्रकारले उत्पन्न भैरहने कल्पना जोसुकैले पनि थाहापाइराखेकै छन् । चित्तमा आउने एउटा कल्पनाको उत्पत्ति, कल्पनाको सिथिलता, कल्पनाको विनाश विभिन्न प्रकारका छन् । ममा लोभ उत्पन्न भैरहेछ भनेर थाहा हुन्छ । ममा लोभ प्रहाण भई शान्त भएर गयो भन्ने पनि थाहा पाउँछ । तर त्यसलाई नै लोभ प्रहाण भयो भनेर भनिँदैनन् । ममा द्वेष उत्पन्न भैरह्यो भनेर थाहा हुन्छ, ममा द्वेष शान्त भएर गयो भनेर पनि जान्दछन् । तैपनि त्यसलाई द्वेष प्रहाण भयो भनेर भनिँदैनन् ।



Downloaded from http://dhamma.digital

त्यसो नभने पनि लोभ द्वेष प्रहाण भई शान्त भएर गयो भनेको लोभको मरण, द्वेषको मरण हुन् । सन्तति मरण हुन् ।

सन्तति मरण भएकोले लोभ उत्पन्न हुने कारण सृजना हुनासाथ तुरुन्तै लोभ उत्पन्न भएर आउन सकिन्छ । द्वेष उत्पन्न भएर आउने कारण उत्पन्न भएर आयो भने तुरुन्तै द्वेष उत्पन्न भएर आउन सकिन्छ । यो नामधर्मको सन्तति जरा, सन्तति मरणलाई देखाइराखेको भयो ।

ञात परिञ्ञा, तीरण परिञ्ञाको निम्ति चाहिएको हो । तीरण परिञ्ञा पहाण परिञ्ञाको निम्ति चाहिने हुन् । पहाण परिञ्ञा नै प्रधान भंइरह्यो ।

पहान परिञ्ञा सिद्धियो ।
तीनवटा परिञ्ञा संक्षिप्तमा सिद्धियो ।

# तीरण परिञ्ञाको विस्तार

## तीनवटा लक्षण

१. अनित्य लक्षण
२. दुःख लक्षण
३. अनात्म लक्षण

### अनित्य लक्षण :-

१. अनित्य लक्षण भनेको - विपरिणाम, अन्यथाभाव-लाई भनिएको हो ।



Downloaded from http://dhamma.digital

विपरिणाम भनेको पहिले जस्तो नभई विपरीत भएर जानेलाई भनिएको हो ।

अन्यथाभाव भनेको सिँग र पुच्छर नमिलेको, आकार प्रकार फरक हुँदै जानेलाई भनिएको हो ।

यस विपरिणाम, अन्यथाभावलाई देख्न सक्यौं भने यस विषयमा विद्यमान रूपधर्म, नामधर्मलाई साँच्चै अनित्य रहेछ भनेर जानी निश्चय गरी लिन सकिन्छ । त्यसको निम्ति त्यस विषयलाई अनित्य लक्षण भनेर भन्दछन् । बेलुकी बालिराखेको आगोको मुस्लोलाई हेरिरहने बेलामा त्यस आगोको ज्वालामा -

आचयरूप
उपचयरूप
सन्ततिरूप
जरतारूप
अनित्यता रूप,

भनेर पाँचवटा लक्षणरूपलाई देख्न सकिन्छ । आगोको ज्वालामा नयाँ नयाँ ज्वाला उत्पन्न भैराखेको देखिएर आउँछन् । त्यो क्रिया आचयरूप भयो; आगो रूप हैन । उत्पन्न हुनासाथै वृद्धि भएर आएको देखिन थाल्छन् । उक्त क्रियालाई उपचयरूप भन्दछन् । आगो रूप हैन । घटेको पनि हैन, बढेको पनि हैन, स्थिर भैरहेको पनि देखिन थाल्छन् । त्यस क्रियालाई सन्ततिरूप भन्दछन् । आगो रूप हैन । आगोको ज्वाला घटेर गएको क्रिया पनि देखिन थाल्छन् । उक्त घटेर गएकोलाई जरतारूप भन्दछन् । आगो रूप हैन । विनष्ट हुँदै गएको पनि देखिन थाल्छन् । यस क्रियालाई अनिच्चतारूप भन्दछन् । आगो रूप हैन । पोल्ने क्रिया एउटा मात्रै साँच्चैको आगोको रूप हो । त्यस लक्षणरूप पाँचवटाको कारणले गर्दा चलायमान भैराख्छन्;



Downloaded from http://dhamma.digital

स्थित रहेको स्थानबाट अन्तै सर्ने भएकोले चलायमान पनि हुन्छन् । ती जम्मै बायुको काम हुन् ।

ती पाँचवटा लक्षण- आगोको अन्यथाभाव भनेको अनित्य लक्षण हुन् । ती पाँचवटा लक्षणलाई देखेर अनित्य हो भनेर (बुझ्न सकिन्छ) देख्न सकिन्छ । चलायमान भैरहेको समस्त पदार्थ यस्तै रूपका हुन् भनी बुझ्नुपर्दछ ॥

स्वाभाविक आँखाले देख्न नसकिने, दिव्यचक्षु दूरबिनबाट हेरेको खण्डमा मात्र देखिन सकिने परमाणु धूलो प्रमाणको रूपसण्ठानमा पनि केही केही चलिरहेको देखिन्छन् । त्यसरी अलि अलि चलिंरहेकाले गर्दा कीटपतंग प्राणी भनेर समेत सम्झिँदा रहेछन् । तर त्यो कीरा प्राणी हैनन् । ऋतु भनेको तेजोधातुको शक्तिले ऋतुज रूपधर्म उत्पन्न भएर वृद्धि भैरहेको मात्र हो । आचयरूपलाई उद्भव भन्दछन् (कुनै पदार्थमा कीरा प्राणीहरू पनि हुनसक्छन्) । बगिरहेको नदीको पानीमा, ढलको पानीमा, बेस्सरी उम्लिरहेको पानीमा समेत केही केही अलि अलि चलिराखेको सम्झिन पुग्छन् । यो ऋतुज रूपधर्म उत्पत्ति भइराखेको हो । स्वाभाविक दृष्टि (आँखा)ले हेर्ने बेला स्थिर भइराखेको पानीमा पनि दूरबिनले हेर्दाखेरि उद्भव भई केही केही चलिरहेको देखिन थाल्छन् । ती सम्पूर्ण ऋतुजरूप उद्भव भैराखेका हुन् ।

उद्भव हुनु भनेको प्रत्येक एउटा नयाँको पछि अर्को उत्पन्न हुनु भनेको आचयरूपकै आकारप्रकार हुन् । ती प्रत्येक नयाँ पछि उत्पन्न हुने क्रिया देखिएकोले पुरानो एक पछि अर्को लोप भई विनाश भएर जाने क्रियाबाट अनिच्चता रूप स्पष्ट भैराखेको छ । नयाँ रूप उत्पन्न हुने र पुरानो रूप बिलाएर



Downloaded from http://dhamma.digital

जाने केही अंशमा समान भैराखेको पनि छ । यी जम्मै सन्ततिरूपकै कार्य हुन् । प्रत्येक एउटा नयाँ रूप उत्पन्न हुनुको साथसाथै अर्को एउटा वृद्धि भैराखेको पनि हुन्छ । त्यसरी हुनु उपचय रूपको कार्य हो । नयाँ रूप उत्पन्न हुने एउटाको पछाडी एउटा घट्दै गैराखेको पनि हुन्छ । त्यसो हुनु जरता रूपको कार्य हो । रूखको जरा, रूख, रूखको हाँगा, रूखको पात, रूखको फेद, अंकुर, कोपिला, फल, यी सम्पूर्णमा अलग अलग लक्षण पाँचवटा भएको कारणलाई लक्षण रूप प्रकरणमा देखाइसकेको छु । ती पाँच पाँचवटा लक्षण भैराखेको कारणले रूखको जरा, रूख, इत्यादिलाई दिव्यचक्षुद्वारा हेर्‍यौं भने अत्यन्त सूक्ष्म सत्त्वप्राणीहरू अलि अलि चलिरहेको जस्तो सम्भिरहन्छन् । यसरी सम्भिरहनु सबै ऋतुजरूपको उद्भव भई वृद्धि भैराखेका हुन् ।

पुद्गल सत्त्वप्राणीहरूको रूपस्कन्धमा पनि रौं (कपाल)मा पाँच लक्षण छन् । रामकूपमा, हात खुट्टाको नङ, गिजामा, पातलो छालामा, बाक्लो छालामा, मासुमा, थलथले मासुमा, खँदिलो मासुमा, मोटो नशा (रक्तनली)मा, पातलो नशा(धवनी)मा ठूलो हाडमा, सानो हाडमा, कलेजो, किडनी (मृगौला), हृदयमा, भिल्ली, फोक्सो, ठूलो आन्द्रा, सानो आन्द्रा, नयाँ मल रहने पेट, पुरानो मल रहने पेट, गिडी आदि प्रत्येकमा पाँच पाँचवटा लक्षणहरू हुन्छन् । ती पाँच पाँचवटा लक्षणहरू भैराखेको कारणले गर्दा रौं (कपाल), रोम, आदिलाई दिव्यचक्षुबाट हेर्ने बेलामा अत्यन्त सूक्ष्म भैरहेका कीराहरू भरिरहेको र अलि अलि चलिरहेको जस्तो देखिन्छन् । यसप्रकार देखिराखेको कर्मजरूप, चित्तजरूप, आहारजरूप समेत गरी ऋतुजरूपहरू उद्भव भई वृद्धि भैराखेकै हुन् (चल्ने कीराहरू पनि हुन सक्छन्) । यसप्रकार पाँच लक्षणलाई प्रज्ञाको आँखाले



Downloaded from http://dhamma.digital

देख्न सकेको खण्डमा सम्पूर्ण शरीरमा विद्यमान रूपधर्मको अनित्य लक्षण राम्रोसँग देखेर, थाहा पाउँछन् । यो भयो रूपधर्म समूहको अनित्य लक्षणलाई देखाइएको कुरा ।

चित्त चेतसिक भनेको नामधर्ममा पनि विपरिणाम अन्यथाभाव भनेको अनित्य लक्षण प्रकट रूपमा देखिराखेको छ । लोकमा रूपधातु, नामधातुको उत्पत्ति विनाश भएको भिन्नतालाई लिएर भैराखेको अनेक व्यावहारिक कुरालाई जानिराखेकोमा, आँखाले देख्नुमा देख्छ, देखिँदैन भन्ने वचन दुइवटा हुन्छन् । त्यस मध्ये 'देख्यो' भनेको चक्षुविज्ञानधातुको नाम हो । चक्षु वस्तु रूप, रूपारम्मण, आलोक, मनसिकार यी हेतुधर्म चारवटा एकधिक्को भई विज्ञानधातु उत्पन्न हुनेलाई 'देखियो' भन्दछन् । 'देखिएन' भनेको चक्षुविज्ञानधातु निरोध भइराखेकोलाई भनिएको हो । राति अँध्यारो ठाउँमा आलोक नहुँदा आँखामा चक्षुविज्ञानधातु हुँदैनन्, लुप्त भइरहन्छन् । बत्तिको प्रकाश भयो भने चक्षुविज्ञानधातु उत्पन्न भएर आउँछ । बत्तिको प्रकाश भएन भने चक्षुविज्ञान लुप्त भएर जान्छन् । यसमा बत्तिको ज्वालामा पाँचवटा भेद भए जस्तै बत्तिको प्रकाश उत्पन्न हुनासाथ देखिने क्रिया उत्पंन्न भएर आउँछ । बत्तिको प्रकाश बढ्नासाथ देखिने पनि स्वतः बृद्धि हुन्छन् । बत्तिको प्रकाश स्थिर भैरहेको खण्डमा देखिनु पनि स्थिर भैरहन्छन् । बत्तिको प्रकाश घटेर गयो भने देखिनु पनि घटेर जान्छन् । बत्तिको प्रकाश हराएर बिलाएर गयो भने देखिनु पनि हराएर जान्छन् । दिउँसो पनि देख्छ, देख्दैन भन्ने दुइवटा कुरा हुन्छ । छेकिराखेको छैन भने देखिन्छ, छेकिराखेको छ भने देखिँदैनन् । आँखा (झिम्क्याउँदामा) झिम्काउने बेलामा आँखिभौं खोल्ने बेलामा देखिन्छ, आँखिभौं बन्द गऱ्यो भने देखिँदैनन् । यो



Downloaded from http://dhamma.digital

आलोकको कारणले चक्षुविज्ञानको विपरिणाम अन्यथाभाव उत्पन्न हुनुको निर्देशन भयो ।

प्रतिसन्धिभन्दा पछि जुनसुकै समय भएपनि चक्षुवस्तु रूप विनाश भएर गयो भने चक्षुविज्ञान पनि विनाश भएर जान्छ । जुन रूपलाई देखिने हो त्यो रूप लोप भयो भने त्यो देखिने पनि बिलाएर जान्छ । निद्रा लागिरहने बेलामा मनसिकार बिलीन भई लुप्त भई गएको कारणले चक्षुविज्ञान पनि बिलाएर जान्छ । देखिनु भन्दाखेरि चक्षुद्वार वीथिचित्त सम्पूर्णमा उत्पन्न भएकोलाई लिनुपर्दछ । देखिएन भन्दाखेरि त्यो वीथिचित्त सम्पूर्णमा लोप भएर गएकोलाई लिनुपर्दछ । कानले सुन्नेमा पनि सुनिन्छ, सुनिँदैन भन्ने दुइवटा कुरा हुन्छ । नाकले सुँघ्नेमा पनि बास्ना आउँछ, आउँदैन भन्ने दुइटा कुरा हुन्छ । जिब्रोबाट स्वाद लिनेमा पनि रसको स्वाद छ छैन भन्ने दुइवटा कुरा हुन्छ । पाइतालादेखि भित्र बाहिर सम्पूर्ण शरीरमा सोही सोही स्थानमा काय स्पर्श भएको बुझ्नुमा पनि छोयो भनेर जानेको नजानेको, दुख्यो, दुखेन । थकाई लाग्यो, थकाई मेटियो, गर्मी भयो, गर्मी हट्यो, इत्यादि प्रकारले दुइवटा कुराहरू हुन्छन् । चक्षुविज्ञान जस्तै नै हेतुधर्म चारचारवटा उल्लेख गरी विपरिणाम, अन्यथाभाव भएकोलाई छुट्याएर थाहा पाउँछन् ।

मनोविज्ञानमा धेरै किसिमको कल्पना, चिन्तना भएको कारणले एकएकओटा कल्पनाको उत्पत्ति विनाश अर्थात् विपरिणाम अन्यथाभाव हुने धेरैजसो देखिन्छन् ।

चेतसिक मध्ये पनि वेदना चेतसिक, सुख वेदना, दुःख वेदना, सोमनस्स वेदना, दोमनस्स वेदना, उपेक्खा वेदना, विपरीत भएर जाने स्पष्ट छ ।

राम्रो संज्ञा, नराम्रो संज्ञा, राम्रो चेतना, नराम्रो चेतनाको विपरीत भएर जाने, राम्रो वितर्क, नराम्रो वितर्क, राम्रो विचार, नराम्रो विचार विपरीत हुने पनि स्पष्ट छ ।



Downloaded from http://dhamma.digital

एउटै आसनमा लोभ उत्पन्न हुनु, अलोभ उत्पन्न हुनु, द्वेष अद्वेष उत्पन्न हुनु विभिन्न तालबाट विपरीत हुने राम्रोसँग देखिन्छ । यो भयो नामधर्मको अनित्य लक्षणलाई देखाएको कुरो ।

(अनित्य लक्षण सिद्धियो)

## दु:ख लक्षण :-

दु:ख लक्षण भनेको माथि देखाएर आइसकेको अनित्य लक्षणलाई देखेर प्रज्ञावान्हरू त्रसित हुनुपर्ने भएको कारणले संक्षेप रूपमा दु:ख लक्षण भनेर भन्दछन् । विपरिणाम र अन्यथाभावको कुरा हो । उक्त विपरिणाम र अन्यथाभाव धेरै देखेर प्रज्ञावान्, बुद्धिवान् मानिसहरूले भय, त्राश लिनुपर्ने किन भने संसारमा जरा भय, मरण भय सबभन्दा ठूलो भय रहेछ । विपरिणाम भनेको पनि क्षणिक जरा भय, क्षणिक मरण भय हुन् । मृत्युको बाटो खोल्नु । विनिपातको बाटो खोल्नु हो । सेवासुश्रुषा निरन्तर भैराखेको कारणले गर्दा मात्र भव नबदलीकन (मृत्यु नभैकन) रहिरहेको हो । त्यस्तै नै संसारमा आ-आफ्नो शरीरमा उक्त निरर्थक, निस्प्रयोजन उत्पन्न भएर आउने देखेर पनि त्रसित भैरहनुपरेको छ । अन्यथाभावमा आचय, उपचय, सन्तति भन्नेले काय शरीरमा उक्त उक्त अनर्थ उत्पन्न हुने भएर भय, त्राश मान्दा रहेछन् । अन्यथाभावमा आचय, उपचय, सन्तति, काय शरीरमा उक्त उक्त निरर्थक उत्पन्न गरिदिन सक्छन् ।

रूपसन्तानमा अनेक रोग, खटिराबाट अनर्थको बाटो खोलिदिन सक्छन् । चित्तसन्तानमा अनेक किसिमको क्लेश, विपल्लासबाट अनर्थको बाटो खोलिदिन सक्छन् ।



Downloaded from http://dhamma.digital

सम्पूर्ण रूपमा अनित्य लक्षण दुइवटा हुन्छन् । काम नाम, रूप नाम, अरूप नाम सबैमा अनित्य लक्षण दुइवटा हुन्छन् । त्यसको लागि मनुष्यभव, मनुष्यस्कन्ध, देवभव, देवस्कन्ध, ब्रह्माभव, ब्रह्मास्कन्ध दुःखै दुःख मात्र हुन् ।

दुइवटा अनित्य लक्षणसँग सँधै संयुक्त भैराखेकोले दुःख लक्षण तीनवटा पालैपालो विद्यमान भैरहन्छन् ।

१. दुःख दुःखता
२. सङ्खार दुःखता
३. विपरिणाम दुःखता

१. दुःख दुःखता भनेको कायसन्तानमा भएर आउने कायिक दुःख वेदना, चित्तसन्तानमा भएर आउने चेतसिक दुःख वेदनालाई भनिएको हो ।

२. सङ्खार दुःखता भनेको जन्मंजन्मान्तर निरन्तर धन्दा लिएर हेर्रविचार गरिराख्न सकेको खण्डमा मात्रै रहिरहने रूपधर्म, नामधर्मको संस्कार स्वभावलाई भनिएको हो ।

ब्रह्मभव, ब्रह्मास्कन्ध महान संस्कार दुःख हुन् । पञ्चकामलाई त्याग गरी तपोवन गई प्राणलाई समेत पर्वाह नराखी अति दुःख कष्ट सहेर आचरण गरेर जान सक्नेहरू सयमा एकजना मात्र पनि पाउन गाह्रो हुन्छ । अति उत्तम भनेर थाहा पाएर पनि आचरण गर्न सकिँदैनन् । ठूलो दुःख कष्ट भनेर सम्झिरहन्छन् । विपरिणाम दुःखभय पनि भयानक छ । ध्यानअभिज्ञा प्राप्त भैसकेपछि रक्षा गरिराख्न अत्यन्तै कष्टकर छ । सामान्य कारणले गर्दा क्षणभरमै विनाश भएर जान सक्छन् ।

३. विपरिणाम दुःखता भनेको प्रतिसन्धि रहिसकेपछि यो समय, यो दिन, यो क्षणमा भनेको हुँदैन, विनाश हुने समय



Downloaded from http://dhamma.digital

आइपुग्नासाथै विनाश हुन्छ । मृत्यु हुने समय पुग्नासाथै मृत्यु भएर जानेलाई भनिएको हो । समस्त मनुष्यभव, मनुष्यस्कन्ध, देवभव, देवस्कन्ध, ब्रह्माभव, ब्रह्मास्कन्ध यी तीनवटा दुःख लक्षणसँगै योग्यतानुरूप संयुक्त भैरहेकोले दुःखै मात्र हुन् भन्ने सत्य हो । विस्ताररूपमा जाति दुःख, जरा दुःख, मरण दुःख, शोक दुःख, परिदेव (विलाप गर्ने) दुःख, कायिक दुःख, चेतसिक दुःख, उपायास दुःख, अप्रियसम्प्रयोग दुःख, प्रियविप्रयोग दुःख, इच्छा विघात दुःख भनेर एघारवटा दुःख लक्षण छन् ।

एघारवटा दुःख लक्षण मध्ये जाति भनेको उत्पन्न हुने, वृद्धि हुनेलाई भनिएको हो ।

जाति तीनवटा छन् :-

१. क्लेश जाति
२. कर्म जाति
३. विपाक जाति

यी तीनवटा मध्ये :-

१. क्लेश जाति भन्ने लोभ, द्वेष, मोह, दृष्टि, मान इत्यादि क्लेशधर्म उत्पन्न हुने, वृद्धि हुनेलाई भनिएको हो ।

२. कर्म जाति भनेको दुश्चरित्रकर्म उत्पन्न हुने, वृद्धि हुनेलाई भनिएको हो ।

३. विपाक जाति भनेको कायस्कन्धमा किसिम किसिमको रोगब्याधि उत्पन्न भएर आउने, दुःख वेदना उत्पन्न हुने, वृद्धि हुने, हीन नीच भवस्कन्ध उत्पन्न हुनेलाई विपाक जाति भनेका हुन् ।



Downloaded from http://dhamma.digital

ती तीनवटा जाति मध्ये क्लेश जातिको लोभ क्लेश अत्यन्त भयंकर छ। यो उत्पन्न हुने अवसर पायो भने बारुदको रासमा आगो खसे जस्तै रोकेर रोक्नै नसक्ने गरी उत्पन्न भएर आउन सकिन्छ। बढेर आउन पायो भने रोकेरै रोक्न नसक्ने गरी बढेर आउन सक्छन्। त्यसैले लोभको जातिबाट आर्य प्रज्ञावान्हरू अत्यन्तै भयभीत भैरहने भएको कारणले दुःख भनेका हुन्। द्वेष क्लेश, मोह क्लेश इत्यादि पन्ध्रसय क्लेशका जाति पनि यस्तै प्रकारका हुन्।

अत्यन्त घोर विषधारी सर्पहरूको बासस्थान भैरहेको बाल्मिक (धमेराहरूको माटोको रास)को नजिक जान डराइरहने जस्तै मनुष्यभव, मनुष्य स्कन्ध, देवभव, देवस्कन्ध, ब्रह्माभव, ब्रह्मास्कन्ध पनि सोहीं क्लेश जाति उत्पन्न हुने, स्थिर भैरहने स्थान भैराखेकोले मेरो काय, मेरो स्कन्ध भनी आर्यप्रज्ञावान्हरू अगाडि बढ्न नसकी डराएर त्रसित हुने भएकाले गर्दा साँच्चै नै दुःख जाति भैराखेको छ।

कर्म जातिमा पाणातिपात इत्यादि काय दुश्चरित्र, वची दुश्चरित्र, मनो दुश्चरित्र, खराब मिथ्याकर्मले क्लेशकर्मलाई मात्र बढाइरहने भयो। त्यसैले क्लेश जाति उत्पीडित होउञ्जेल समस्त दुश्चरित्र उत्पत्ति हुने भनेको कर्म जाति पनि उत्पीडित भएर आउने भएकोले त्यस कर्म जाति आर्य प्रज्ञावान्हरू अत्यन्त भयभीत हुनुपर्ने दुःख हुन्। चोर-डाँकाहरू बस्ने ग्रामको अगाडी जान, नजिक पुग्न भयपूर्ण (भयानक स्थिति) भए जस्तै नै मनुष्यभव, मनुष्य काय इत्यादि पनि सोही कर्म जाति उत्पन्न हुने स्थिति भैरहने स्थान भयो। मेरो शरीर, मेरो कायस्कन्ध भनेर आर्य प्रज्ञावान्हरू सँगै वा नजिक जाने साहश नगरी भयभीत भैरहने कारणले गर्दा दुःख जाति भयो।



Downloaded from http://dhamma.digital

विपाक जातिमा क्लेश जातिले, कर्म जातिबाट उत्पीडित गरिराख्ने भएकोले गर्दा अपाय दुर्गतिमा पतन हुने विनिपात विपाक जाति पनि भवसंसारमा सँधै उत्पीडित गरिराख्ने भयो ।

त्यसैले क्लेश जाति, कर्म जातिका साथै उक्त विपाक जाति नछुट्टिइकन रहेको(विद्यमान) मनुष्यभव, मनुष्य काय इत्यादि पनि साँच्चैको दु:ख जाति सत्य हुन् । सुचरित्र धर्म, सुगति धर्म भनेको क्लेश भयको आहार हुन् । क्लेशाग्निलाई वृद्धि गर्दै लाने हुन् । त्यसैले त्यो दुश्चरित्रको जाति सुगति भवको विपाक जाति क्लेश जातिभित्र परेका हुन् ।

(जाति दु:ख सिद्धियो)

जरा दु:ख र मरण दु:ख भनेको त्यही त्यही भवमा प्रतिसन्धि रहिसकेपछि यो बेला त्यो बेला भन्ने नै नहुने गरी जुनसुकै समय भएपनि, जुनसुकै क्षणमा भएपनि, बिग्रिनें अवस्था हुनासाथै बिग्रिएर जान, मृत्यु हुने अवस्था पुग्नासाथै मरेर जानलाई, अपाय दुर्गतिमा जाने अवस्था आउनासाथै अपाय दुर्गतिमा जानलाई सँधैं तयार भैरहने क्षणिक जरा, क्षणिक मरण नै भैराखेकोले माथि उल्लेख गरी आइसकेको विपरिणाम दु:ख अन्तर्गत भैसकेको छ । यो जरा दु:ख, मरण दु:ख, भवसँग नछुट्टिइकन सँधै संयुक्त भैराख्ने भएकोले मनुष्यभव, देवभव र ब्रह्मभव सबै दु:ख जाति सत्य हुन् ।

(जरा दु:ख, मरण दु:ख सिद्धियो ।)

शोक दु:ख, परिदेव दु:ख, कायिक दु:ख, चेतसिक दु:ख उपायास दु:ख भनेको मनुष्यभव, मनुष्यस्कन्ध र देवभव,



Downloaded from http://dhamma.digital

देवस्कन्ध उत्पन्न भए जतिको स्थानमा अवस्था हुनासाथै उत्पन्न हुन, चारैतर्फ घेरिराखेको भयो । नरकभूमि, प्रेतभूमि भन्ने मात्र शोकभूमि भयो । परिदेवभूमि, दु:खभूमि, दौर्मनस्य भूमि मात्र उपायासभूमि भयो ।

(शोकादि दु:ख पाँचवटा सिद्धियो । )

मन नपरेकाहरूसँग बसिरहनुपरेकालाई सत्त्वप्राणी वस्तु आरम्मणसँग हेरेर प्रस्तुत गरिरहनुपर्नेलाई अप्रिय संप्रयोग दु:ख भन्दछन् । सँधै सँगै बसिरहने इच्छा छ, हेरिरहन मनलाग्छ, छुट्टिएर बस्ने इच्छा नभए पनि ती पुद्‌गल सत्त्वप्राणीहरू वस्तु आरम्मणसँग मृत्यु भएर पृथक् भैरहनुपर्ने, बाँचिरहुञ्जेल पनि पृथग् भैरहनुपर्नेलाई प्रिय विप्रयोग दु:ख भन्दछन् । प्राप्त गर्न असाध्यै इच्छा लागेको, कोशिश गरेपनि प्राप्त नभएर बिग्रिएर विनाश भएर जानेलाई इच्छा विघात दु:ख भन्दछन् । यी दु:खहरू पनि लोकमा धेरै नै देखापरिराखेको भयो । त्यसैले मनुष्यभव, मनुष्यस्कन्ध; देवभव, देवस्कन्ध र ब्रह्माभव, ब्रह्मास्कन्ध सम्पूर्ण साँच्चै दु:ख मात्रै रहेछन् । यी एघारवटा दु:ख लक्षणहरू मध्ये जाति, जरा, मरण भन्ने तीनवटा दु:ख सबैभन्दा ठूलो दु:ख हुन् ।

(दु:ख लक्षण सिद्धियो )

# अनात्म लक्षण

अनात्म लक्षण भनेको रूपधर्म नामधर्मलाई अनात्म भनेर बुझ्नुपर्ने कुरोलाई भनिएको हो ।

सर्वप्रथम अनात्मा भनेको कुरामा आत्मा भन्ने शब्दको अर्थ बुझ्नुपर्ने आवश्यक छ । आत्मामा विश्वास गर्नेहरूले



Downloaded from http://dhamma.digital

आत्मा भनेको सत्त्वप्राणीको सारभूततत्त्व भनेर सम्भिःरहन्छन् । सारभूततत्त्व भनेको सत्यकथामा उल्लेख गरिसके अनुसार माटोको गाग्रो भन्ने कुरामा माटो भनेको गाग्रोको सारभूत भयो । गांग्रोको सारभूत भनेको, गाग्रो भनेको सण्ठान प्रज्ञप्तिको नाम हो । माटोको नाम हैन । सण्ठान प्रज्ञप्ति भनेको परमार्थ धर्म जस्तै सारभूत धातु होइन । माटो मात्र परमार्थ भएकोले सारधातु रहेको भयो । लोकमा गाग्रो भन्ने छ कि ? भनेर सोध्यौ भने प्रज्ञप्ति परमार्थ छुट्ट्याउन नजान्नेहरूले गाग्रो भन्ने छ भनेर भन्दछन् । गाग्रो भन्ने छ भने त्यस गाग्रोलाई एकचोटी देखाउनु भनेर सोध्नुपर्छ । त्यसबखतमा सँगै भएको माटोको गाग्रोलाई औंलाले देखाएर 'यो गाग्रो हैन र ?' भनेर देखाउँछन् । त्यसरी देखाउनु वास्तवमा गाग्रो हैन, माटोलाई गाग्रो भनेर सम्भिःराखेको भयो । सम्भेःको गलती भएको भयो । गल्ती यस प्रकार हुन् - माटो भनेको परमार्थ जाति भएकोले त्यसको सारतत्त्व भयो । गाग्रो भनेको प्रज्ञप्ति भएको कारणले सारतत्त्व रहेन । आकाश जस्तै केही नभएको खाली हुन गयो । पृथ्वीतत्त्वलाई गाग्रो भनेर सम्भिःराख्नु भनेको पृथ्वीतत्त्वलाई माटोको आत्मा भन्नुमा केही फरक भएन । सारतव भएको पृथ्वीतत्त्वलाई सारतत्त्व नभएको गाग्रोको आधार लिएको भयो । नभएको गाग्रो छँदै भएको गाग्रो भएर आयो । पृथ्वीतत्त्व गाग्रोको आत्मा हुन गयो । आत्मा साँचो (सत्य) भएको भए पृथ्वीतत्त्व नै गाग्रो, गाग्रो नै पृथ्वीतत्त्व भनी पृथ्वीतत्त्व र गाग्रो एउटै सम्भेःको भयो । यसरी दृष्टि फरक (पृथक्) हुन गएकोलाई दृष्टिभ्रम भन्दछन् ।

पञ्चस्कन्ध नामरूपधर्म पृथ्वीतत्त्व समान भयो । पुद्गलसत्त्व गाग्रो समान भयो । पृथ्वीतत्त्वलाई गाग्रो भन्दाखेरि पृथ्वीतत्त्व गाग्रोको आत्मा सम्भिःए जस्तै पञ्चस्कन्ध नामरूप



Downloaded from http://dhamma.digital

धर्मलाई पुद्गलसत्त्व भन्ने बेलामा नामरूपधर्म पुद्गल सत्त्वप्राणीको आत्मा हुन जाने भयो । पुद्गलसत्त्वको सारतत्त्व हुन गयो । यो भयो आत्मा भन्ने शब्दको अर्थमा दृष्टिभ्रम भैराखेको कुरा ।

## अनात्मा शब्दको अर्थ

माटोको गाग्रो भन्ने शब्दमा माटो भनेको अर्कै, गाग्रो भनेको अर्कै । माटो परमार्थतत्त्व हो । गाग्रोको आकार प्रज्ञप्ति भयो । त्यसकारण माटो भनेको गाग्रो होइन । गाग्रो भनेको माटो होइन । माटोलाई गाग्रो भन्यो भने गलत भयो । गाग्रोलाई माटो भने पनि गल्ति भयो । माटो भनेको गाग्रोको आत्मा होइन अनात्मा भयो । गाग्रो पनि सण्ठान प्रज्ञप्ति मात्र भएर आकाश प्रज्ञप्ति जस्तै खाली भैराखेको दृष्टान्त देखियो ।

त्यस्तै पञ्चस्कन्ध नामरूप भनेको अर्कै । पुद्गलसत्त्व भनेको अर्कै । पञ्चस्कन्ध नामरूप धर्म परमार्थ जाति हुन् । पुद्गल सत्त्वप्राणी सण्ठान प्रज्ञप्ति, सन्तति प्रज्ञप्ति भयो । त्यसैले नामधर्म रूपधर्म होइन । नामधर्म रूपधर्मलाई पुद्गलसत्त्व भन्यो भने गलत भयो । यसरी देख्न सकेको खण्डमा नामरूप धर्म पुद्गलसत्त्व प्राणीहरूको आत्मा होइन । अनात्मा भनेर बुझेर आउँछ । पुद्गलसत्त्व प्राणीहरू पनि सण्ठान प्रज्ञप्ति, सन्तति प्रज्ञप्ति मात्र भएर फुस्रो मात्र देखापरेको भयो । यो भयो अनात्माको अर्थ ।

अनात्म लक्षण भनेको माथि उल्लिखित अनित्य लक्षण पनि अनात्म लक्षण नै हुन् । माथि उल्लेख गरिसकेको दुःख लक्षण समूह पनि अनात्म लक्षण नै हुन् ।



Downloaded from http://dhamma.digital

मथि देखाएर आइसकेको अनित्य लक्षण कसरी अनात्म लक्षण हुन सकेको भने- पुद्गलसत्त्व प्रज्ञप्ति जाति भैरहेकोले जन्मभर नित्य भैराखेको छ भनेर पनि जन्मजन्मान्तर नित्य भैराखेको छ भनी सम्झिरहन्छन् ।

नामधर्ममा, रूपधर्ममा क्षणिक जरा, क्षणिक मरण अनित्य लक्षण छन् । त्यो जरामरणसँग दिनरातभित्रमा सयौं, हजारौंपटकभन्दा बढी पुरानो नाम र पुरानो रूप लोप भई बिलाएर जान्छन् । नयाँ नयाँ रूपहरू उत्पन्न भएर आउँछन् । यसरी हुनेलाई अन्यथाभाव अनित्य लक्षण भनेर भन्दछन् । जन्मभर त्यही एकैजना भनी सम्झिराखेको पुद्गलसँग त्यसरी विपरिणाम कृत्य अन्यथाभाव कृत्य हुँदैनन् । हुने भएं जन्मभरै उही एक्लो भैरहँदैनन् पुद्गलसत्त्व पनि दिनरातभित्रमा सयौंपटक, हजारौंपटकभन्दा बढी जीर्ण भएर जानुपर्ने हो । मृत्यु हुनुपर्ने हो । सयौं हजारौंपटक नयाँ नयाँ हुनुपर्ने हो । भव बद्लिने भनेको पनि हुनुपर्ने हो । त्यसो भने भएको(छैन) देखिँदैन । त्यसकारण नामरूपधर्ममा उक्त अनित्य लक्षणहरू प्रत्यक्ष देखापरिरहेकाले नामरूपधर्म पुद्गल सत्त्वप्राणीहरूको आत्मा होइन भनी राम्रोसँग बुझ्न सकिन्छ । यसरी 'असारकट्ठेनं अनत्ता' भन्ने पालि अनुसार अनित्य लक्षण नै अनात्म लक्षण हुन् ।

## दु:ख लक्षण :-

दु:ख लक्षण समूह कुन प्रकारले अनात्म लक्षण हुन्छ भने दु:ख लक्षण समूह भनेको खराब, (नराम्रो) हीन विपाक हुन् । पुद्गल सत्त्वप्राणीहरूमा आफूलाई असल हुने, हित हुने, राम्रो हुने मात्रै इच्छा हुन्छ । नामरूपधर्म समूह यदि पुद्गल



Downloaded from http://dhamma.digital

सत्त्वप्राणीहरूको आत्मा हो भने नामरूप र पुद्गलसत्त्व एउटै हुनुपर्ने हो । एउटै भैदिएको भए इच्छा पनि एउटै हुनुपर्ने हो । पुद्गलसत्त्वको इच्छा नै नामरूपको इच्छा, नामरूपको इच्छा नै पुद्गलको इच्छा हुनुपर्ने । त्यसो भने भएन । पुद्गलसत्त्वको अरु नै, नामरूपको इच्छा अर्कै । पुद्गलसत्वको इच्छा लोभ, छन्द । नामरूपको इच्छा हेतुअनुसार हुन्छ ।

पुद्गलसत्त्वको शरीर र मन सँधै सुख भैरहोस् भन्ने इच्छा ।

नामरूप भने सम्बन्धित कारण अनुसार परिवर्तन भएर जान्छन् ।

नामरूपको उत्पत्ति र विनाश हुने भनेको हेतुसँग मिलेर मात्रै उत्पत्ति र विनाश हुने रहेछ । हेतुधर्म विना केवल पुद्गलको इच्छाले मात्र हुन सकिँदैन । तातो चाहिएको खण्डमा तातो हुने हेतुलाई खोज्ने कोशिश गर्नुपर्छ । दीर्घायु हुने इच्छा गरकाले जीविका गर्ने आहार सेवन गर्नुपऱ्यो । केवल इच्छा गर्ने वित्तिकै दीर्घायु हुँदैनन् । सुगतिभवको इच्छा गरेकाले पुण्यकार्य गर्नेमा कोशिश गरिरहन्छन् । केवल इच्छा गर्ने वित्तिकै सुगतिभवमा पुग्न जान सकिँदैन । पहिलेको जन्ममा हेतुलाई खोजेर कोशिश गरेकाले यस जन्ममा त्यही हेतुअनुसार इच्छित स्थानमा उत्पन्न हुन जानेलाई नै आफ्नो शरीरलाई आफूले भनेजस्तो गर्न सकिन्छ भनेर दृष्टिभ्रामक अर्थात् मिथ्यादृष्टिक हुन गयो । पहिले पहिलेका दिनहरूमा आहार सेवन गर्ने हेतुलाई खोजेर कोशिश गरिराखेकोले पछि पछिका दिनहरूमा चार इर्यापथमा मजबूतसँग उभिरहनसक्नु र स्थिर भैरहनसक्नुलाई नै आफ्नो शरीरलाई आफूले भने जस्तो मनपरि तवरले बनाउन सकिन्छ भनेर दृष्टि, धारणामा भूल गरिराखेको भयो । पहिले



Downloaded from http://dhamma.digital

पहिले बनाइराखेको घर, भवन, आवास पाइराखेकोले पछि पछि सुखपूर्वक बस्न पाएकोलाई नै आफ्नो शरीर आफूले भने जस्तो छ भनेर सम्झिरहने दृष्टिभ्रम गरिरहेको भयो ।

संक्षिप्तले, लोकमा प्राणीहरूले नगरी नहुने ठूला साना कार्यहरू जति दुःखपूर्ण भनेर नियालेर विचार गरी हेरेको खण्डमा संस्कार दुःखको अनन्त, महान, अनगिन्ति अप्रमाण भैराखेकोलाई ज्ञानचक्षुद्वारा देख्न सकिन्छ । त्यो संस्कार दुःख अनन्त अप्रमाण भैराखेको पनि पञ्चस्कन्ध नामरूपधर्म सत्त्वप्राणीहरूको इच्छाअनुसार हुकूम दिनासाथै सिद्ध नहुने भएको कारणले आ-आफ्नो पञ्चस्कन्ध नामरूपलाई योग्यतानुसार आ-आफ्नो इच्छा भएतर्फ जान पाउनको लागि सिद्ध गरी लिने हेतुलाई बनाउनेतर्फ कोशिश गरिरहनुपर्ने भयो । यो मध्यम दुःखलक्षण तीनवटा मध्ये सङ्खार दुःखता भन्ने दुःख लक्षणलाई देखेर पञ्चस्कन्ध नामरूपहरू पुद्गल सत्त्वप्राणीहरूको बसमा छैन भन्ने राम्रोसँग स्पष्ट भएको छ । यो भयो आत्मा हैन भन्नुको अर्थ ।

त्यसपछि दुःख दुःखता, विपरिणम दुःखताको लागि त्यो आत्मा हैन भन्ने दृष्टान्त देखिएको कसरी भने जाति दुःख, जरा दुःख, मरण दुःख इत्यादिले गर्दा त्यो आत्मा हैन भन्ने दृष्टान्त देखापरेको रहेछ । यो दुःख लक्षण नै अनात्म लक्षण भैराखेकोलाई देखाइएको भयो ।

उक्त तीन लक्षणलाई छुट्टाछुट्टै देखेर जानी बुझी लिन सक्ने तीनवटा विपस्सना ज्ञानलाई तीरण परिञ्ञा भन्दछन् ।

## तीनवटा विपस्सना ज्ञान

१ अनित्य विपस्सना ज्ञान



Downloaded from http://dhamma.digital

२. दुःख विपस्सना ज्ञान

३. अनात्म विपस्सना ज्ञान ।

यी तीनवटामध्ये पहिले आत्मदृष्टिलाई छेदन गरी पहाण गर्नलाई अनात्म विपस्सना ज्ञानलाई राम्रोसँग देखेर जान्नुपर्दछ । अनात्म विपस्सना ज्ञान देख्नलाई अनित्य विपस्सना ज्ञान अत्यावश्यक छ । अनित्य विपस्सना ज्ञान भएको खण्डमा अनात्म विपस्सना ज्ञान प्राप्त गर्न सघाउ पुग्दछ ।

दुःख विपस्सना ज्ञान भनेको अनित्य विपस्सना ज्ञान हुनासाथै पूर्ण हुँदैनन् । लोकुत्तर मार्गको चारवटा श्रेणी भैराखेको कारणले दुःख विपस्सना ज्ञान पूर्ण नभएसम्म तृष्णा, अभिमानको शेष रहिरहने भयो । त्यसकारण आजकालको समयमा बौद्धहरू अपाय दुःखबाट सम्पूर्ण रूपले मुक्त हुन परमावश्यक भैरहेको छ । बुद्धशासनबाट बाहिर पऱ्यो भने अपाय दुःखबाट मुक्त हुने उपाय नै हुँदैन । अपाय दुःखबाट मुक्त हुनु भनेको दुश्चरित्र र मिथ्यादृष्टि केही मात्र पनि बाँकी नरहने गरी पहाण गर्नु हो । दुश्चरित्र र मिथ्यादृष्टिलाई हटाएर पठाउनु भनेको पनि आत्मदृष्टिलाई केही बाँकी नराखी निर्मूल पारिदिनु नै हो । त्यसैले बुद्धशासन प्राप्त भएको जन्ममा अनात्म विपस्सना ज्ञान राम्रोसँग प्राप्त गर्नको लागि अनित्य विपस्सना ज्ञानलाई धेरै महत्त्व दिएर ध्यानभावनामा कोशिश गर्दै जानुपर्ने आवश्यक छ ।

अनित्य विपस्सना ज्ञान प्राप्त हुनासाथै अनात्म विपस्सना ज्ञान सिद्ध गरेर लिन सकिन्छ भन्ने कुराको उदाहरण पालीमा यस प्रकार छन् :-

"अनिच्चसञ्ञिनो मेघिय अनत्तसञ्ञा सण्ठाति,

अनत्तसञ्ञिनो



Downloaded from http://dhamma.digital

अस्मिमानो समुग्घातं पापुणाति, दिट्ठेव धम्मे निब्बाणं।"

अर्थात् -

हे मेघिय भिक्षु ! अनित्य संज्ञा भैसकेकालाई, अनात्म संज्ञा स्वतः साक्षात्कार भएर आउँछ। अनात्म संज्ञा हुनासाथ पञ्चस्कन्ध नामरूपधर्मलाई म म भनी सम्झिरहने पहाण भएर जान्छ। यसै जन्ममा निर्वाण साक्षात्कार गर्न सकिन्छ। अनित्य लक्षण नै अनात्म लक्षण हुन जान सक्ने कुरा विस्तारपूर्वक माथि उल्लेख गरिसकेको छ।

विपस्सना भावना भनेको समथ भावना जस्तै प्रपञ्च नभएको एकान्त स्थान भए मात्रै परिपूर्ण हुन्छ भन्ने छैन। तर यसको लागि पारमिता ज्ञानै चाहिन्छ। पारमिता ज्ञान भयो भने धर्मश्रवण गर्दागर्दै नै विपस्सना भावना सिद्ध गरी लिन सकिन्छ। किनभने विपस्सना ज्ञान भएकाहरूलाई शरीर भित्र-बाहिर, घरको भित्र-बाहिर, गाउँको भित्र-बाहिर देखिए जतिकै अनित्य ज्ञान बढाउन सहायक हुन जान्छ।

पारमिता ज्ञान परिपक्व नभएकाहरूको लागि समथ भावना जस्तै नै विपस्सना भावना पनि विशेष रूपले कोशिश गरे मात्र सिद्ध गरेर लिन सकिन्छन्। कोशिश गर्नेमा पनि विपरिणाम अञ्ञथाभाव भनेको अनित्य लक्षणमा आँखा एकचोटी झिमिक्क गरुञ्जेल एक चुट्कीभित्रमा अनेक बार उत्पन्न हुन सक्ने क्षणिक अनित्य अभिधर्मको कुरा गर्ने बेलाको लागि मात्रै चाहिन्छ। विपस्सनाको लागि आफूले देखिराखेको सन्तति विपरिणाम, सन्तति अञ्ञथाभाव मात्रै प्रधान भयो।

सन्तति विपरिणाम भनेको लोकमा दृष्टान्त देखिएर स्पष्ट भै प्रकट भैरहेको परमार्थ जरा र परमार्थ मरण हुन्। अञ्ञथाभाव पनि त्यस्तै नै हुन्। विपस्सना भावना गर्नेमा पनि रूप समूहले चतुर्महाभूत मात्रै भए पुग्छ। चतुर्महाभूत रात-



Downloaded from http://dhamma.digital

दिनभित्रमा सयौंपटकभन्दा पनि बढी उत्पन्न भई विनष्ट भएर गइराखेकोलाई देख्न सकेको खण्डमा त्यसमा आधारित भैरहेको उपादानरूपको उत्पत्ति विनाश भई परिवर्तन भएर गएको पनि देख्न सकिने भयो । नामधर्मको समूहमा प्रमुख रूपमा चित्त मात्रै चाहिन्छ । चित्तको उत्पत्ति विनाश भई परिवर्तन भएर गएको देख्न सकेको खण्डमा चित्तको आधार लिइराखेको चैतसिक पनि उत्पन्न भई विनाश भएर जाने देख्न सकिन्छ । वेदना संज्ञा वा चेतना इत्यादि एउटा मात्रै भावना गरे पनि अनित्य लक्षण बुझ्न देख्न सजिलो हुनेछ । रूपधर्म समूहमा पनि वर्ण गन्ध इत्यादि भावना गर्‍यो भने त्यस्तै नै देख्न सकिन्छ । सारांशमा सत्त्व, पुद्गल, आत्मा, जीव, नित्य, सुख, विपल्लासलाई निर्मूल पार्नु नै मुख्य आवश्यक कार्य भयो । विपस्सना ज्ञान देख्न, बुझ्नको लागि चाहिने मुख्य तीनवटा लक्षण नै हुन् ।

तीनवटा लक्षणलाइं पनि लक्षण कथामा संक्षिप्तमा देखाइसकेको छ ।

तीरण परिञ्ञाको विस्तार सिद्धियो ।

# पहान परिञ्ञाको विस्तार

बुद्धधर्ममा मुख्यतः प्रहाण धर्म पाँचवटा छन् :-

१ तदङ्ग पहान
२. विक्खम्भन पहान
३. समुच्छेद पहान
४ पटिपस्सद्धि पहान
५ निस्सरण पहान



Downloaded from http://dhamma.digital

यी पाँचवटालाई स्पष्ट पार्नको निम्ति क्लेशको स्थिति भैराखेको भूमि भेद तीनवटालाई पनि देखाउन आवश्यक छ। भूमि भेद तीनवटा यसप्रकार छन् :-

१. अनुसय भूमि
२. परियुट्ठान भूमि
३. वीतिक्कम भूमि

उत्पत्ति, स्थिति भङ्ग हुने चैतसिकहरू उत्पन्न नभैकन चित्तसन्तानमा मात्र निरन्तर टाँसिइराख्नु, लुकिराख्नु, दबिएर रहनु, निदाइरहनु क्लेशका अनुसय स्थितिलाई अनुसय भूमि भन्दछन्।

६ वटा द्वार मध्ये एउटा द्वारमा क्लेश उत्पन्न हुनलाई प्रथमतः आरम्मण भेटिन्छन् अनि मनोद्वारभित्र दबिरहेको क्लेश उत्पन्न भएर आउने अवस्थालाई परियुट्ठान भूमि भनेर भन्दछन्।

क्लेश मनोद्वारमा मात्र नबसिकन शरीर र वचनद्वारा प्रयोग समेत गर्ने अवस्थालाई वीतिक्कम भूमि भन्दछन्।

आदि अन्त नभएको संसारमा सत्त्व एकजनाको चित्त मध्ये लोभचित्त एउटामा मात्रै तीनवटा भूमि छन्। त्यस्तै नै द्वेष चित्तमा पनि तीनवटा भूमि छन्। मोह क्लेश, दिट्ठि क्लेश, मान क्लेशमा पनि अलग अलग भूमि तीन तीनवटा छन्।

बुद्धधर्ममा शील, समाधि, प्रज्ञा भन्ने तीनवटा शिक्षा मध्ये प्रथम शिक्षा शीलबाट क्लेशको वीतिक्रम भूमि भन्ने तृतीय भूमिलाई मात्र हटाउन सकिन्छ। द्वितीय भूमि, प्रथम भूमि बाँकी रहने भएकोले शीलबाट हटाउने क्लेशहरू फेरि फेरि उत्पन्न भएर आउन सकिने भएको कारणले वीतिक्रम भूमिसम्म



Downloaded from http://dhamma.digital

फेरि उत्पन्न भएर आउन सकिने भयो । त्यसैले शीलबाट हटाएर पठाउनेलाई तदङ्ग पहाण भनी भन्दछन् । ती ती शीलबाट उक्त उक्त क्लेशको केही केही भाग मात्र हटाउन सकिन्छ भनिएको हो ।

प्रथम ध्यान, द्वितीय ध्यान इत्यादि ध्यान समाधि भनेको समाधि शिक्षाबाट शीलबाट हटाइएपछि बाँकी रहेका दुइवटा भूमि मध्ये परियुट्ठान भूमि भनेको द्वितीय भूमिलाई मात्र हटाउन सकिन्छ । अनुसय भूमि बाँकी रहेको कारणले ध्यान समापत्तिबाट हटाइएका क्लेशहरू पनि ध्यान बिरोधी क्लेशहरूसँग अभिमुख हुने बखतमा समाधिलाई समेत बिगारेर वीतिक्कम भूमिसम्मै उत्पन्न गरिदिन सकिन्छ । त्यसलाई विक्खम्भन प्रहाण भन्दछन् । ध्यान समाधिबाट (अप्पनाभावना) कुशल जाति भएर शीलभन्दा पनि प्रभावशाली भैराखेकोले भ्वाट्ट क्लेश उत्पन्न भई उपद्रव गर्न नसक्ने गरी परसम्म हटाइदिन्छन् ।

विपस्सना प्रज्ञा, लोकुत्तरमार्ग प्रज्ञा भनेको तृतीय शिक्षाबाट शील समाधिबाट हटाउन नसक्ने अनुसय भूमि भन्ने प्रथम भूमिलाई हटाइदिन सकिन्छ । यो प्रथम भूमिलाई हटाएर पठाउने भनेको केही बाँकी नरहने गरी हटाएर पठाउनेलाई भनिएको हो । उक्त प्रज्ञाबाट प्रथम भूमि अनुसय भूमिसम्मै निर्मूल गरिसकेका क्लेशहरू उक्त व्यक्तिसँग फेरि एकचोटी उत्पन्न हुने सम्भावना नै रहेन । यसप्रकार हटाइसकेकोलाई समुच्छेद प्रहाण भनेर भन्दछन् । जरैदेखि उखेलेर केही शेष नरहने गरी हटाएर पठाउनेमा नै लोकुत्तर फलबाट प्रज्ञाद्वारा अविरल बगिरहेको शक्तियुक्त हावासम्मै केही पनि बाँकी नरहने गरी फेरि एकचोटी शान्त पारि दिनेलाई पटिपस्सद्धि प्रहाण भन्दछन् । निर्वाणद्वारा हटाएर पठाउनेलाई निस्सरण प्रहाण



Downloaded from http://dhamma.digital

भन्दछन् । कायसँग केही सम्बन्ध नरहने गरी सम्पूर्ण रूपमा छुट्टिएर अलग भएर जानेलाई नै भनिएको हो । विपस्सना प्रज्ञा, मार्ग प्रज्ञा, फल प्रज्ञा भनेर तीनवटा भैराखेकोमा माथि देखाएर आइसकेको तीरण परिञ्ञाबाट अनुसय भूमिलाई हटाएर पठाए तापनि सम्पूर्ण रूपबाट हटाउन सकिएको छैन । मार्ग प्रज्ञाबाट मात्रै आ-आफ्नो प्रतिपक्षि क्लेशलाई केही अवशेष बाँकी नहुने गरी सबै नै हटाएर पठाउन सकिने भयो ।

स्रोतापत्तिमार्ग प्रज्ञाबाट दृष्टि र विचिकिच्छाको जरैसमेत केही शेष नरहने गरी हटाइ दिन्छन् । अपायगामी दुश्चरित्र र अपायभूमिलाई पनि त्यसमा फेरि एकचोटी उत्पन्न हुनलाई केही पनि शेष नरहने गरी हटाइदिन्छन् ।

सकृदागामिमार्ग प्रज्ञाबाट उक्त व्यक्तिसँग बाँकी रहेको अत्यन्त स्थूल कामराग, व्यापादलाई हटाएर सूक्ष्म पारिदिन्छन् ।

अनागामिमार्ग प्रज्ञाबाट उक्त व्यक्तिसँग बाँकी रहेको सूक्ष्म कामराग व्यापादलाई बाँकी नरहने गरी हटाइदिन्छन् । त्यो व्यक्तिको कामको लहरा चुँडिएर जान्छ । शुद्धावास भूमिमा जन्म लिन जान्छन् ।

अरहन्तमार्ग प्रज्ञाबाट उक्त व्यक्तिसँग बाँकी रहेको क्लेशलाई सम्पूर्ण रूपले हटाइदिन्छन् । त्यस व्यक्ति क्लेश शान्त भएका अरहन्त हुन जान्छन् । तीनवटा भवबाट मुक्त भएको हुन जान्छन् । बुद्ध शासनमा समुच्छेद प्रहाण नै मुख्य प्रहाण भयो ।

पहाण परिञ्ञा विस्तार सिद्धियो ।

परिञ्ञा कथा समाप्त ।



Downloaded from http://dhamma.digital

# विपस्सना कार्य

विपस्सना कर्मस्थान भावनामा लागेका व्यक्तिहरूले जान्नुपर्ने मुख्य कुरा यस प्रकार छ - तीनवटा विपस्सना ज्ञान मध्ये प्रथमतः अनित्य देख्न सकिने गरी भावना गर्नु अति आवश्यक छ । सिनेमा देखाउने बेलामा भित्तामा राखिराएको सेतो (पर्दा) कपडामा नाचगान गरिरहेकाहरू निरन्तर परिवर्तन हुँदै गैरहन्छन् । विचार गरी हेरेको खण्डमा देखिन्छ, पर्दामा परिरहेको फिल्मको छाँया एक मिनेट, एक सेकेण्डभित्रमा सयौं, हजारौं विपरिणाम अञ्ञथाभाव भएर गैरहन्छन् । देखेजत्तिको विपरिणाम अञ्ञथाभाव फिल्मको छाँया जम्मै अनित्य मात्रै हुन्, मरण मात्रै हुन् । धातुको मृत्यु मात्रै हुन् ।

त्यस फिल्मको छाँयामा गैरहेको, रोकिरहेको, बसिरहेको, सुतिरहेको, हातखुट्टा खुम्च्याइरहेको अवस्था यो, त्यो अङ्ग प्रत्यङ्ग भिन्न भिन्न तालले चलिराखेको, परिवर्तन भैराखेको अवस्थालाई राम्रोसँग विचार गरेर हेर्‍यो भने (उक्त फिल्मको छाँयामा) उक्त उक्त अवस्थामा धातु अनित्य हुँदै गैराखेको, मरण भएर गैराखेको कुरा प्रशस्त मात्रामा देखिन्छौं । गैराखेको बेलामा पाइलै पिच्छे धातुक अनित्य भएर गैराखेको, मरण भएर गैराखेको प्रशस्त मात्रामा देखिरहन्छौं । अरु बाँकी रहेको अवस्थामा पनि सोही प्रकारले भिन्दाभिन्दै रूपले अनित्य भएर, मरण भएर गैराखेको प्रशस्त रूपमा पाउँछौं ।

सिनेमाको उपमा जस्तै आ-आफ्नो कायस्कन्धमा पनि जुनसुकै बेलामा रूपधातु, नामधातु अनित्य हुँदै जाने, मरण हुँदै जाने पाउँछौं । सोही रूपमा शरीरभरि, टाउकोभरि पूर्ण रूपमा उक्त उक्त अङ्गप्रत्यङ्ग पनि पूर्ण रूपमा रूपधर्म नामधर्मको अनित्य विद्यमान रहेको छ । यसरी जुनसुकै समयमा पनि



Downloaded from http://dhamma.digital

जीउभरि पूर्ण रूपमा विद्यमान रहेको, अनित्य भैराखेको, मरण भैराखेकोलाई ज्ञानद्वारा बिचारपूर्वक हेर्न सकेको खण्डमा आ-आफ्नो कायस्कन्ध, काय अङ्गप्रत्यङ्ग एक मिनेट, एक सेकेण्डभित्र धैरै नै विनाश हुँदै नष्ट भएर गएको देखिन्छ, एक मिनेट, एक सेकेण्डभित्रमा कायस्कन्ध बारम्बार फेरिँदै गैराखेको खुट्टाको अङ्ग, हातको अङ्ग बारम्बार परिवर्तन भएर गैराखेको, कलेजोको अङ्ग, फोक्सोको अङ्ग बारम्बार परिवर्तन भएर फेरिँदै गइराखेको देख्दछौं ।

यसरी थाहा पाएको खण्डमा अनिच्चानुपस्सना कृत्य ठाउँमा पऱ्यो भनेर बुझ्नुपर्दछ । अनिच्चानुपस्सना कृत्य ठाउँमा पर्नासाथै अनत्तानुपस्सना कृत्य पनि ठाउँमै पर्ने भयो ।

ठाउँमा पऱ्यो भन्नुको मतलब जन्मभर दृढचित्त भैरहनेलाई भनिएको हो । मार्गज्ञान, फलज्ञान प्राप्त भयो भनेको होइन । मार्गज्ञान, फलज्ञान प्राप्त गर्नलाई इन्द्रिय पारमी परिपक्व भयो कि भएन भनेर हेर्नुपर्दछ । फेरि छिप्यो कि छिपेन ? चाँडो ढीलो आदि कुरालाई बुझ्न त बाँकी नै छ । मार्गज्ञान फलज्ञान प्राप्त हुने कुरा बुझ्नलाई साँच्चै भन्नुपऱ्यो भने असाध्यै कठीन छ ।

स्रोतापन्न भैरहेका व्यक्तिले आफूलाई आफैले म श्रोतापन्न भैसकें भनेर यथार्थ रूपमा बुझ्न गाह्रो हुन्छ । किनभने क्लेशको अनुसय अवस्था अत्यन्त गम्भीर भएकोले यसो भएको हो । क्लेशको अनुसय अवस्था गम्भीरभाव नजानेका योगी पुद्गलहरूले दिट्ठि विचिकिच्छा विक्खम्भन कृत्यबाट अलग भएर बस्दैमा श्रोतापन्न भयो भनेर सम्झिरहन सक्छन् । दिट्ठि विचिकिच्छा समुच्छेद कृत्यद्वारा अनुसयभूमि समेत बाँकी नरहने गरी निर्मूल भएर मात्रै साँच्चै श्रोतापन्न



Downloaded from http://dhamma.digital

हुन्छन् । विपस्सना योगी पुद्गलहरूले ठीकको सही रूपले बुझेर अनिच्चानुपस्सना ज्ञान प्राप्त हुनासाथ ठीक भयो भनी प्रसन्न भएर त्यस कार्यमा जन्मभर सँधै सँधै लाग्नुपर्दछ । अरहन्त भैसकेका पुद्गलहरू पनि चित्त सुखको निम्ति त्यस कार्यलाई छोड्दैनन् ।


योगी पुद्गलहरूले अनित्यको विषयमा जन्मभर छलफल गरिरहे भने प्रज्ञाज्ञान क्रमशः अभिवृद्धि हुँदै आएर यस जन्ममा मृत्युभन्दा पहिल्यै वा मृत्यु हुन लागेको बेलामा भए पनि पृथग्जनभूमि पृथग्जनगति नाघेर आर्यभूमि आर्यगतिमा पुग्न जान्छन् । यस जन्ममा आर्यगतिमा नपुगे पनि पछिल्लो जन्ममा देवलोकमा गई आर्यभूमि आर्यगतिमा पुग्न जान्छन् ।

विपस्सना दीपनी सिद्धियो ।



Downloaded from http://dhamma.digital

# सुगति कामना !



दिवंगत : नीलमुनि वज्राचार्य
जन्म : १९९५/११/१ सोमवाः
फाल्गुणशुक्ल द्वितीया
दिवंगत : २०५८/१२/१६
(११२२ चिल्लागाः पारु)



दिवंगत : दिव्यमुनि वज्राचार्य
जन्म : २०१९ आश्विन
दिवंगत : २०५८/१०/३/बुधवाः
(११२२ पोहेलाथ्व ३)

अनित्य संसारलाई त्याग गरी दिवंगत हुनु भएका नीलमुनि र दिव्यमुनिको सुगति कामना गर्दै धर्मदानस्वरूप यस पुस्तक प्रकाशित गरी प्रस्तुत गरेका छौं ।

प्रकाशक परिवार

Downloaded from http://dhamma.digital